# शिक्षकको पेशागत विकास तालिम कार्यान्वयनको अवस्था

त्रिभुवन विश्वविद्यालय, स्नातककोत्तर तह एम.एड.द्धितीय वर्ष

पाठ्यक्रम तथा मूल्याङ्कन विषय अन्तर्गत (**Ed 598**)को

आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका

लागि प्रस्तुत

## शोध पत्र


शोधार्थी

गंगाबहादुर तामाङ्ग

परीक्षा क्रमाङ्क : २१४००२१ (२०६६)

त्रि.वि.दर्ता नं. : २२२४०-९२

शैक्षिक वर्ष : २०६४/०६५



सुकुना बहूमुखी क्याम्पस

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

कोशीहरैंचा, मोरङ्ग

२०७२



शिक्षकको पेशागत विकास तालिम कार्यान्वयनको अवस्था

गंगाबहादुर तामाङ्ग

२०७२

# शोध सार

गुणस्तरीय शिक्षामा प्रत्यक्ष रूपले प्रभाव पार्ने प्रमुख पक्षका रूपमा शिक्षक रहन्छन् । शिक्षण कार्यको प्रभावकारी कार्यान्वयन गरी पाठ्यक्रमले तोकेका सिकाइउपलब्धिहरू विद्यार्थीहरूमा हाँसिल गराउनुका साथै उपयुक्त शिक्षण विधि प्रविधिसाथै सामग्रीको प्रयोग गर्ने र सिकाइलाई नतिजामुखि बनाउने कार्य शिक्षकका प्रमुख पेसागत कर्तव्य हो, जसका लागि शिक्षकहरूलाई समयानुकुल पेसागत तालिमहरूको खाँचो अपरिहार्य हुन्छ । त्यसैले यो शोध अध्ययन नेपालको सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूको पेसागत क्षमता र दक्षता विकास र सवलिकृत पार्न साथै विद्यालयको शैक्षिक स्तर सुधार गर्न सहयोग पुऱ्याउने शिक्षकको पेसागत विकास (टिपिडी) तालिम र सोको कार्यान्वयनको वर्तमान अवस्था, प्रभावकारिता, तालिम सञ्चालनमा देखापरेका समस्याहरू र समाधानका उपायहरू पहिचान शीर्षकमा केन्द्रित भइ गरिएको छ ।

यो शिक्षकको पेसागत विकास तालिम विद्यालय क्षेत्र सुधार कार्यक्रम ( SSRP ) ले वर्तमान विद्यालय शिक्षक तालिमहरूमा गुणात्मक तालिमको रूपमा०६६/०६७ देखि सुरु गरी ०७०/०७१ सम्ममा तालिमको पहूच सबै शिक्षकहरूमा पुऱ्याई तालिम प्राप्त शिक्षकको पहूच र च
आधार सुनिश्चित गर्ने मूल लक्ष्य राखि प्रस्तव गरिएको पाइन्छ ।

यसै नीति र लक्ष्य अनरूप सामुदायिक विद्यलयमा सञ्चालित टिपिडी तालिमको कार्यान्वयनको वर्तमान अवस्थाअध्ययन गर्ने मूल लक्ष्य राखी अध्ययन क्षेत्रको रूपमा धनकुटा जिल्लाको चुलाचुली श्रोतकेन्द्र छनोट गरी अध्ययन गर्दा यस श्रोतकेन्द्र अर्न्तगतका २३ वटाविद्यालयका १६८ जना कार्यरत शिक्षक मध्ये ७६ जना (४५.२३%) ले तालिम पुरा गरीसकेका र अन्य ९२ जना (५४.७६%)बाँकि रहेका साथै नमूना विद्यालयको रूपमा छनौट गरिएका४ वटा विद्यालयका शिक्षकहरूको तालिम सहभागिताको स्थिति अध्ययन गर्दा जम्मा ३० जना शिक्षकहरू कार्यरत रहेका जसमध्ये २० जना ( ६६% ) ले तालिम पूरा गरेको र अन्य १० जना ( ३४%) ले अझै तालिम पूरागर्न बाँकि नै रहेको स्थिति देखिन्छ । ०७०/०७१ सम्ममा तालिमको पहूचसबै शिक्षकहरूमा पुऱ्याई सक्ने लक्ष्य राखि कार्यान्वयन गरिएको यो तालिम भए पनि अध्ययन क्षेत्र च
अझै तालिम पुरागर्न ४५.७६% शिक्षकह बाँकि रहेका र यस तथ्याङ्कले टिपिडी तालिमको निर्धारित लक्ष्यअनुरूप पुराहुन नसकेको स्थितिदेखियो ।

यस्तै तालिमले विद्यालयको सिकाइ उपलब्धि सुधारमा पारेको प्रभावको स्थिति हेर्दा अध्ययन क्षेत्रका लागि छनौट गरिएका विद्यालयको ०६९-०७१ सम्म तीनवर्षको नतिजाको

तुलनात्मक विश्लेषण गर्दा श्री तिलेश्वर मा.वि.को ४६% बाट ५७%, श्री दामेदर मा.वि.को ४५% बाट ४९%, श्री शारदा नि.मा.वि.को ४४% बाट४९%, र श्री मार्गेश्वरी प्रा.वि.को ५१% रहेको नतिजा ५३% सम्म वृद्धि भएको र यसले हरेक विद्यालयको सिकाइ उपलब्धि सुधारमा तालिमको प्रभाव सकारात्मकहुन सक्ने स्थिति देखियो ।

यस तालिमको सुन्दर पक्षका रूपमा टिपिडी तालिमले शिक्षकहरूलाई TIP निर्माण, सोको आधारमा दैनिक पाठनोट र विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलाप गर्ने, शैक्षिक सामग्रीको प्रयोगमा जोड दिने, परियोजना कार्यमार्फत कार्यमुलक अनुसन्धान, घटना अध्ययन गर्ने, नतिजा विश्लेषण गर्ने जस्ता धरै राम्रा आधारभूत ज्ञानतालिमले सिकाएको भए पनि तालिमको नीति योजना निर्माता देखि कार्यान्वयन तहसम्मका प्रक्रियाहरूविच तालमेल र एकरूपता नपाइएको, तालिम सञ्चालक र कार्यान्वयनकर्ताहरूको कार्यशैलि जिम्मेवारपूर्ण र सन्तोषजनक नभएको, सहभागिहरूमा पनि प्रतिवद्धताको अभाव रहेको, शिक्षकहरूमा सकारात्मक मनोवृत्ति र उत्प्रेरण जागृत गर्न खासै नसकिएको, सरोकारवाला व्याक्ति र निकायहरूले टिपिडी तालिमको वास्तविक तरिकाले विद्यालयमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न केहि प्रयासहरू गरिएको भए पनि सो सैद्धान्तिक र प्रक्रिया पुरागर्ने कार्यमा मात्र केन्द्रित रहेको जस्ता धेरै समस्या र चुनौतिहरू तालिम सञ्चालन तथा कार्यान्वयनको क्षेत्रमा रहेका र तिनको सफल प्रयोगमा सबैपक्षहरू चुकेको, जसका कारण शिक्षकहरूले वर्तमानसम्म आईपुग्दा धेरै प्रकृतिका  तालिम प्राप्तगरी सके पनि जुन जोगी आएपनि कानै चिरिएको भने झै दोष र आलोचनाहरू खेप्नु परिरहेको अवस्था रहेकोले सोतर्फ सबै शिक्षक सरोकारवालाहरू चनाखो साथै सजग हुनुपर्ने र तालिमका ज्ञान सीपलाई वुद्धिम्तापूर्वक कक्षाकोठामा प्रयोग गरी अब्वल सफलता र उपलब्धि हाँसिल गर्दै तालिमलाई परिणाम र नतिजामुखि बनाउन सबैपक्ष जिम्मेवारहुनुपर्ने अहिलेको टड्कारो आवश्यक्ता रहेको अध्ययनको ठहर रहेको छ ।

# कृतज्ञता ज्ञापन

शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था शीर्षकमातयार गरिएको यो शोधपत्र विद्यालयमा कार्यरत आम शिक्षकहरूको पेसागत क्षमता वृत्तिविकास र शिक्षण सिकाइमा आमूल सुधार साथै सिकाइ उपलब्धि अभिवृद्धि गर्ने मुलभूत मान्यतका साथ वर्तमानको गुणात्मक, परिष्कृत र अति नै उपयोगि समसामुहिक तालिमको रूपमा सिफारिस गरिएको टिपिडी तालिममा केन्द्रित रहेको र यस तालिमको कार्यान्वयनको अवस्था, प्रभाव, कठिनाई वा अप्ठ्याराहरूको स्थिति सन्दर्भमा अध्ययन अनुसन्धान गरी सत्य तथ्य वास्तविकता पत्तालगाई उजागर गर्न आवश्यक र सान्दर्भिक ठानि यो शीर्षक चयन गरेको छु ।

प्रस्तुत शोधपत्र तयारीको क्रममा शोध निर्देशक श्री वेगबहादुर काफ्ले ज्यूको शैक्षिक निर्देशनमा यो शोधपत्र तयार गर्न पाउदा आफुलाई गौरवान्दित ठानेको छु । आफ्ना कार्यव्यस्तताका बावजुद् पनि नियमित रूपमा सरसल्लाह, सुझाव तथा अमूल्य सहयोगका साथै रचनात्मक सुझावहरू समेत दिनु भइ मेरो यस शोधपत्रलाई पूर्ण आकार दिन सहयोग पुऱ्याउनु भएकोमा वहाँलाई हार्दिक आभार प्रकट गर्दछु । यस कार्यमा आवश्यक निर्देशन, सल्लाह सुझाव दिनुहुने सुकुना वहुमुखी क्याम्पस पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागिय प्रमुख  श्री केशवराज भट्टराई तथा यस क्याम्पसका क्याम्पस प्रमुख श्री पीतकुमार श्रेष्ठ एवं सम्पूर्ण गुरुहरू प्रति धन्यवाद दिदै उहाँहरूको अविस्मरणीय योगदानको उच्च कदर एवं सम्मान गर्दछु ।

मेरो यो शोधपत्र तयारीको लागि अनुसन्धानको क्रममा सत्य तथ्य सूचना एवं तथ्याङ्क उपलव्ध गराउनु हुने अध्ययन क्षेत्रका प्रधानाध्यापक, शिक्षक ,वि.व्य.स.अध्यक्ष, स्रोतव्यक्ति र अभिभावक ज्यूहरू, विद्यार्थी भाइबहिनीहरू एवं प्रत्यक्ष र  अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने साथीहरू साथै हस्तलिखित शोधपत्रलाई मूर्तरूप दिन टङ्कन गर्न सहयोग पुऱ्याउनु हुने टिना कम्प्युटरलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

मिति २०७२/ ११ /२ गंगाबहादुर तामाङ्ग

# बिषय सूचि

**पेज नं.**


*घोषणा पत्र* ख

*सिफारिस पत्र* ग

*स्विकृति पत्र* घ

*शोधसार* ङ

*कृतज्ञता* ज

*तालिका सूची* ठ

*सङ्क्षिप्त शब्दको पूरा रूप* ड

परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ६

१.३ अध्ययनको औचित्य ७

१.४ अध्ययनको उद्देश्य ८

१.५ अनुसन्धानात्मक प्रश्नहरू ९

१.६ अध्ययनको परिसीमा १०

१.७ सम्बन्धित शब्दावलीको परिभाष १०

परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १३

२.२ अध्ययनको सैद्धान्तिक खाका १८

२.३ पुनरावलोकनको उपादेयता २१

## परिच्छेद तीन : अध्ययन विधि


३.१ अनुसन्धानात्मक ढाँचा २२

३.२ जनसंख्या २२

३.३ नमुना छनौट विधि तथा नमुनाको आकार २२

३.४ नमुना छनौटको आधार २३

३.५ अनुसन्धान साधानहरू २४

३.६ तथ्याङ्कको स्रोतहरू २४

३.६.१ प्राथमिक स्रोत २५

३.६.२ द्वितीय स्रोतहरू २५

३.७ तथ्याङ्क संकलन प्रक्रिया २५

३.८ तथ्याङ्क विश्लेषण पक्रिया २५


## परिच्छेद चार : सूचनाको व्याख्या तथा विश्लेषण


४.१ शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था २६

४.१.१ शिक्षकको पेसागत विकास तालिम सम्बन्धि तथ्याङ्कगत विवरण २६

४.१.२ अध्ययनका लागि छनौट गरिएका विद्यालयको टिपिडी तालिमको अवस्था २८

४.२ शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था सम्बन्धि दृष्टिकोण २९

४.२.१ स्रोतव्यक्तिको टिपिडी तालिम कार्यान्वयन सम्बन्धि दृष्टिकोण २९

४.२.२ प्र.अ.हरूद्वारा टिपिडी तालिम कार्यान्वयन सम्बन्धि प्रस्तुत धारणा ३०

४.२.३ शिक्षकहरूद्वारा टिपिडी तालिम कार्यान्वयन सम्बन्धि प्रस्तुत विचारहरू ३३

४.२.४ वि.व्य.स.अध्यक्षहरूको टिपिडी तालिम कार्यान्वयन सम्बन्धि दृष्टिकोण ३६

४.२.५ अभिभाक तथा विद्यार्थीहरूको टिपिडी तालिम कार्यान्वयन सम्बन्धि धारणा ३९

४.३ शिक्षकको पेसागत विकास तालिमले शिक्षणमा पारेको प्रभाव ४१

४.४ शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनमा देखापरेका समस्याहरू ४८

४.५ टिपिडीलाई प्रभावकारी बनाउने उपायहरू ५१

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ : प्राप्ति ५४

५.२ निष्कर्ष ५६

५.३ सुझावहरू ५९

५.३.१ नीतिगत तह ५९

५.३.२ कार्यान्वयन तह ६०

५.३.३ अनुसन्धान तह ६२

## सन्दर्भसूची

## अनुसूची

# तालिका सूचि


तालिका : १  अध्ययनका लागि छनौट गरिएका नमुना जनसङ्ख्याको विवरण  २३

तालिका : २  स्रोतकेन्द्रगत शिक्षकहरूको टिपिडी सहभागिता विवरण  २७

तालिका : ३  अध्ययनका लागि छनौट गरिएका विद्यालयको टिपिडी तालिमको विवरण २८

तालिका : ४  श्री तिलेश्वर मा.वि. को वार्षिक औसत सिकाइ उपलब्धि विवरण  ४४

तालिका : ५  श्री दामोदर मा.वि. को वार्षिक औसत सिकाइ उपलब्धि विवरण  ४५

तालिका : ६  श्री शारदा नि.मा.वि. को वार्षिक औसत सिकाइ उपलब्धि विवरण  ४६

तालिका : ७श्री मार्गेश्वरी प्रा.वि. को वार्षिक औसत सिकाइ उपलब्धि विवरण  ४७

# संक्षिप्त शब्दावली

| | | |
|---|---|---|
| टि.पि.डी | .= | टिचरर्स प्रोफेसनल डिभलपमेन्ट |
| एस.एस.आर.पि. | = | विद्यालय क्षेत्र सुधार कार्यक्रम |
| टि.आइ.पि. | = | शिक्षण सुधार योजना |
| शै.ज.वि.के. | = | शैक्षिक जनशक्ति विकास केन्द्र |
| शै.ता.के | = | शैक्षिक तालिम केन्द्र |
| जि.शि.का. | = | जिल्ला शिक्षा कार्यालय |
| क्षे.शि.नि. | = | क्षेत्रिय शिक्षा निर्देशनालय |
| वि.व्य.स. | = | विद्यालय व्यवस्थापन समिति |
| रा.शि.प. | = | राष्ट्रिय शिक्षा पद्धति |
| प्रा.वि. | = | प्राथमिक विद्यालय |
| नि.मा.वि. | = | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | = | माध्यमिक विद्यालय |
| प्र.अ. | = | प्रधानाध्यापक |
| गा.वि.स. | = | गाँउ विकास समिति |
| वि.नि. | = | विद्यालय निरिक्षक |
| वि.एड. | = | Bachelor of education |
| एम.एड. | = | Masters of education |

## घोषणा (प्रतिबद्धता)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस कोसीहरैचा मोरङको पाठ्यक्रम मूल्याङ्कन तथा अनुसन्धान विभाग अन्तर्गत एम. एड. दोस्रो वर्ष Course No. Ed. 598 को आंशिक आवश्यकता पूरा गर्नका निम्ति **"शिक्षकको पेशागत विकास तालिम कार्यान्वयनको अवस्था"**नामक शोधपत्र तयार गरेको छु । यो शोधपत्र मेरो शैक्षिक आवश्यकता पूरा गर्ने प्रयोजनमा मात्र प्रयोग गर्नेछु । यो शोधपत्रलाई अन्यत्र कुनै कार्यमा प्रयोग नगर्ने प्रतिबद्धता जाहेर गर्दछु ।


शोधार्थी
गंगाबहादुर तामाङ्ग
एम. एड., द्वित्तीय वर्ष

# परिच्छेद एकः परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानव जीवनको अपरिहार्य आधारभूत तत्व हो । विद्यालय शिक्षालाई उपलब्धिपूर्ण र गुणस्तरिय बनाउन हरेक शिक्षक र उसको प्रभावकारी शिक्षणको ठूलो भूमिका रहन्छ । शिक्षा र शिक्षणकार्यलाई सार्थक र वास्तविक सावित गर्न शिक्षकमा बिषयवसस्तुको ज्ञान, धारणा, क्षमता तथा विज्ञता भएर मात्र पुग्दैन । उसमा कुशल शिक्षण सीप र कैशलता हुनु पनि उत्तिकै जरुरी छ ।सोको लागि हरेक शिक्षक तालिम प्राप्त हुन आवश्यक छ । समयको गतिशिलतासंगै समाज परिवर्तित र जटिल बन्दैगईरहेको अवस्था छ । झनै विज्ञान र प्रविधिको विकास तथा प्रयोगले मानव जीवनलाई धेरै हद्सम्म सरल र सम्वृद्ध सावित गरेतापनि यसले शिक्षा र शिक्षण कार्यमा थपचुनौति र जटिलता समेत स्थापित गरेको छ । यस्तो जटिलतासंग समायोजित भई समयानुकुल प्रभावकारी शिक्षण गर्न शिक्षकहरूका लागि विभिन्न किसिमका शिक्षक तालिमहरूको व्यवस्था गरि रहनु पर्ने खाँचो देखिन्छ ।

यस्तै, शिक्षा र शिक्षण कार्यलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड अनुकुल जनमुखी र उपयोगी बनाउने उद्देश्य अनुरूप राष्ट्रिय पाठ्यक्रममा निरन्तर समयसापेक्ष परिमार्जन गरिदै आईरहेको यथार्थत हामीसामु जगजाहेनै छ । यसरी समयको बिकासक्रमसंगै बिभिन्न प्रारूप र ढाँचामा बिकास गरिएको शैक्षिक कार्यक्रमका उद्देश्य, नीति र योजनाहरू जतिसुकै राम्रा र सार्थक भएता पनि तिनको प्रयोगक्षेत्र र कार्यान्वयनकर्ता विद्यालय र शिक्षकहरू नै हुन् । शिक्षाको लक्ष्य र पाठ्यक्रमको भावनाअनुरूप प्रतिफल हाँसिल गर्न शिक्षकहरूमा रहेका योज्ञता, क्षमता र कौशलतालाई समयानुकुल नविकण, अध्यवधिकरण एवं सवलिकरण गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिवर्तन ल्याई विद्यार्थीको सिकाइ स्तरमा स्पष्ट सुधार ल्याउनु सफल शिक्षक र शिक्षाप्रणालीको अनिवार्य सर्तपनि हो । सो कार्यका लागि शिक्षकहरूलाई आवश्यक्ता अनुसार पेसागत सीप तथा क्षमता वृद्धि विकास सम्बन्धि शिक्षक तालिमको अवसर सृजना गरि तालिम योग्य र सक्षम शिक्षक बनाउन अनिवार्य देखिन्छ (शै.ज.वि.के.,२०६६) ।

शिक्षकहरूले हाल गरिहेको वा भविश्यमा पनि गरिरहने शिक्षणकार्यलाई प्रभावकारी ढँगले सञ्चालन गर्नका लागि आवश्यक पर्ने ज्ञान, सीप र धारणा विकास गर्ने प्रक्रियालाई निरन्तरता दिईरहनु पर्ने  हुन्छ, किनकी शिक्षण एक चुनौतिपूण र प्राविधिक कार्यपनि भएकोले हरेक शिक्षकलाई

समयानूकुल तालिमको दिई रहनु पर्ने र तालिमको माध्यमद्वारा उनीहरूको ज्ञान बढाउने, सीप सिकाउने र धारणा परिवर्तन गराउने जस्ता कार्यगर्नु सान्दर्भिक हुन्छ । त्यस्तै हरेक शिक्षकले अध्यनशिल, कर्तव्यनिष्ट भई शैक्षिक समस्याहरूप्रति संवेदनसिल बनि अब्वल सक्षमता हाँसिल गर्ने दिसातर्फ सदा क्रियासिल रहनु पर्ने र यसका लागि शिक्षकलाई समयसापेक्ष शिक्षक तालिमको प्रबन्ध गरी त्यस्ता तालिममा सबै शिक्षकहरूलाई सहभागि गराई शिक्षक तालिमको माध्यमद्वारा उनिहरूको वैयक्तिक उन्नति, वृत्तिविकास, कार्यशैलिमा प्रभावकारिता, मनोवल वृद्धि र पेसागत सक्षमता हाँसिल गराउनु पर्ने आवश्यक्ता विश्वव्यापि मान्यताको रूपमा चलिआएको अवस्था देखिन्छ ।

तालिम भन्नाले बिभिन्न बिषयसंग सम्बन्धित रहि गरिने छलफल र अन्तरक्रियात्मक कार्यशाला हो अर्थात व्यवस्थित रूपले दिइने सीपमुलक शिक्षा हो । त्यसैले शिक्षण सिकाइ लाई प्रभावकारी बनाउनका लागि शिक्षकको ज्ञान, सीप र प्रवृत्तिमा परिवर्तन, प्रवर्द्धन गरि शिक्षकको क्षमतामा बृद्धि गर्ने र शिक्षकको कार्यक्षमतामा बृद्धि एवं सुधार गर्ने कार्य तालिमका रूपमा लिने गरिएको छ (शै.ज.वि.के.,२०७०) । तसर्थ, शिक्षण पेशाका लागि पेशागत दक्षता अपरिहार्य आवश्यकता मानिन्छ । शिक्षकका लागि पेशागत दक्षता बृद्धि गर्न र सफल शिक्षक बन्न तालिमले ठूलो सहयोग गर्दछ । तालिमबाट प्राप्त ज्ञान, सीप र क्षमतालाई परिस्कृत र पुर्नताजगी गरि पेशागत कार्यमा निपुर्णता ल्याउन, शिक्षण सिकाइ कार्य सरल र प्रभावकारी बनाउन, पेशागत दक्षता बृद्धि गर्न, सिकाइका उद्देश्यहरू पूरा गर्न द्रुत गतिमा भइरहेको अन्वेक्षण शैक्षणिक विधि र प्रविधिसंग परिचित गराउन र बालमनोविज्ञानको प्रयोग गर्न, शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्ने सीप विकास गर्न, विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कनका प्रभावकारी तरिकाहरू तथा शिक्षणमा आधुनिक एवं वैज्ञानिक प्रविधिहरू अपनाउन शिक्षक तालिमबाट प्राप्त ज्ञान, सीपले महत्वपूर्ण सहयोग पुऱ्याउदछ । अतः शिक्षकको पेशागत विकासका लागि निरन्तर रूपमा समायानुकुल शिक्षक तालिमको अवसरहरू सृजना गरि शिक्षकलाई सहभागि गराउनु पर्ने आवश्यक्ता रहेको देखिन्छ ।

नेपालमा शिक्षक विकास तथा तालिमको ऐतिहासिक विकासक्रमको चर्चा गर्दा विगत साढे छदशक अघि प्रारम्भ भई विभिन्न प्रकृतिका शिक्षक तालिमहरू निरन्तर रूपमा सञ्चालन हुदै आएको पाइन्छ । हुनत नेपालमा औपचारिक शिक्षाको शुरुवात वि.सं. १९१० मा दरवार स्कुलको स्थापना पश्चात भएता पनि सो पूर्व गुरुकुल शिक्षा, वौद्ध शिक्षा,

लिच्छिवीकालिन शिक्षा र मल्लकालिन शिक्षा आदि प्रचलनमा थिए । वि.सं.२००७ सालमा प्रजातन्त्रको स्थापना हुनु अघि राणाकालिन अवधिमा वि.सं.१९९६ मा त्रिचन्द्र कलेज र केहि अन्य विद्यालयहरू स्थापना बाहेक खासै शिक्षामा उल्लेखनिय कार्य भएको पाइदैन । वि.सं.२००७ साल पछि नेपालमा विद्यालयहरू खोल्ने कमको तिव्रता संगै शिक्षक तालिमको सन्दर्भमा पनि केहि प्रयासहरू भएको पाइन्छ । जस अनुरूप वि.सं.२००४ सालमा स्थापित आधार शिक्षा अन्तर्गत आधार शिक्षक प्रशिक्षण केन्द्रबाट नेपालमा शिक्षक तालिमको प्रारम्भ भएको पाइन्छ । वि.सं.२००७ सालको परिवर्तन पछि आधार शिक्षा अन्तर्गतका विद्यालयहरू बन्द भए र यो केन्द्र स्वत निष्कृय रहेको पाइन्छ । वि.सं.२०१३ सालमा आधार शिक्षक प्रशिक्षण केन्द्रलाई नेपाल शिक्षक शिक्षणकेन्द्रमा परिणत गरि प्रवेशिका उत्तीर्ण अनुभवि शिक्षकलाई ३ महिने सघन तालिम दिने व्यवस्था गरियो । यसै गरि ने.रा.शि.यो.२०११ को सिफारिसमा वि.सं.२०१४ मा College of education को स्थापनापछि पूर्वसेवाकालिन र सेवाकालिन शिक्षक तालिम संचलन भएको पाईन्छ । यसमा स्नातक उत्तीर्ण गर्न एक वर्षे, इन्टरमिडियट उत्तीर्ण गर्न दुई वर्षे, र एस्.एल.सी. उत्तीर्णका चारवर्षे कार्यक्रम संचालन गरियो । यसद्वारा शिक्षक प्रशिक्षणका लागि घुम्ति तालिमकेन्द्र, नर्मल स्कुल तालिम, शिक्षक शिक्षा तालिम व्यवसायिक प्रशिक्षण, दुर्गम क्षेत्र शिक्षक तालिम र महिला तालिम जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको पाइन्छ(पा.वि.के.,२०७०)।

वि.सं.२०२८ सालदेखि प्रारम्भ भएको राष्ट्रिय शिक्षा पद्धति योजनाले शिक्षक तालिमलाई झनै औपचारिक र शिक्षक हुन तालिम अनिवार्य बनायो । नेपालमा प्रथम पटक शिक्षण पेशाका लागि प्राज्ञिक योग्यता र पेशागत योग्यता निर्धारण गरियो । जसमा प्रा. वि. शिक्षकका लागि यस.एल.सी., नि.मा. शिक्षकका लागि प्रविणता प्रमाणपत्र तह र मा. वि. शिक्षकका लागि स्नातक तह न्यूनतम योग्यता निर्धारण गरियो । यी दुबै योग्यता प्राप्त व्यक्ति मात्र योग्य शिक्षक बन्न सक्ने नीति अवलम्वन गरियो । विद्यालय तहका लागि तोकिएको प्राज्ञिक योग्यता साथै १० महिने तथा १ वर्षे पेशागत योग्यता अनिवार्य हुने व्यवस्था गरियो । तत्कालिन नीतिका बावजुत पनि योग्यता प्राप्त उमेद्वारलाई मात्र पूर्णरूपले शिक्षणमा भर्ना गर्न नसकिएको र पेशागत योग्यता विहिन सेवारत शिक्षकलाई पनि अवकास दिन सकिने अवस्था पनि नरहेको पाइन्छ । यस्तै शिक्षक विकासको अभियानलाई निरन्तरता प्रदान गर्ने कमस्वरूप सन् १९८० देखि सेती परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, रेडियो शिक्षा शिक्षक तालिम, विज्ञान शिक्षा परियोजना जस्ता कार्यक्रमहरू सञ्चालन गरियो । जसअन्तर्गत १० दिने देखि २.५ महिनासम्माको शिक्षक तालिम सञ्चालन गरि तत्कालिन अवस्थामा अधिकाशं सेवारत शिक्षकहरू पेशागत योग्यता

विहिन रहेकाले आधारभूत शिक्षण सीप प्रदान गरि शिक्षण सिकाइ कार्यक्रमको न्युनतम गुणस्तर कायम गर्ने नीति अनुरूप उपरोक्त तालिम सञ्चालन गरिएको थियो (शै.ज.वि.के.,२०७०) ।

त्यस्तै सन् १९९२ देखि शुरुवात भएको प्राथमिक शिक्षा विकास परियोजनाले प्राथमिक तहका र माध्यमिक शिक्षा परियोजनाले माध्यमिक तहका लागि १० महिने शिक्षक तालिमको आवश्यक्तालाई पुनरावृत्ति गरी यसलाई विस्तारितरूपमा सञ्चालनका लागि नीतिगत, सस्थागत, भौतिक र पाठ्यक्रम सामग्री एवं कार्यक्रमका पुर्वाधार निमार्ण गरियो । बृहत शैक्षिक विकासको अवधारणा अनुरूप सन्(२००१-२०१५) मा अवलम्वन गरिएको सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजनाले सन् २००९ सम्ममा ९९% प्राथमिक शिक्षकलाई तालिम प्राप्त तुल्याई सक्ने लक्ष्य निर्धारण गरियो । जसअनुरूप तालिम नीति २००५ ले विद्यालय तहमा कार्यरत सम्पूर्ण शिक्षकहरूलाई १० महिने तालिम प्राप्त तुल्याउने नीतिको कार्यक्रम जारी गरियो । त्यस्तै शिक्षक शिक्षण आयोजन(२००२-२००९) र माध्यमिक शिक्षक सहयोग कार्यक्रम (२००३-२००९) मार्फत देशभरी विस्तारित रूपमा तालिम सञ्चालन गर्न extensive traning network स्थापना गरि उक्त नीतिलाई कार्यक्रममा रूपन्तरण गरियो । जसअनुरूप तालिम अप्राप्त सम्पूर्ण शिक्षकहरूको Backlog clearance गर्ने राष्ट्रिय अभियन २०६३ कार्यान्वयन गरियो । फलस्वरूप २०६६ आश्विन भित्र स्वीकृत दरवन्दिमा कार्यरत सबै सेवाकालिन शिक्षक ९८.२% लाई १० महिने पेशागत योग्यता प्राप्त तुल्याउने लक्ष्य हाँसिल गर्ने कार्य सम्पन्न गरियो । बाँकी १.८% शिक्षकहरूलाई शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा तालिम कार्यान्वयन निर्देशिका व्यवस्था गरि सबै प्रशिक्षक प्रशिक्षणका सहभागिहरूलाई प्रा.वि. तहको हकमा स्रोतकेन्द्र, नि. मा.र मा.वि.को हकमा अगुवा स्रोतकेन्द्र/ शै.ता.के.बाट दूरशिक्षा विधिमार्फत १० महिने सेवाकालिन शिक्षक तालिम अभिमुखीकरण गर्ने नीति व्यवस्था गरिएको पाइन्छ(शै.ज.वि.के.,२०७०) ।

शिक्षक तालिमको सञ्चालन र कार्यान्वयनको वर्तमान अवस्थामा विद्यालय क्षेत्रसुधार कार्यक्रम(SSRP) २०६६/२०६७ अन्तर्गत शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनको अवधारणा स्वरूप शिक्षामन्त्रालयबाट २०६७/०९/०२ मा स्वीकृत शिक्षक विकास नीति निर्देशिका (Teacher development police guidelienes–2011) कार्यान्वयन भईरहेको स्थितिमा यस भन्दा अघिका शिक्षक तालिम शिक्षकको पेशागत विकासभन्दा पेशागत योग्यता पूरागर्ने उद्देश्यले १० महिने पेशागत योग्यता विकास केन्द्र तालिम कार्यान्वयन गर्नमा सम्पूर्ण स्रोत तथा प्रयासहरूप्रतिविम्वित भए । फलस्वरूप सरकारद्वारा सञ्चालित सेवाकालिन पेसागत योग्यता

विकास तालिमले पेशागत योग्यता प्राप्त शिक्षकको संख्यामा उल्लेखनिय वृद्धि गराउन सक्षम रहेता पनि तालिमबाट प्राप्त ज्ञान, सीप, र धाराणलाई तालिम प्राप्त शिक्षकद्वारा कक्षाकोठामा ५०% भन्दा माथि प्रयोग नभएको निष्कर्ष शिक्षक तालिम सम्बन्धि प्रभावकारीता अध्ययन(CERID–2005 ) र( DOE–2006) को अनुसन्धानले जनाएकोछ। शिक्षाको पेशागत विकास र तालिमका सीप कक्षाकोठामा प्रयोगको प्रभावकारीता वृद्धि गर्न, विश्वव्यापी अभ्यास अनुसार off the job भन्दा on the job , school based, cluster basedशिक्षक विकास मोडेलमा जोड र शिक्षकमा निहित ज्ञान तथा सम्पूर्ण क्षमताको उपयोगबाट विद्यार्थी उपलब्धि स्तर बढाउन थप followup support र निरन्तर शिक्षकको पेशागत विकास गतिविधिहरू सञ्चालन गर्नु पर्ने आवश्यक्ता CERID Formation Research Reportले औल्याएको छ(शै.ज.वि.के.,२०७०)।

वर्तमान नेपालका सामुदायिक विद्यालयका शिक्षकहरूले पेशागत विकास(Professional development) तलिममा केन्द्रित भइ शिक्षक विकासका लागि कार्यान्वयनको चरणमा रहेको विद्यालय क्षेत्रसुधार योजना SSRP (२०६६-२०७२) ले शिक्षकको पेशागत विकासका लागि नीतिगत व्यवस्था गरि टिपिडी कार्यक्रम अगाडि सारेको छ।SSRP मा उल्लेखित मुख्य नीतिगत पक्षहरूमा, सम्पूर्ण सेवाकालिन रूपमा पाँचवर्ष (अ.व.२०७०/२०७१) भित्रमा ३० दिन (तीन पटक १०/१० दिनको विभिन्न चरणमा) बराबरको पेशागत क्षमता विकासमा पहूँच सुनिश्चित गर्ने, शिक्षकको वृत्तिविकासका लागि प्रत्येक तहमा Biginner,Experienced,Master र export गरि चार श्रेणी रहने र प्रत्येक माथिल्लो श्रेणीमा वढुवा हुनकालागि उल्लेखित अवधिको पेशागत तालिम (टिपिडी) मोड्युल योग्यता कार्यसम्पादन र जेष्ठतालाई आधार बनाउने,विशेष शिक्षा,वहुभाषिक शिक्षा,वहुकक्षा शिक्षणका लागि शिक्षाविभागबाट छनोट भएका (Designated) शिक्षकको विशेष क्षमता विकासका लागि सघन तालिम सञ्चालन तथा सम्पूर्ण प्र. अ. को नेतृत्व क्षमता विकास सम्वन्धि सेवाकालिन तालिम सञ्चालन गर्न प्रत्येक वर्ष २०% को पहूच विस्तार साथै आधारभूत तहको हकमा १० महिने तालिम प्राप्त जनशक्तिलाई योग्यता वृद्धिका लागि कक्षा १२ को पाठ्यक्रम अध्यापन गराउने जस्ता नीतिगत व्यवस्थाका साथ कक्षाकोठामा प्रभावकारी शिक्षण कौशल अभिवृत्ति गर्नको लागि शिक्षक विकास गर्ने कार्यमा केन्द्रित रहि टिपिडी कार्यक्रम कार्यन्वयनको अवस्था अन्तिम चरणमा सञ्चालित भईरहेको छ(शै.ज.वि.के.,२०७०)। यसै क्रममा शै.व.२०७१/०७२ मा धनकुटा जिल्लाको चुलाचुली स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूको पेशागत विकास तालिम कार्यान्वयनको वर्तमान अवस्था,प्रभावकारिता

साथै कार्यन्वयनका सिलसिलामा देखिएका समस्याहरू र तिनको समाधानका उपायहरूलाई समेटि यो शोधपत्र तयार गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

शिक्षण कार्य प्राविधिक कार्य भएकोले प्रभावकारी शिक्षणका लागि शिक्षक तालिमको अनिवार्यता रहन्छ । तर हाम्रो विद्यालयको शिक्षामा तालिम प्राप्त शिक्षकको अधिकता रहे पनि त्यसले कक्षाकोठामा प्रवेश अपेक्षितरूपमा पाएको देखिदैन । वर्तमान शिक्षाको गुणस्तरको समस्या भनेको शिक्षणसिकाइ प्रक्रिया प्रभावकारी नहुनु र तालिम प्राप्त शिक्षकले तालिमबाट सिकेका ज्ञान, सीपलाई प्रवृत्तिमुखी नबनाइनु पनि हो । शिक्षक तालिम वढि सैद्धान्तिक भएको, विद्यालय र शिक्षकको वास्तविक माग र आवश्यक्तासंग मेलनखाने प्रकृतिको भएकोले पनि शिक्षक तालिमको सहि प्रयोग हुन सकिरहेको छैन । नेपालको वर्तमान शैक्षिक पद्धति गोष्ठि, सेमिनर, तथा तालिममा मात्र केद्रित भई सीमित रहेको पाईन्छ । तालिमद्वारा अभिमुखिकृत ज्ञान, सीप वास्तविक रूपमा कक्षाशिक्षणमा कार्यान्वयन हुन नसक्दा सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि स्तर अपेक्षित रूपमा सन्तोषजनक नरहेको अवस्था छ ।

सामुदायिक विद्यालयका शिक्षकहरूलाई दिइने शिक्षणकला सम्वन्धि तालिम शिक्षकको निजीप्रयोजनका निम्ति नभई विद्यार्थी सिकाइ स्तर सुधार्नको लागि हो । अथार्त शिक्षक तालिम विद्यार्थीसम्म पुऱ्याउनु, उनिहरूलाई लाभान्वित तुल्याउनु, राज्य-समाजले सुम्पिएको नासो हो। शिक्षकले आफ्नो पेशागत प्रगति र लाभका निम्ति तालिमको उपयोग जति धेरै गरेका छन्, सिकाइ उपलब्धि सुधार्नको निम्ति त्यतिनै कम उपयोग गरेका तथ्यहरू शिक्षक तालिम सम्वन्धि अनुसन्धानहरूले देखाएको छ । आखिर तालिममा सिकेका र सिकाइएका शिक्षण सीप कक्षाकोठासम्म किन पुग्दैनन् त ? यसो हुनुमा शिक्षकको योगयता, इमान्दारिता, जोस-जाँगर, दक्षता, प्रवृत्ति, नैतिक्ता आदि वाहेक विद्यालयको समग्र वातावरण, प्र.अ.,विद्यालय निरिक्षक, स्रोतव्यक्तिहरूको भूमिकाका अतिरिक्त स्वयं तालिमको प्रकृति र गुणस्तर कति जिम्मेवार छ ? के तालिममा सिकाइएका सबै सीप शिक्षकले सिक्न सकेका छन् ? के शिक्षकलाई तालिम दिने प्रशिक्षकहरू योग्य, उत्साहि, जाँगरिला र सीपालु छन् ? कतै तालिम आफै अधुरो र त्रुटिपूर्ण त छैन् ? अनि तालिम दिइसके पछि कार्यान्वयन सुनिश्चित गर्न आवश्यक साधन, श्रोत,मार्गनिर्देशन,अनुगमन,सुपरिवेक्षण, दण्ड, पुरस्कार आदि उपलब्ध गराउने दायित्व कसैले निवार्ह गरेको छ कि छैन?यि र यस्तै थुप्रौ प्रश्नहरूमार्फत वर्तमान शिक्षक तालिमको उपादेयता, अवस्था र चुनौतिहरू रहेको र सो सम्बन्धि

वहस,अध्ययन संवेदनसिलताका साथ समिक्षा गर्दै पाठ्यक्रमद्वारा निर्देशित सिकाइ उपलब्धि प्राप्त गर्न, साथै शैक्षिक गुणस्तर अभिवृत्तिका निम्ति सबै सरोकारवाला, उच्च शैक्षिक योग्यता र तालिमप्राप्त शिक्षकहरू प्रभावकारी शिक्षणप्रति निष्ठातापूर्वक प्रस्तुत हुनु पर्ने र वर्तवान शैक्षिक प्रणालीमा समेत समयासापेक्षा आमूल सुधार गरिनु पर्ने खाँचो रहेको पाइन्छ ।

## १.३ अध्ययनको औचित्य

विषयगत रूपमा परिपक्व र पेशागत रूपमा दक्ष शिक्षकले मात्र विद्यार्थीको सर्वाङ्गीण पक्षको विकासमा सर्वोपरी भूमिका निर्वाह गर्न सक्दछ । शिक्षक एउटा पेशाकर्मी हो र उसमा कुशल र प्रभावकारी शिक्षण गर्न उक्त पेशासंग सम्वद्ध ज्ञान, सीप, साथै पेशागत गुण हुनु आवश्यक हुन्छ । त्यसैले शिक्षकको पेशागत विकासमा आधारित भई विगत देखि हालसम्म सञ्चालित, त्यसमा पनि कार्यान्वयनको अवधि अन्तिम चरणमा रहेको यो टिपिडी तालिमको प्रभावकारिता कार्यान्वयनको स्थिति कहाँ र कस्तो अवस्थामा छ ? यसले शिक्षकलाई नयाँकुरा के दियो ? कि विगतको तालिमकै अवस्थामा सिमित छ ? यो टिपिडी तालिमले शिक्षकको प्रवृत्तिमा के परिवर्तन ल्यायो र सुधारयोग्य पक्षहरू के पाइयो? जस्ता जिज्ञासहरू निरूपण हुन आवश्यक र सान्दर्भिक ठाँनि यो अनुसन्धान कार्य शिक्षकको पेशागत विकास र यसको कार्यान्वयनको अवस्था शीर्षकमा आधारित भई वास्तविकताको पहिचान गर्ने अभिप्रायले गरिएको छ ।

यो अनुसन्धानत्मक अध्ययन प्रतिवेदन शिक्षक विकास तथा शिक्षा शिक्षणको क्षेत्रमा शिक्षकको पेशागत विकासको सन्दर्भमा सरोकार राख्ने सरोकारवाला, अध्ययनकर्ता, विद्यार्थी, यो क्षेत्रमा अनुसन्धान गर्ने जो कोहिलाई उपयोगी सन्दर्भ साधन हुने र यसबाट केहिहद्सम्म सबैलाई सहयोग पुग्ने आशा गरिएको छ । त्यस्तै तालिमको प्यकेज निर्माता, सञ्चालनकर्ता, तालिम लिने-दिने व्यक्ति, निरिक्षक, स्रोतव्यक्ति, संस्था, पाठ्यक्रम निर्माता, र शिक्षासम्वन्धि सरोकार र चाँसो राख्ने सबैलाई यो अध्ययन प्रतिवेदनले थोरै भएपनि सार्थक रूपमा सहयोग पुग्ने आशा गरिएको छ । साथै विद्यालयमा अध्यापनमा संलग्न शिक्षकहरूको पेशागत समस्या र तिनको समाधानको उपायहरूको खोजी गरी समाधान गर्न र भविष्यमा यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने जोकोहिका लागि पनि यो अध्ययन प्रतिवेदन सहयोगी सन्दर्भ साधनको रूपमा रहने अपेक्षा गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) शिक्षकको पेशागत विकास तालिम कार्यान्वयनको अवस्था अध्ययन गर्नु ।

(ख) शिक्षकको पेशागत विकास टिपिडी तालिमले पारेको प्रभावको लेखाजोखा गर्नु ।

(ग) शिक्षकको पेशागत विकास तालिमको कार्यान्वयनमा देखापरेको समस्याहरूकेलाउनु ।

(घ) शिक्षकको पेशागत विकास तालिम प्रभावकारी बनाउने उपायहरूको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका लागि निम्नानुसारका खोज तथा अनुसन्धानात्मक प्रश्नावलीहरू तयार गरी प्रयोग गरिएको छ ।

(क) शिक्षकको पेशागत विकास तालिम कार्यक्रम कार्यान्वयनको अवस्था कस्तो रहेको छ?

(ख) शिक्षकको पेशागत विकास तालिमले शिक्षकको पेशागत विकास तथा दक्षता अभिवृत्तिमा कस्तो प्रभावपारेको छ ?

(ग) शिक्षकको पेशागत विकास तालिमले पेशागत सीप र दक्षता विकासमा कस्तो सहयोग पुऱ्याएको छ ?

(घ) शिक्षकको पेशागत विकास तालिमको प्रयोग र प्रभावकारीता साथै यसले शिक्षण पेशामा पुऱ्याएको सहयोगको स्थिति कस्तो रहेको छ ?

(ङ) टिपिडी कार्यक्रमले सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षाको लागि आवश्यक उपयुक्त वातावरण निर्माणमा कस्तो सहयोग गरेको छ ?

(च) शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयनमा देखापरेका वा सामना गरिरहेका समस्याहरू र चुनौतिहरू के के छन् ?

(छ) शिक्षकको पेशागत विकास तालिम कार्यान्वयनमा देखापरेका समस्याहरू समाधानका लागि के कस्ता उपायहरू अपनाउन सकिन्छ?

(ज) टिपिडीतालिम कार्यक्रमलाई ठोस रूपमा प्रभावकारी बनाउन के कस्ता कार्यहरू अवलम्वन गर्न सकिन्छ ?

(झ) शिक्षकको पेशागत विकास तालिम कार्यक्रमका सुधारयोग्य तथा सकारात्मक पक्षहरू के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

हरेक कार्यको आफ्नै उद्देश्यहरू हुन्छन् । सो उद्देश्य अनुरूप प्रतिफलको अपेक्षा गरि निश्चित सीमाक्षेत्रभित्र आधारित भई आवश्यक कार्य सम्पन्न गर्ने गरिन्छ । यसै सर्न्दभमा यस अध्ययनलाई ठोस, सार्थक, र परिणाममुखी बनाई अपेक्षित लक्ष्यप्राप्त गर्न स्रोत र साधानको उपलब्धता, खर्च र समयसीमा, जनसङ्ख्याको वितणर, भौगोलिक अवस्थिति र सूचना सङ्कलनको लागि सहजता र सरलता जस्ता विविध पक्षलाई मध्यनजर गर्दै यस धनकुटा जिल्लामा रहेका १५ वटा स्रोतकेन्द्रहरूमध्ये चुलाचुली स्रोतकेन्द्रलाई अध्ययनको मुख्य आधारको रूपमा छनोट गरिएको र यस अन्तर्गत रहेका तीनवटा गा.वि.स. हरू भिरगाउँ, ताँखुवा र तेलिया गा.वि.स.भित्ररहेका उच्च मा.वि., मा.वि., नि.मा.वि.र प्रा.वि. गरी २३ वटा सामुदायिक विद्यालयहरू मध्ये ताँखुवा गा.वि.स.को १ वटा मा.वि.र तेलिया गा.वि.स.को १/१ वटा मा.वि., नि.मा.वि.र प्रा.वि. गरि जम्मा ४ वटा विद्यालयहरू एवं स्रोतकेन्द्र चुलाचुली र सो अर्न्तगत सम्वद्ध शिक्षक, प्र.अ., विद्यार्थी, अभिभावक, वि.व्य.स. सदस्य,र स्रोतव्यक्ति समेतलाई अध्ययनको स्रोतको रूपमा छनोट गरिएको छ । अध्ययनको स्रोतको रूपमा छनोट गरिएका विद्यालयको शिक्षकहरूको पेशागत विकास सम्वन्धि विगत देखि हाल ०७२ सम्मका उपलब्धि,सफलता साथै यसबाट प्राप्त सूचना र शैक्षिक तथ्याङ्कलाई विश्लेषणको मुख्य आधार बनाइएको छ । यो अध्ययन खास रूपमा नमूना सर्वेक्षणको मूल मापदण्डमा आधारित भई सानो र निश्चित क्षेत्रमा केन्द्रित भइ गरिएको हुँदा यसबाट सिङ्गो राष्ट्र वा देशको टिपिडी तालिमको कार्यान्वयनको समग्र पक्ष / अवस्था वा तथ्याङ्कहरू यस अध्ययन प्रतिवेदनमा पाउन सकिदैन । साथै यस अध्ययन कार्य पूर्णरूपमा शिक्षकको पेशागत विकास तालिम (टिपिडी)कार्यान्वयनको अवस्था, प्रभावकारीता अध्ययन, समस्या पहिचान र तिनको उपयुक्त समाधानको उपायाहरूको लेखाजोखा कार्यमा परिसीमित गरिएको छ ।

## १.७ सम्वन्धित शब्दावलीको परिभाषा

(क) शिक्षकको पेसागत विकास : विद्यालय क्षेत्र सुधार कार्यक्रकले सिफारिस गरेको शिक्षकको पेसागत क्षमता अभिवृद्धि र समस्या समाधान एवं शिक्षणकार्य सम्पादन सुधार केन्द्रित शिक्षक विकास कार्यक्रम ।

(ख) स्रोतकेन्द्र : केहि गाउँ विकास समितिहरूलाई समेटेर उक्त क्षेत्रभित्र पर्ने विद्यालयको आर्थिक,भौतिक, शैक्षिक तथ्याङ्क राख्ने,नीति नियम र रणनीतिका बारेमा सम्वन्धित विद्यालयलाई जानकारी गराउने, जिल्ला शिक्षा कार्यालयसँग पुलको काम गर्ने  केन्द्रलाई स्रोतकेन्द भनिन्छ ।

(ग) अगुवा स्रोतकेन्द्र : शैक्षिक तालिम केन्द्र नभएका जिल्लामा शै.ता.के.को जस्तै कार्य गर्ने स्रोत केन्द्र ।

(घ) विद्यालय क्षेत्र सुधार : विद्यालयको गुणात्मक र संरचानत्म सुधार गर्ने उद्देश्यले आर्थिक वर्ष ०६६/०६७ देखि कार्यान्वयनमा रहेको नेपाल सरकार शिक्षा विभाग तथा शिक्षा मन्त्रालयको ७ वर्षे शैक्षिक कार्यक्रम ।

(ङ) मोडयुल : शिक्षक प्रशिक्षार्थीहरूको लागि तयार गरिएको तालिम कार्य विवरण वा डिजाइन ।

(च) सेवाकालिन तालिम : सामुदायिक विद्यालयका स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकहरूलाई शै.ज.वि.के., दूर शिक्षा, प्रा.शि.प.बाट सञ्चालित तालिम ।

(छ) Extensive Traning Network : देशव्यापीरूपमा शिक्षकहरूको लागि १० महिने तालिम सञ्चालन गर्न स्थापन गरिएको तालिम संजाल ।

(ज) Follow Up Support : सिकाइ स्तर वढाउनको लागि शिक्षकको पेसागत क्षमता विकास भए नभएको सम्वन्धमा गरिने मूल्याङ्कन र पृष्ठपोषण ।

(झ) विद्यालय व्यवस्थापन समिति : विद्यालयलाई औपचारिक रूपमा सञ्चालन, रेखदेख र निरिक्षण कार्य गर्न नेपाल सरकारले विद्यार्थीका अभिभावक तथा समुदायका मानिसहरूको सहभागितामा गठन गरिएको समिति ।

(ञ) सरोकारवाला व्यक्ति : तालिम सञ्चालन र कार्यान्वयनका लागि जिम्मेवार सम्वद्ध मानिसहरू, तालिम निर्माता तथा व्यवस्थापक, वि.नि., स्रोथव्यक्ति, प्र.अ. , शिक्षक, वि.व्य.स.,अभिभावक र विद्यार्थीहरू ।

(ट) सरोकारवाला निकाय : तालिम सञ्चालन र कार्यान्वयनमा जिम्मेवार सस्था वा निकायहरू, शिक्षा विभाग वा  शिक्षा मन्त्रालय, शै.ज.वि.के., शै.ता.के., क्षे.शि.नि., जि.शि.का., स्रोतकेन्द्र,र विद्यालयहरू

(ठ) प्याकेज : प्रशिक्षार्थीहरूका लागि निर्माण गरिएको स्वाध्ययन कार्य पुस्तिका ।

(ड) शिक्षण सुधार योजना : शिक्षकहरूले विद्यालयमा अध्यापन गराउने विषयहरूको प्रभावकारी तथा योजनावद्ध शिक्षणका लागि अर्धवार्षिक प्रयोजनका रूपमा तयार गरिने शिक्षण सुधार कार्यतालिका ।

(ढ) हव : प्रशिक्षार्थीहरूका लागि तालिम सञ्चालन गर्ने अनुकुल केन्द्र ,स्रोतकेन्द्र वा अगुवा स्रोतकेन्द्र ।

(ण) बालमैत्री शिक्षा : बालबालिकाहरूलाई निर्भयका साथ उनिहरूका चाहना, रूचि, क्षमता अनुसार रमाईलो वातावरणमा प्रदान गरिने शिक्षा ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यस शोध अध्ययनलाई सार्थक, अर्थपूर्ण र वैद्यता सावित गरि पूर्णता प्रदान गर्न विभिन्न लेखक तथा सरोकारवाला संस्थाहरूद्वारा प्रकाशित लेख तथा प्रतिवेदनहरू अध्ययन गरि यस अध्ययनकार्यसंग सम्बधित निम्नलेख, प्रतिवेद तथा दृष्टिकोणहरूलाई सम्बन्धित साहित्यको पुनरावलोकनको रूपमा समावेश गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अधिकारी(२०७०/२०७१) ले तयार पार्नुभएको ' शिक्षाको पेशागत विकास (TPD) को सैद्धान्तिक आधार ' नामक लेखमा, शिक्षक विकास प्रयोजनका लागि विगतका वहुआयमिक प्रयासको परिणाम स्वरूप हालै शिक्षणसेवामा कार्यरत सबै शिक्षकलाई प्राज्ञिक र पेशागत दुबै योग्यता प्राप्त तुल्याई सकिएको र यस्तै योग्य एवम् शिक्षण अनुमति प्राप्त व्यक्ति मात्र शिक्षण पेशामा प्रवेश पाउन सक्ने व्यवस्था सुनिश्चित गर्ने प्रयत्न भएको र यस्तो योग्यता प्राप्त शिक्षकहरूलाई निरन्तर रूपमा पेशागत दक्षता नविकरण गर्न, नियमितढंगले शिक्षक कार्यसम्पादन क्षमता सुधार गर्न तथा दैनिक अनुभवबाट सिकेका ज्ञानका आधारमा हमेसा समग्र पेशागत उत्कृष्ठता तर्फ डोऱ्याउने रोडम्याप स्वरूप शिक्षकको पेशागत विकास (Teachers professional Development ) कार्यढाँचा विकास गरिएको हो भनि उल्लेख गर्नु भएको छ ।

यस्तै हाल नेपालको सर्न्दभमा Professoal Development Traning का चरणमा रहेको शिक्षक समूहलाई पेशागत विकास सहायता प्रदान गर्ने मूल उद्देश्यका साथ विद्यालयमा आधारित शिक्षकको पेशागत विकास गतिविधि सञ्चालन, विद्यालय क्लस्टरका रूपमा स्रोतकेन्द्र/ अगुवा स्रोतकेन्द्र/ शैक्षिक तालिमकेन्द्र स्थापना गरी क्रियाशिल तुल्याइएको साथै विद्यालय क्षेत्रसुधार कार्यक्रम अर्न्तगत विद्यालयमा आधारित व्यवस्थापन  अवधारणा सघन रूपमा कार्यान्वयन गर्ने नीति रहेका कुरा उल्लेख गरिएको छ । यस अवस्थालाई दृष्टिगत गरि विद्यालयतह र क्लस्टर दुवैबाट पेशागत सहायता प्रदान गर्ने समन्वयत्मक ढाँचाका रूपमा कार्यक्षेत्रमा आधारित शिक्षकको पेशागत विकास गतिविधि सञ्चालन गर्ने गरि प्रस्तुत डिजायन तयार गरिएको हो । यस कार्यक्रमले अवलम्बन गरिएका मुलभूत सैद्धान्तिक मान्यताका रूपमा, शिक्षकलाई स्वयत्ता रूपमा आफ्नो व्यवसायको लागि आफै मानक ( Norms ) स्थापना गरि तिनैबाट आफु निर्देशित हुन स्वतन्त्र अनुभव प्राप्त हुने, असल शिक्षकले मैजुदा अनुभवलाई गहन अध्ययन र परीक्षण गर्ने बानि र आफ्नो साविकको कार्यसम्पादन सुधारका लागि हमेसा प्रयासरत रहने जस्ता Reflective व्यवहार

अनिवार्य रूपमा अवलम्बन गरेको हुने,  सबै शिक्षकहरू आफुलाई आवश्यक पर्ने ज्ञान स्वयम्‌बाट रचना गर्ने अभियान ( conxtrutivism )  अवलम्वन गर्ने र आफ्ना विद्‌यार्थीहरूलाई त्यस्तै अभ्यास र अनुभवका लागि तयार गर्न तत्पर रहने आदि सिद्धान्तहरू अवलम्वित गरिएको र यसले शिक्षकहरूको विषयवस्तुको ज्ञानमात्र बढाउनु भन्दा सकारात्मक प्रवृत्ति ( Attitude ) विकास गराई उनिहरूलाई निरन्तर स्वाध्ययन कार्यप्रति थप जागरुक हुने रविद्‌यार्थीहरूको सिकाइ उपलब्धिका लागि जवाफदेहि रहने र समग्र विद्‌यालयको समुन्नतिका लागि योग्य तुल्याउनु आजको मुख्य चुनौति रहेको र सो को प्रत्यभूतिका लागि प्रस्तुत मोडेल पेशागत विकास अभियन उपयोगि हुनेकुरा उल्लेखित रहेको पाइन्छ ।

शिक्षामन्त्रालय द्वारा प्रकाशित, शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका ( २०६६), मा शैक्षिक जनशक्ति विकास केन्द्रले सार्बजनिक क्षेत्रमा कार्यरत देशभरिका शिक्षक, शैक्षिक व्यवस्थापक, एवं प्राविधिज्ञहरूको पेशागत क्षमता सम्पूर्ण रूपमा अविवृद्धि गराई समग्र क्षेत्रको कार्यसम्पादन सुधारगर्ने अविभारा सफलतापूर्वक वहन गर्दै आएको र वि. सं. २०२८ देखि औपचारिक रूपमा प्रारम्भ भएको सेवाकालिन शिक्षकका लागि १० महिने प्रमाणिकरण तालिम सामुदायिक विद्‌यालयको स्वीकृत दरवन्दिमा कार्यरत सम्पूर्ण शिक्षकहरू (९८.२ %) लाई प्रदान गरि देशमा प्राज्ञिक र पेशागत दुवै योग्यता प्राप्त शिक्षकहरूद्वारामात्र शिक्षण सेवा प्रदान गर्ने अवस्था सुनिश्चित गराउन सक्नु यस केन्द्रले प्राप्त गरेको उपलब्धिको ज्वलन्त उदाहण रहेको कुरा उल्लेख गरिएको छ ।

यस्तै शिक्षकमा रहेको योग्यता एवं क्षमतालाई समयसापेक्ष रूपमा नविकरण, सवलिकरण र अद्यावधिकरण गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिवर्तन ल्याई विद्‌यार्थीको उपलव्धि स्तरमा स्पष्ट सुधार ल्याउनु सक्षम शिक्षा प्रणालीको अनिवार्य शर्तरहेको र यस तथ्यलाई दृष्टिगत गरि शिक्षकहरू आफैले आफ्नो आत्ममूल्याङ्कन गर्ने, कक्षाकोठा तथा शिक्षण जीवनमा आवश्यक ज्ञान,सीपमा पहूच हासिल गर्ने, नियमित स्वाध्ययन र पठन सस्कृति विकास गरी अर्थपूर्ण अभ्यासमा सरिक हुने जस्ता विधिहरू मार्फत निरन्तर पेशागत विकास गर्ने प्रचलन विश्वव्यापीरूपमा चलिआएको साथै यस कुरालाई ध्यानमा राखी शिक्षाक्षेत्रमा अग्रगामी सुधार गर्ने उद्देश्यले चालु आर्थिक वर्ष २०६६ देखि कार्यन्वायनमा रहेको विद्‌यालय क्षेत्रसुधार योजना (SSRP) ले शिक्षकको पेशागत विकास कार्यक्रम अक्तियारी गरी नीतिगत एवम् योजनागत व्यवस्था निर्दिष्ट गरेको छ भनि उल्लेख गरिएको छ । यस कार्यक्रमको शिक्षक विकास सम्बन्धि प्रावधान अनुरूप सामुदायिक

विद्यालयमा कार्यरत सबै प्रकारका शिक्षकहरूले सेवाकालिन रूपमा सञ्चालित टिपिडी तालिम एक पटकमा १० दिन अवधिको शिक्षकको पेशागत विकास मेड्युल सञ्चालन गरी आगमी ५ वर्ष ( २०७०/०७१) भित्र पटकपटक गरी तीन चरणमा एक महिना बराबरको शिक्षकको पेशागत विकास कार्यक्रममा सबै शिक्षकको पहूच सुनिश्चित गर्ने योजना एवं कार्यक्रम तर्जुमा भईरहेको र त्यसको उपलब्धिलाई शिक्षकको पेशागत वृत्तिविकाससंग आवद्ध गर्ने व्यवस्था रहेको, र प्रस्तुत टिपिडी डिजायनबाट सरकार, शिक्षक, अभिभावक, विद्यार्थी,विद्यालय व्यवस्थापन जस्ता फरक फरक रूचि समुहका सरोकारवालाहरूका विविधतायुक्त आवश्यक्तालाई समाधानमा सहयोग गरी सन्तुष्ट तुल्याउन यो टिपिडी कार्यक्रम उपयोगि हुने र यस कार्यक्रम शिक्षकको व्यवसायिक जवाफदेहितामा बढोत्तरी गर्न, सिकारुको सर्वोच्चता सुनिश्चितीकरण गर्न, विद्यालय,श्रोतकेन्द्र, अगुवा श्रोतकेन्द्र र शै.ता.के. बिच आपसिसम्बन्ध स्थापना गर्न र लक्षित समुह केन्द्रित कुशलतायुक्त लगनि व्यवस्था गर्न जस्ता वहुआयमिक औचित्यहरू यस कार्यक्रममा रहेका र शिक्षक विकास कार्यक्रम नीतिको व्यवहारिक अनुवाद स्वरूप सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकहरूमध्ये प्रत्येक बर्ष सरदर ६०% शिक्षकलाई १०/१० दिनको ३ पटक गरि ५ वर्षभित्र ३० दिन बराबरको मोड्युल प्रदान गरी तालिम प्राप्त तुल्याउने नीतिगत व्यवस्था रहेको छ, जसबाट देशभरिका सम्पूर्ण सामुदायिक  विद्यालयका विद्र्थीहरूले प्राज्ञिक एवम् पेशागत रूपमा योग्यता प्राप्त १ लाख ७० हजार भन्दा बढि सङ्ख्या रहेका शिक्षकहरूबाट शिक्षण सुविधा  हाँसिल गर्न पाउने अवसर प्राप्त हुने कुरा उल्लेख गरिएको पाइन्छ ।

लामिछाने (२०६८) ले उनको शोधमा उल्लेख गरे अनुसार शिक्षा विभाग (२०६६) ले २०६६ भदौ ४ मा स्वीकृत 'विद्यालय क्षेत्रसुधार योजना '२०६६' मा शिक्षकसँग सम्बन्धित सबै क्षेत्रको समानन्तर किसिमले विकास गर्ने र शिक्षक विकासको कार्यको लागि सरकार जिम्मेवार हुने, जसका लागि आवश्यक रकम सरकारले लगानि गर्ने कुरा उल्लेखित छ । शिक्षा क्षेत्रको अग्रगामी र संरचानात्मक सुधार गर्ने उद्देश्यले चालु आर्थिक वर्ष २०६६ देखि नै कार्यान्वयनमा रहेको विद्यालय क्षेत्रसुधार कार्यक्रम SSRP अन्तर्गत शिक्षक विकास सम्वन्धि विद्यमान उपलब्धिमा आधारित भएर आगामी दिनहरूमा समस्या समाधानमुखि एवम् प्रत्यक्ष रूपमा शिक्षण कार्य सम्पादन सुधार केन्द्रित शिक्षक विकास कार्यक्रम कार्यान्वयन गर्नु पर्ने नीतिगतख व्यवस्था रहेको, यसै व्यवस्थामा आधारित भई नेपालका सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षकहरूले आ.व. २०७०/२०७१  सम्ममा शिक्षकको पेशागत विकास कार्यक्रम तालिमको अवसर प्रप्त गरिसक्ने कुरा उल्लेख भएको पाईन्छ । शिक्षक स्वयमद्वारा पेश गरेका समस्या र सहायता आवश्यत्तामा आधारित भई विद्यालय र क्लस्टर

दुबै तहबाट पेशागत सहायता प्रदान गर्ने Coordianated field based ढाँचामा प्रस्तुत शिक्षक विकासको यो मडुललाई नेपालको सन्दर्भमा हालसम्मको उच्च अनुभव,उपलब्धि र लगनिको परिणाम स्वरूप सृजित डिजायन मानिएको र यस शिक्षकको पेशागत विकास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि देशभरका १ हजार ५३ वटा श्रोतकेन्द्रबाट आधारभूत तहका लागि र ४६ वटा अगुवा श्रोतकेन्द्र एवम् २९ वटा शैक्षिक तालिमकेन्द्रबाट माध्यमिक तहको समेत टिपिडी कार्यक्रम सञ्चालन हुने र  प्रत्येक तालिम प्रदायक एकाइलाई टिपिडी हबको नामबाट परिभाषित गरिएको सन्दर्भ उल्लेख गरिएको छ ।

शिक्षा मन्त्रालय (२०७०) द्वारा प्रकाशित शिक्षकको पेशागत विकास (टिपिडी) कार्यक्रम प्रशिक्षक प्रशिक्षण निर्देशिका २०७० मा शिक्षकको पेशागत विकास  डिजायन विकासका आधारहरूका रूपमा शिक्षकलाई निरन्तर रूपमा पेशागत दक्षता नविकरण गर्न, नियमित तरिकाले शिक्षक कार्यसम्पादन गर्न क्षमतासुधार गर्न, दैनिक अनुभवबाट सिकेका ज्ञानका आधारमा हमेसा समग्र पेशागत उत्कृष्टतातर्फ डोऱ्याउन, शिक्षण सिकाइ प्रक्रियाका विश्वव्यापी चरणअन्तर्गत शिक्षकको पेशागत विकास कार्यक्रममा केन्द्रित शिक्षक तालिम मोडेल तयाार गरि कार्यक्रम सञ्चालित भईरहेको, विद्यालयमा आधारित शिक्षकको पेशागत विकास गतिविधि सञ्चालन गरि व्यवहारिक समस्या र पेशागत मूल्य मान्यतासंग आम शिक्षकहरूको सोझो सम्वन्ध स्थापित गर्न मदत पुऱ्याउने मोडेललाई उत्तम मानिएको, सबै विद्यालयहरू क्षमतागत रूपमा तयार भईनसकेको अवस्थामा विद्यालय क्लस्टर तहमा विद्यालय क्षमता वृद्धि विकास जस्ता गतिविधि सञ्चालन गरिएको, विद्यालय क्षेत्रसुधार कार्यक्रम अन्तर्गत विद्यालयमा आधारित व्यवस्थापनको अवधारणा सघन रूपमा कार्यान्वयन गर्ने नीति रहेको रTeachers professional development कार्यक्रमले आम शिक्षकहरूको बृत्तिविकासको लागि तयारी,योग्यता अभिवृत्ति,पेशागत विकास, शिक्षकको जवाफदेहिता वृत्तिविकास,विदयालय नेतृत्व, सस्थागत क्षमता विकासको प्रबन्ध जस्ता   रणनीतिक क्रियाकलापहरू(Teacher development policeyguidelience 2011) मार्फत अवलम्वित गरिएको,जसले शिक्षक विकासमा महत्वपूर्ण सहयोगपुऱ्याउने कुरा उल्लेख गरिएको छ ।

सुनुवार (२०७०) ले तयार पार्नु भएको “टिपिडी तालिम अवसर र अप्ठ्यारा” नामक टिप्पणीमा टिपिडी तालिम शिक्षकको पेशागत विकाससँग जोडिएको, समय र परिस्थिति अनुसार शिक्षण पेशासँग सम्बन्धित तथा वैयक्तिक सीप विकास गर्ने कार्य भएको जसले पेशागत भूमिकामा अभिवृद्धि गर्न, शिक्षकको दायित्व सक्षमता पूर्वक सम्पादन गर्नको लागि आवश्यक ज्ञान सीप र

अभिवृद्धिको पुनर्ताजगीकरण, अध्यवधिककरण र पुनशक्तिकरण गर्न साथै निरन्तर सिकाइ अभ्यास र अनुभव लिइरहन अभिमुखिकृत गर्ने एउटा रणनीति सशक्त स्रोत हो भनी चर्चा गरिएको छ ।

सामुदायिक विद्यालयका ९८.२% शिक्षकहरूले सेवाकालिन तालिम लिइसकेका तथापि शिक्षकबाट तालिममा सिकेका सीप र समग्रक्षमताको ५०% मात्र कक्षाकोठामा प्रयोग भएको विभिन्न अध्ययनको निष्कर्ष रहेको, यसबाट सेवाकालिन तालिमले शिक्षकलाई उल्लेखनिय रूपमा परिवर्तन गर्न नसकेको, बरु सरकारी लगानी खेर गएको तथ्य ठहर गरी शिक्षकलाई ताजा, अध्यावधिक र पुनजागृतगराउन टिपिडी तालिम कार्यान्वयनमा ल्याइएको र यो तालिम शै.ज.वि.के.ले सामुदायिक विद्यालयका सबै तहका शिक्षकलाई २०६६/६७ देखि दिदै आएको छ । शिक्षकलाई कक्षाकोठामा आइपरेका पेशागत समस्या समाधानका लागि स्वाध्ययन, अनुसन्धान, समालोचनात्मक चिन्तन, निर्माणवाद आदि माध्यम अपनाउदै शिक्षणमा आमूल सुधार ल्याई विद्यार्थीको शैक्षिक उपलब्धिमा बढोत्तरी ल्याउन पेशागत तालिम आवश्यक र सार्थक भएको साथै यसले शिक्षकको क्षमतालाई समय सापेक्ष नविकरण, सवलीकरण, उर्जाशिल बनाउन सर्वोपरी भूमिका निर्वाह गर्ने ठहर लेखकको रहेको छ । साथै टिपिडी तालिमले शिक्षकमा आफ्नो समस्याको निराकरणको उपायहरू आफै खोज गरी विद्‌यार्थी उपलब्धिमा अपेक्षाकृत सुधार ल्याउन कार्यमुलक अनुसन्धान गर्ने, विद्यार्थीलाई गरेर सिक्ने (Learning by doing or living) पद्धति मार्फत प्रत्यक्ष अनुभवमा आधारित सिकाइ गराउन परियोजना कार्य गराउने, शैक्षिक समस्याको गहिराइमा पुगि कारण पत्ता लगाई उपायहरू सुल्भाउन घटना अध्ययन गर्ने सीप तथा दक्षताको विकास टिपिडी तालिमको प्रतिफल भएको र यसपछि शिक्षकहरूमा नयाँपनको आभास भईपरिवर्तन हुन चाहने शिक्षकहरूमा ‘अव म सिकाउन सक्छु’ भन्ने आशा जगाएको छ , जोस र जागर थपेको छ भन्ने कुरा पुष्टि भएको तथ्य उल्लेख गरिएको छ ।

यस्तै टिपिडी तालिम सञ्चालनमा सामना गर्नु परेका अप्ठ्याराहरू अपरिभाषित खालकै रहेका, जस अन्तर्गत सहभागिहरूमा जोसजाँगरको सारै कमी रहेको, प्रशिक्षकले उत्प्रेरण जागृत गर्न नसकेको, शिक्षकहरूमा आफ्नो पेशागत समस्या के हो र तालिमबाट अपेक्षा गरिएका सहयोगको स्पष्टता वा विशिष्टिकृत कार्यमा अस्पष्टता रहेको, तालिम अवधि र विद्‌यालय स्थित गरिने स्वाध्ययन तथा परामर्श कार्य सैद्धान्तिक वा प्रकिया पूरा गर्ने कार्यमा मात्र केन्द्रित रहेको, व्यवहारिक नभएको, मोड्‌युल निर्माण तथा यसका लागि स्रोत सन्दर्भ सामग्री जुटाउने कार्य कठिन तथा रोष्टरमा प्राविधिक ज्ञानको न्यूनता रहेको र माथिल्लो निकायको अनुगमन सारै फितलो भएको

अवस्था रहेको जसका कारण टिपिडी तालिमको उल्लेखनिय सफलता र प्रभावकारितामा ठोस प्रमाण जुटाउन अझै कठिन भएको तथ्य चर्चा गरिएको छ । यस तालिमको भावना र मर्मअनुरूप अपेक्षाकृत प्रभावकारितामा आँचआउनुमा थुप्रै कारुणिक पक्षहरू हुनसक्ने र तिनीहरू मध्ये यस तालिममा जड कुरो टिपिडी तालिमको महत्व शिक्षकलाई नै बुझाउन र उनिहरूको सकारात्मक मनोवृत्ति नै विकास गर्न नसकिएको, स्थानिय परिवेशमा आधुनिक प्रविधि  फिट्न रोष्टर प्रशिक्षकहरू पनि चुके,  शिक्षकहरू पनि चुके, जस्ता आलोचनाको वावजुत टिपिडी तालिम कार्यान्वयनको सम्पन्नताको अवस्था अन्तिम चरणमा रहेको निचोड लेखकले व्यक्त गरेको पाइन्छ ।

प्रस्तुत सहित्यको पुनरावलोकनले टिपिडी तालिमको सैदान्तिक र नीतिगत पक्षको स्पष्ट खाँका प्रस्तुत गरिएको भएता पनि व्यवहारिक रूपमा तालिमको कार्यान्वयन र प्रयोग कार्यस्थलमा नभएको अवस्था देखिन्छ । साथै टिपिडी तालिमको अवसर र अप्ठ्यारा शीर्षक टिप्पणीले तालिमका उपलब्धि र चुनौतिहरूको सन्दर्भमा यथार्त तथ्यउठान गरेको जसले तालिमको सफल कार्यान्वयनमा सहयोग पुऱ्याउने स्थिति देखिन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

skinner (1904-1990) का अनुसार वातावरणीय अनुकुलता, पुनर्बल एवं पृष्ठपोषणलाई सन्तुलित विकासको प्रमुख श्रोत मानेका छन् । उनि लगायत अन्य व्यवहारवादी दृष्टिकोणमा विश्वास राख्ने मनोवैज्ञानिकहरूले मानव विकासलाई साधरणबाट जटिल (simple to complex) प्रक्रियाको रूपमा व्याख्या गर्दै सन्तुलित र पूर्ण विकासका लागि part to whole अंशबाट पूर्ण पद्धति अपनाउनु पर्ने निष्कर्ष निकालेका छन् । उनका अनुसार मानव विकास, मानिस र वातावरणीय निरन्तररूपमा भई रहने अन्तक्रियाको परिणाम स्वरूप विविध पक्षमा देखापर्ने प्रगतिशिल परिवर्तन हो, जसमा विशेष गरी पुनर्वल (Reinforcement) र दण्ड (Punishment) को उल्लेखनिय स्थानर रहने कुरा उल्लेखित छ । उनको विश्लेषणमा मानव विकास उपलब्ध वातावरणीय अवस्था वा परिस्थिति उद्विपन (stimulus) प्रति देखाउने प्रतिक्रियावापत प्राप्त गर्ने सुखद एवं दुःखद अनुभव वा सन्तुष्टिमा निर्भर गर्दछ । यदि मानिसले प्रतिक्रियापश्चात सुखद् अनुभव वा सन्तुष्टि पुर्नबल प्राप्त गर्दै गएको छ भने उसले आफ्नो उक्त कार्यलाई निरन्तरता दिने तर्फ लाग्दछ, वा कार्यप्रति थप क्रियाशिलता देखाउछ । जसको परिणामस्वरूप उसको व्यवहारमा गुणात्मक परिवर्तन देखा पर्दै जान्छ, तर यदि मानिसले प्रतिक्रिया पश्चात दण्डनीय अनुभव वा असन्तुष्टि प्राप्त गर्दै गए कार्य प्रति क्रियाशिल नहुने, र कार्य प्रति नै वितृष्णा पैदाहुन सक्छ।

यसै सिद्धान्त, दृष्टिकोणको मापदण्डमा आधारित भइ शिक्षकको पेसागत विकास कार्यक्रम अवलम्वित गरिएको छ । शिक्षकको पेसागत विकास र क्षमता अभिवृदि गर्न शिक्षण सिकाइलाई थप प्रभावकारी वनाउन, कक्षाकोठाको शिक्षणमा उल्लेखनिय सुधार गर्न, शैक्षिक उपलब्धि वृद्धि गर्न, विद्यालयमा उपयुक्त शैक्षिक वातावरण स्थापित गर्न, यो योजनावद्ध, कियाकलाप आधारित खोज, अनुसन्धानमूलक घटना अध्ययन, सामग्रीको निर्माण र प्रयोग, परियोजना तथा सहभागितामूलक शिक्षणमा केन्द्रित भई नयाँ शैली, जोस जाँगरका साथ कक्षाकोठामा प्रस्तुत हुन हरेक शिक्षकलाई अभिप्रेरित गर्न आफ्नो कार्य सफलता प्रगतितर्फ उर्जाशिल रहिलागिपरिरहन, थप कियाशिल वन्न, र व्यवहारमा गुणात्मक परिवर्तन ल्याउन यो शिक्षकको पेसागत तालिम कार्यकमले उल्लेखित भूमिका निर्वाह गर्ने दृष्टिकोण विज्ञहरूको रहेको छ । शिक्षकहरूको वृत्तिविकासका लागि प्रत्येक माथिल्लो श्रेणीमा वढुवा हुनका लागि उल्लेखित अवधिको पेसागत तालिम (टिपिडी मोड्यूल) योग्यता, कार्यसम्पादन र जेष्ठतालाई आधार वनाईने नीतिगत व्यवस्था यस कार्यक्रमको निति रहेको,यसलाई वर्तमान शिक्षा नियमावलीमा समेत व्यवस्था गरी कार्यान्वयन गरिएको अवस्थाले हरेक शिक्षकले लगातार पुर्नवल प्राप्त गरी भावि दिनहरूमा समेत पुर्नताजगी, सवलीकृत र अद्यवधिक भई शिक्षणमा अपेक्षित सुधार तर्फ निरन्तर लागि परिरहन कियाशिल हुने अवस्थाको सृजना भएको छ । यसले व्यवहार र गुणात्मक परिवर्तनको संकेत देखापरेको अवस्था छ । यिनै सैद्धान्तिक विशेषतामाआधाति भइ यो शिक्षकको पेसागत विकास तालिम कार्यक्रम व्यवहारवादी सिद्धान्तको मान्यता र मापदण्ड अनुरूप विकास भएको आधार मानिन्छ (रेग्मी, श्रेष्ठ, आचार्य, र खनाल २०६३) ।

Vygotsky(1896–1934) का अनुसार सामाजिक संरचनावाद सिकाइ सिद्धान्तले सामाजिक रूपान्तरणका लागि शिक्षामा जोड दिदै मानव विकास सिद्धान्तलाई प्रतिविम्ति गर्दछ, जसले व्यक्ति, बालक र विद्यार्थीलाई सामाजिक साँस्कृत परिवेश भित्र राख्दछ । प्रत्येक विद्यार्थीहरूवातावरणसंगको अन्तर्किया वा छलफलबाट ज्ञानको संरचना गर्दछ र सिकाइ प्रक्रियामा सिकारु र वातावण बिच संवाद स्थापित हुन्छ । उनको दृष्टिकोणमा विद्यालय एउटा सामाजिक र साँस्कृतिक ठाउँ हो, जसमा शिक्षण सिकाइ साथै विभिन्न शिक्षण विधि र सामग्रीको प्रयोग,अभ्यास भइ अर्थपूर्ण सिकाइ प्रक्रियामा सहयोगात्मक कार्य गर्न सिकाइमा जोड दिइन्छ । साथै यस सिद्धान्तले सहभागितामुलक सिकाइमा विद्यार्थी र शिक्षकको संयुक्त प्रयास, सङ्क्षिपिकरण, प्रश्नावली, स्पष्टिकरण, अनुगमन जस्ता सीपको विकास, शिक्षक र जान्ने साथीले सिकारुलाई ( zone of proximal development )का आधारमा समस्या समाधानमा संयुक्त भूमिका, सिकारुमा नयाँ

अवधारणा निर्माणमा सघाउ पुऱ्याउने कार्यमा प्रमुख दायित्व राख्दछ । उनि लगायत अन्य( जिनपियजे, जोनडिवे, प्लेटो) जस्ता निर्माणवादी मनोवैज्ञानिकहरूले निर्माणवाद सिद्धान्त, वास्तवमै सिकारुको मानसिक तथा भौतिक क्रियाकलापमा आधारित भई विद्यार्थीले आफै ज्ञान निर्माण गर्दछ, यो नै सबैभन्दा ठूलो सिकाइ हो । विद्यार्थीलाई के कुरा सिकाउने भन्दा पनि उनीहरू के कुरा सिक्न मनपराउछन्, भन्ने मान्यतामा  आधारित यो सिद्धान्त भएकाले यो विद्यार्थी केन्द्रित शिक्षण विधिमा आधारित सिद्धान्त हो । शिक्षकको शिक्षणकला, उसले स्वीकारेका ज्ञानको स्वरूपमा र ज्ञाननिर्माण वा आर्जन गर्ने तरिकामा आधारित हुन्छन् तर यो सिद्धान्तले सिकारुको चाहना अनुरूप सिकाउन शिक्षकलाई परिवर्तन हुन आवश्यक तुल्याउछ, जस्ता दृष्टिकोण प्रस्तुत गरेका छन् । यो सिद्धान्तले, शिक्षकले सिकारुको पूर्वज्ञान पहिचान, ज्ञान निर्माणमा सहजकर्ता, विद्र्थीकेद्रित शिक्षण विधि अपनाउनु, सिकारुलाई आफै सिक्ने अवसरको सृजना, ज्ञान परिवर्तसिल हुन्छ, सक्रियता साथ सिकारुले ज्ञान निमार्ण गर्दछ, जस्ता मान्यता राख्दछ।

यस सिद्धान्तमा आधारित भइ शिक्षकको पेशागत विकास कार्यक्रम डिजायन गरिएको, शिक्षकको आवश्यक्तामा केन्द्रित, नयाँ विधि र शैलिहरू मार्फत कार्यमुलक अनुसन्धान, सहभागितामुलक क्रियाकलाप, परियोजनकार्य, शिक्षणसुधार योजाना निमार्ण गरि सिकाइ स्तर वृद्धि गर्ने जस्ता विशेषता यस शिक्षकको पेशागत विकास कार्यक्रममा रहेकोले यो कार्यक्रम पूर्णरूपमा निमार्णवादी सिकाइ सिद्धान्तद्वारा निर्देशित रहेको तथ्य सहर्ष पुस्टायाई भएको र भावि दिनमा शिक्षकलाई यस तालिम कार्यक्रमले नयाँ प्रवृत्ति, हौसला, आत्मविश्वास, र जोसका साथ आफ्नो पेशामा सक्रिय रहन समेत मदत गर्ने स्थिति देखिन्छ (श्रेष्ठ,तामाङ्ग र बस्न्यत,२०६६) ।

प्रस्तुत व्यवहारवादि र रचनावादि सिकाइ सिद्धान्त, टिपिडी तालिमलाई मूलभूतरूपमा कक्षाकोठा शिक्षणमा व्यवहारिक र सृजनात्मक ढंगले प्रयोग गरि विद्यार्थी, शिक्षकका प्रवृत्ति र कार्यशैलिमा आमूलसुधार गर्न र सिकाइ उपलब्धि वृद्धि गर्न सान्दर्भिक र उपयोगी रहेको देखिन्छ । तथापि यस सिदान्तको मूलमर्म वा भावना अनुरूप तालिमको सफल प्रयोग र कार्यान्वयन विद्यालय शिक्षणमा जिम्मेवार पक्षहरूबाट सन्तोषजनक स्थितिमा हुन नसकेको अवस्था रहेको पाइयो ।

## २.३ पुनरावलोकनको उपादेयता

प्रस्तुत शोधपत्रलाई पूर्णतारूप प्रदान गर्न माथि उल्लेखित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाकाले ज्यादै ठूलो सहयोग पुगेको छ। सम्बन्धित साहित्यको पुनरावलोकनमा धेरै विद्वानहरूद्वारा लेखिएको लेख, रचना, पुस्तक, अनुसन्धान, सन्दर्भ सामग्रीको अध्ययनबाट शोधकर्तालाई विभिन्न ज्ञानसीप र दक्षता वृद्धि गर्न र उपर्युक्त विषयवस्तु सँग सम्बन्धित पुस्तकहरू पढ्न प्रोत्साहित गरेको छ। अध्ययनको सैद्धान्तिक खाका अन्तर्गत विश्वव्यापी प्रसिद्ध दार्शनिकद्वारा प्रतिपादित सिद्धान्तको विस्तृत अध्ययन अनुसन्धान गर्नु पर्ने भएको र यसबाट आवश्यक पृष्ठपोषण प्राप्त हुने, कमि कमजोरीको पहिचान भई आवश्यक अध्ययनको ढाँचा समेत तयार गर्न पुनरावलोकनले शोधकर्तालाई ठुलो सहयोग साथै थप प्रोत्साहन र उत्साहित तुल्याएको छ।

## परिच्छेद तीन : अध्ययन विधि

कुनै पनि कार्यलाई प्रभावकारी तरिकाले सम्पन्न गर्नको लागि विषयवस्तुको प्रकृति अनुसार उद्देश्य प्राप्ति हुनेगरी आवाश्यकता अनुसार विभिन्न उपाय/तरीका वा ढाँचाहरू अवलम्बन गर्नु पर्ने हुन्छ, जसलाई विधि भनिन्छ। जस अनुरूप यस अध्ययन कार्यलाई सम्पन्न गर्नका लागि तपसिलका विधिहरूको अवलम्वन गरिएको छ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

यस शोध अध्ययन कार्यलाई सम्पन्न गर्न अवलम्वन गरिने अनुसन्धानका ढाँचा अन्तर्गत मुख्य दुईवटा अनुसन्धान ढाँचाहरू प्रयोग गरिएको छ। गुणात्मक ढाँचाद्वारा कुनै घटना, समस्या अवस्था तथा प्रक्रियाको व्याख्या विश्लेषण गरिएको छ भने संख्यात्मक ढाँचा द्वारा विभिन्न विषयवस्तु तथा अभिलेखसँग सम्बन्धित तथ्याङ्कहरूको विश्लेषण गरिएको छ। यस अध्ययन कार्यमा तथ्याङ्क संकलन व्याख्या, विश्लेषणको रूपमा यिनै गुणात्मक ढाँचा र संख्यात्मक ढाँचाको मिश्रित रूपमा प्रयोग गरी यस कार्यलाई पूरा गरिएको छ।

### ३.२ जनसङ्ख्या

यस अध्ययन कार्यका लागि जनसंख्याको रूपमा धनकुटा जिल्लाको १५ वटा स्रोतकेन्द्रहरूमध्ये चुलाचुली स्रोतकेन्द्रमा रहेका ३ गा.वि.स. (भिरगाऊ, तांखुवा, तेलिया) भित्र अवस्थित २३ वटा विद्यालयहरू मध्ये भौगोलिक, आर्थिक, सूचना संकलनमा सहजता/सरलता र समयको अनुकुलता जस्ता पक्षलाई ख्याल गरी तेलियार तांखुवा दुई गा.वि.स.बाट २ वटा मा.वि., १ वटा नि.मा.वि.र १ वटा प्रा.वि. गरी जम्मा ४ वटा सामुदायिक विद्यालयहरू छनोट गरिएको र त्यसअन्तर्गतका शिक्षक, प्र.अ., विद्यार्थी, अभिभावक, वि.व्य.स. समिति सदस्य र स्रोतव्यक्तिलाई परिसीमीत जनसंख्याको रूपमा  छनोट गरी अध्ययनको मुख्य आधार बनाइएको छ ।

## ३.३ नमूना छनोट विधि

यस अध्ययन कार्यलाई सरल तथा सुनिश्चित ढंगबाट सम्पन्न गर्न नमूना छनोट विधिको रूपमा समान सम्भावनात्मक विधि (Random sampling method) हरूको चयन गरी नमूनाको आधार निर्धारण गरिएको रजसलाई यस अध्ययनको लागि परिसीमा निर्धाणर गरिएको विद्यालयमा आधारित भई अध्ययनको लागि केन्द्रित गरि प्रयोग गरिएको छ । यस्तै नमूना (जनसंख्या) को आकारको रूपमा तथ्याङ्क वा सूचना संकलनको क्रममा प्रत्यक्ष रूपमा सहभागी वा आवश्यक जनसंख्या मात्र नमूनाको आधार अन्तर्गत रहेका छन् जसलाई निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

तालिका नं. १ अध्ययनको लागि छनोट गरिएका नमूना जनसङ्ख्याको विवरण

| क्र सं | विद्यालय | प्र.अ. | शिक्षक | विद्यार्थी | वि.व्य.स सदस्य | अभिभावक | स्रोतव्यक्ति |
|---|---|---|---|---|---|---|---|
| १ | श्री तिलेश्वर मा.वि., तेलिया-३, धनकुटा । | १ | २ | २ | १ | १ | १ |
| २ | श्री दामोदर मा.वि. तांखुवा-२, धनकुटा । | १ | २ | २ | १ | १ | |
| ३ | श्री शारदा नि.मा.वि. तेलिया-३, धनकुटा | १ | २ | २ | १ | १ | |
| ४ | श्री मार्गेश्वरी प्रा.वि., तेलिया-३, धनकुटा | १ | २ | २ | १ | १ | |
| | जम्मा | ४ | ८ | ८ | ४ | ४ | १ |

स्रोत : स्थलगत अध्ययन -२०७२

## ३.४ नमूनाछनोटको आधार

यस अनुसन्धानात्मक अध्ययनमा नमूनाछनोटको आधार चयनको रूपमा भौगोलिक अवस्था, आर्थिक मितव्ययिता, सूचना प्राप्त गर्न सर्वसुलभता, सुगमता, समयको अनुकुलता, विश्वसतियता , वैद्यता जस्ता आधारभूत कुराहरूलाई प्रमुख मापदण्डको रूपमा अङ्गाल्दै धनकुटा जिल्लाको चुलाचुली स्रोतकेन्द्र अन्तर्गत रहेका ताँखुवा गा.वि.स.मा अवस्थित १ वटा मा.वि. र तेलिया गा.वि.स.बाट १/१ वटा मा.वि., नि.मा.वि. र प्रा.वि लाई नमूना विद्यालयको रूपमा छनोट गरिएको रत्यस अन्तर्गतका १/१ प्र.अ., २/२ जना शिक्षक, २/२ जना विद्यार्थी, १/१ जना वि.व्य.स. समिति अध्यक्ष, १/१ जना अभिभावक र १ स्रोतव्यक्ति सूचना संकलनको प्रमुख स्रोतको रूपमा रहेका छन् र यसका लागि समान सम्भावनात्मक विधिको प्रयोग गरिएको छ ।

## ३.५ अनुसन्धानका साधन

जुनसुकै अनुसन्धानात्मक कार्यलाई प्रभावकारी साथै ठोस उपलब्धिपूर्ण बनाउन अध्ययन अनुसन्धानका लागि सूचना संकलन गर्न विभिन्न साधनको आवश्यकतापर्दछ । यसै क्रममा शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था अध्ययनका लागि निम्नानुसारका साधनहरूको प्रयोग गरिएको छ ।

क) प्रश्नावली

ख) अन्तवार्ता सूची

ग) अवलोकन फारम

प्रश्नावली : यस अध्ययनकार्यका लागि आवश्यक,यर्थात र पर्याप्त सूचनाहरू प्राप्त गर्ने उद्देश्यले अनुसन्धानको साधनको रूपमा अनुसूची -१, २ र ३ मा प्रस्तुत प्रश्नावलीहरूकोप्रयोग गरी स्रोतव्यक्ति,प्र.अ., शिक्षकहरूबाट गुणात्मक सूचनाहरू प्राप्त गरियो ।

अन्तवार्ता सूचीः सूचना संकलनको क्रममा सम्वन्धित विद्यालयका विद्यार्थीर अभिभावकसँग प्रत्यक्ष भेटि पर्याप्त अन्तरक्रिया गरी आवश्यक सूचना संकलन तथा तथ्याङ्क प्राप्त गर्न आवश्यक भएकोले अनुसूची- ४ र ५मा प्रस्तुत अन्तरवार्ता सूचीको प्रयोग गरियो ।

अवलोकन फारमःअनुसूची- ६ देखि १३ सम्मकाअवलोकन फारमको प्रयोग गरी स्थलगत अध्ययन मार्फत विद्यालयको दस्तावेज, रेकर्डको विस्तृत अध्ययन गरी आवश्यक सूचना, तथ्याङ्क विवरण पत्तालगाई तिनको व्याख्य विश्लेषण गरी वास्तविक्ता पत्ता लगाइ उचित निष्कर्षमा पुगिएको छ ।

## ३.६ तथ्याङ्कका स्रोतहरू

यस अनुसन्धानात्मक कार्यका लागि तथ्याङ्कका स्रोतका रूपमा प्राथमिक र माध्यमिक ( द्वितिय) स्रोतहरू नै प्रयोग गरिएको छ ।

### ३.६.१ प्राथमिक स्रोतहरू

यस शोधकार्यको लागि अनुसन्धानको क्रममा प्राथमिक तथ्याङ्क संकलनका लागि अध्ययन कार्यसँग सम्बन्धित क्षेत्रका सरोकारवाला सूचनादाताहरूसँग शोधकर्ताले प्रत्यक्षरूपमा भेटी आवश्यक तथ्याङ्क तथा सूचना प्राप्त गर्ने उद्देश्यले विभिन्न प्रश्न गर्ने प्रश्नावलीहरू भराउने र अन्तरक्रियात्मक विधिद्वारा अन्तवार्तामा सहभागी भई तथ्याङ्क संकलन गरिएको साथै सरोकारवालाहरूसंग छलफल, भेटघाटबाट सूचना प्राप्त गर्ने कार्य गरिएको छ ।

### ३.६.२ माध्यमिक (द्वितीय) स्रोत

यस द्वितीय स्रोत विद्यालयका अभिलेख वा दस्तावेज,पुस्तकहरू, समीक्षात्मक टिप्पणी, प्रकाशित लेखहरू, स्रोतकेन्द्र प्रोफाइल अध्ययन, पत्रपत्रिका, शैक्षिक उपलब्धी मूल्याङ्कन फारम, शैक्षिक तथ्याङ्क, तालिम सञ्चालन निर्देशिका आदि प्रयोग गरिएको छ ।

## ३.७तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनको तथ्याङ्क संकलन गर्ने क्रममा सम्वन्धित विद्यालयका शिक्षक विद्यार्थी, अभिभावक, वि.व्य.स. समिति अध्यक्ष, प्र.अ., स्रोतव्यक्तिसँग प्रश्नावली भराइ सरोकारवालाहरूसंग छलफल, अन्तरक्रिया र अन्तर्वार्ताको माध्यमद्वारा साथै सम्वन्धित विद्यालयमा गई विषयवस्तुसँग सम्वन्धित आवश्यक सूचनाका लागि विद्यालयका दस्तावेज अभिलेख वा सम्वन्धित कागजातहरू उपलब्ध गराई पर्याप्त तथ्याङ्क संकलन गरी अध्ययनकार्य गरिएको छ ।

## ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्कसङ्कलन प्रक्रियालाई प्रस्ताव गरिसकेपछि तिनिहरूलाई व्याख्या विश्लेषण गरिने रणनीतिहरूलाई उल्लेख गर्नु पर्दछ । तथ्याङ्कशास्त्राीय विधिहरू कुन कुन प्रयोग गर्ने र विश्लेषण गरिएका तथ्याङ्याकलाई के कसरी प्रस्तुत गरिने हो उल्लेख गर्नु पर्दछ (खनाल, २०६५) । यसै अनुरूप यस  शोध अध्ययनकोसूचना प्राप्तिको लागि प्रश्नावली, अन्तर्वाता सूचि र अवलोकन फारमको प्रयोग गर्दै प्रत्यक्ष भेटवार्ता,अन्तरक्रियाबाट साथै आवश्यक अभिलेख,दस्तावेज र मूल्याङ्कन फारम अध्ययन अवलोकन गरि आवश्यक्ता अनुरूपसूचनाहरू संकलन गरियो । साथै सूचना र तथ्याङ्कहरूलाई गुणात्मक र तथ्याङ्कशास्त्रीय विधिहरूको प्रयोग गरि व्याख्या विश्लेषण गर्ने कार्य गरियो ।

# परिच्छेद चार : सूचनाको व्याख्या तथा विश्लेषण

विद्यालयमा सञ्चालित शिक्षकको पेसागत विकास (टिपिडी)तालिमकार्यान्वयको अवस्था शीर्षकमा आधारित भई गरिएको यस अध्ययनको उद्देश्य अनुरूपछनोट गरिएको विद्यालय, सरोकारवाला व्यक्ति वा पक्षहरूबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूको व्याख्या तथा विश्लेषण निम्नानुसार गरिएको छ।

## ४.१ शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था

यस अध्ययन कार्यको उद्देश्य प्राप्ति गर्ने लक्ष्यका साथ विद्यालयमा सञ्चालन भइरहेको टिपिडी तालिम कार्यान्वयनको अवस्था, प्रभावकारिता, समस्याहरू र तिनको समाधानका उपायहरूको खोजि तथाअध्ययन गर्ने सन्दर्भमा नमूना अध्ययन क्षेत्रको रूपमा छनोटगरिएको धनकुटा जिल्लाको १५ स्रोतकेन्द्र अन्तर्गत चुलाचुली स्रोतकेन्द्रलाई अध्ययनको मुख्य क्षेत्र छनोट गरि सो स्रोतकेन्द्रमा रहेका २३ वटा विद्यालयहरू मध्ये तेलिया गा. वि.स.मा अवस्थित श्री तिलेश्वर मा. वि.तेलिया -२, श्री शारदा नि.मा. वि. तेलिया-८, श्री मार्गेश्वरी प्रा. वि. तेलिया-३ र ताँखुवा गा.वि.स.को श्री दामोदर मा.वि. ताँखुवा-२ लाई अध्ययनको केन्द्रविन्दु बनाई सूचना र तथ्याङ्क संकलन गरि तिनिहरूको व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ। यस अध्ययनका लागि आवश्यक सूचना संकलनको कममा सम्बधित विद्यलयमा गई अध्ययन कार्यसँग सम्वन्धित सूचनाहरू स्रोतव्यक्ति, प्र.अ., वि.व्य.स.अध्यक्ष, अभिभावक, शिक्षक,र विदयार्थीहरूसँग प्रत्यक्ष भेटि प्रश्नावलीको प्रयोग साथै अन्तवार्ता गरि सङ्कलन गरिएको छ। जसअनुसुार प्राप्त सूचना वा विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

### ४.१.१ शिक्षकको पेसागत विकास तालिम सम्वन्धि तथ्याङ्कगत विवरण

गुणात्मक एवं स्तरीय शिक्षाको पहुच सबै वालवालिका सम्म पु¥याउने, यसका लागि शिक्षकको पेसागत दक्षता र सीप वृद्धि गर्ने साथै विद्यालयको सिकाइ उपलब्धिमा उल्लेखनिय सुधार गर्न सहयोग पु¥याउने लक्ष्यका साथ टिपिडी तालिम देशभरिका सामुदायिक विद्यालयहरूमा सञ्चालन भइरहेको र यसै अनुरूप यस चुलाचुली स्रोतकेन्द्रमा पनि विगत ०६६/०६७ देखि हालसम्म निरन्तर टिपिडी तालिम सञ्चालनमा रहेको र यस स्रोतकेन्द्रमा २ वटा उ.मा.वि., ३ वटा मा.वि.,२ वटा नि.मा.वि.र १६ वटा प्रा.वि.रहेका तिनिहरूमा अध्यापन गराउने शिक्षकहरू प्रा.वि.मा ११२ जना, नि.मा.वि.मा ३१ जना र मा.वि.मा २५ जना गरी जम्मा १६८ जना रहेका छन्। यस्तै

विद्यार्थीहरू प्रा.वि. मा ६०६ छात्रा/६०१ छात्र, नि.मा.वि.मा ३८८ छात्रा/ ३२४ छात्र र मा.वि.मा २५३ छात्रा/ २०५ छात्र गरि जम्मा २३७७ जना अध्ययनरत रहेको अवस्था पाइयो । यस्तै यस चुलाचुली स्रोतकेन्द्र अन्तर्गतका विद्यालयमा विभिन्न तहमा अध्यापन गराइ रहेका शिक्षकहरूको पेसागत विकास तालिममा सहभागिताको अवस्था अध्ययन गर्दा तपसिल वमोजिम रहेको पाइयो ।

तालिका नं. २ स्रोतकेन्द्रगत शिक्षकहरूको टिपिडी तालिम सहभागिता विवरण

| क. सं. | तहगत विवरण | लिदै नलिएका | पहिलो चरण | दोस्रो चरण | तेस्रो चरण | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | प्राथमिक तह | ६ | २२ | ४० | ४४ | ११२ |
| २ | नि.मा. तह | २ | - | १० | १९ | ३१ |
| ३ | मा.वि. तह | ३ | - | ९ | १३ | २५ |
| ४ | जम्मा | ११ | २२ | ५९ | ७६ | १६८ |

श्रोत :- स्थलगत सर्वेक्षण-२०७२

प्रस्तुत तालिका अनुसार यस चुलाचुली श्रोतकेन्द्रमा टिपिडी तालिममा सहभागी शिक्षकहरूको अवस्था अध्ययन गर्दा प्रा.वि.तहमा ११२ जना शिक्षकहरू मध्ये पहिलो चरणमा २२, दोस्रो चरणमा ४० जना, तेस्रो चरणमा ४४ जना र तालिम नै नलिने ६ जना रहेका, यस्तै नि. मा.वि. तहमा ३१ शिक्षकहरू मध्य दोस्रो चरणमा १० जना, तेस्रो चरणमा १९ र लिदै नलिएका २ जना र मा. वि. तहमा २५ शिक्षकहरू मध्ये दोस्रो चरणमा ९ जना, तेस्रो चरणमा १३ जना र लिदै नलिएका ३ जना रहेको अवस्था पाइयो । यस तथ्याङ्क अनुसार ०७१/०७२ सम्ममा सबै शिक्षकहरूलाई टिपिडी तालिम दिलाई सक्ने यसकार्यक्रमको नीतिगत लक्ष्य तथा योजना रहेको भए तापनि अझै यस श्रोतकेन्द्रमा तालिम लिदै नलिएका ११ जना, पहिलो र दोस्रो चरणमा ८१ जना गरि जम्मा ९२ जना (५४.७६%) ले तालिम पूरा गर्न बाँकि नै रहेका र७६ जना (४५.२३%) ले मात्र तालिम पूरा गरेको स्थिति देखियो ।

### ४.१.२ अध्ययनका लागि छनोट गरिएका विद्यालयको टिपिडी तालिमको अवस्था

यस अध्ययनकोलागि सूचना सङ्कलनको मुख्य आधारको रूपमा छनोट गरिएका विद्यालयको शिक्षकहरूको टिपिडी तालिममा सहभागिताको अवस्था अध्ययन गर्दा निम्न अनुसार रहेको पाइयो ।

तालिका नं. ३ अध्ययनका लागि छनोट गरिएका विद्यालयको टिपिडी तालिमको विवरण

| क.सं. | विद्यालय | शिक्षक संख्या | | प्रथम | दोस्रो | तेस्रो | लिदै | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | चरण | चरण | चरण | नलिएका | |
| १ | श्री तिलेश्वर मा.वि. तेलिया-३,धनकुटा । | ६ | ४ | - | २ | ४ | ४ | १० |
| २ | श्री दामोदर मा.वि. ताँखुवा-२, धनकुटा । | ८ | २ | - | २ | ८ | - | १० |
| ४ | श्री शारदा नि.मा.वि तेलिया-८, धनकुटा । | ५ | २ | - | - | ६ | १ | ७ |
| ५ | श्री मार्गेश्वरी प्रा.वि. तेलिया-३,धनकुटा । | ३ | - | - | १ | २ | - | ३ |
| जम्मा | | २२ | ८ | - | ५ | २० | ५ | ३० |

श्रोत :- स्थलगत सर्वेक्षण -२०७२

प्रस्तुत तथ्याङ्क अनुसार अध्ययनका लागि छनोट गरिएका विद्यालयमा जम्मा ३० जना शिक्षकहरू रहेका जस मध्ये पहिलो चरणको तालिम सबैले पूरा गरि दोस्रो चरण समेत पूरा गर्ने ५ जना, तेस्रो चरण पूरा गर्ने २० जना र तालिमनै नलिएका शिक्षकहरूको संख्या ५ जना रहेको स्थिति पाइयो । जस अनुसार टिपिडी तालिम पूरा गर्ने शिक्षकहरूको संख्या २० जना वा ६६% रहे तापनि अझै तालिम पूरा गर्न १० जना वा ३४% शिक्षकहरू बाँकि नै रहेको अवस्था पाइयो । यस्तो हुनुको प्रमुख कारणमा तालिम कोटाको पर्याप्त व्यवस्था नगरिनु,साथै शिक्षकहरूले पनि तालिम सहभागिताको लागि खासै चाँसो र तत्परता नदेखाइएको स्थिति देखिन्छ ।

## ४.२ शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था सम्बन्धि दृष्टिकोण

यस शिक्षकको पेसागत विकास तालिम विद्यालय कक्षाकोठामा कार्यान्वयनको अवस्था अध्ययन गर्ने र सो सम्वन्धि धाराण सरोकारवाला व्यक्तिहरूको कस्तो रहेको छ उक्त तथ्य पहिचान तथा अध्ययनका साथै विश्लेषण गर्ने अभिप्रायका साथ यस स्रोतकेन्द्र अन्तर्गत रहेका विद्यालयहरू मध्ये नमूनाको रूपमा छनोट गरिएका विद्यालयमा गई तालिममा शिक्षकको सहभागिता, तालिम कार्यान्वयनको अवस्था र यसमा सरोकारवालाहरूको भूमिका र सहयोग साथै तालिमले हाँसिल गरेका उपलब्धि सम्बन्धि सत्य तथ्य सूचना र तथ्याङ्कहरू संकलन गरी अध्ययन गर्ने र तालिम सम्बन्धित सरोकारवालाहरू संग प्रत्यक्ष भेटी वा प्रश्नावली मार्फत उनिहरूको टिपिडी तालिम प्रतिको विचार वा धारणासङ्कलन गरी व्याख्या विश्लेषण गर्ने कार्य गरिएको छ। जसलाई निम्न वमोजिम प्रस्तुत गरिएको छ।

### ४.२.१ स्रोतव्यक्तिको टिपिडी तालिम कार्यान्वयनको अवस्था सम्बन्धि दृस्टिकोण

यस चुलाचुली स्रोतकेन्द्र अर्न्तगतका सामुदायिक विद्यालयमा सञ्चालित टिपिडी तालिम र यसको कार्यान्वयनको स्थिति अध्ययन गर्ने कममा चुलाचुली स्रोतकेन्द्रका श्रोतव्यक्तिसँग प्रश्नावली मार्फत साथै प्रत्यक्ष भेटी तालिमको कार्यान्वयन र प्रयोग सम्बन्धि धारणा वुझ्दा टिपिडी तालिम निर्धारित नीति तथा लक्ष्य अनुरूप सञ्चालन गरिएको साथै प्रभावकारी शिक्षणमा सहयोग र शिक्षकको पेसागत सीप, दक्षता अभिवृत्ति गर्ने मूलआसयका साथ तालिम कार्यान्वयनमा जोड दिईएको छ। जसले आम शिक्षकहरूमा शिक्षण सम्वन्धि थप ज्ञान, सीप वढाउन सहयोग गरेको, शिक्षण सुधार योजना ( TIP) निर्माण, पाठनोट तयारी र प्रयोग, कार्यमुलक अनुसन्धान र खोजमूलक विधिहरू मार्फत शिक्षण गर्ने, परियोजना कार्यमा आधारित अध्यपन गर्ने जस्ता नविनतम शिक्षण विधिहरूको ज्ञान तालिम मार्फत शिक्षकहरूलाई प्रदान गरिएको, र कक्षाकोठामा महसुस भएका शिक्षण सम्बन्धि कठिनाई वा समस्याहरूलाई यस तालिम मार्फत समाधान गरी सिकाइलाई सार्थक वनाउन र सिकाइ उपलब्धिमा सुधार ल्याउन यो तालिम निकै नै उपयोगी रहेकोभएता पनि विद्यालयमा तालिम कार्यान्वयको स्थिति सन्तोषजनक नपाइएको, चाहिए वा अपेक्षा गरिए जति उपलब्धि हाँसिल गर्न नसकिरहेको, तालिमले अपनत्व भने ग्रहण गरिनसकेको, तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको शिक्षण प्रवृत्तिमा खासै भिन्नता नपाइएको, व्यवहारिक जीवनमा तालिमको वास्तविक रूपमा प्रयोग नभएको, औपचरिक्ता पूरा गर्नमा मात्र सिमित रहेकोधारणा स्रोतव्यक्तिको रहेको पाइयो।

प्रस्तुत स्रोतव्यक्तिको टिपिडी तालिम प्रतिको धारणा र विद्यालयमा तालिम कार्यान्वयको अवस्था सन्दर्भमा स्थलगत अध्ययन गर्दा तालिम अवधिभर शिक्षकहरू तालिम प्रयोजनका लागि सक्रिय रहने गरेको तर तालिम अवधि पूरा भएपछि शिक्षकहरू जागरुक नदेखिएको,निष्क्रिय रहने गरेको, तालिमको नीति निर्माता देखि कार्यान्वयन तहसम्म तालिमको प्रभावकारी प्रयोग र कार्यान्वयनका लागि जिम्मेवार भई प्रस्तुत हुन नसकेको, समयमै निर्धारित कार्यतालिका अनुरूप तालिम सञ्चालनको व्यवस्था हुन नसक्नु, शिक्षकहरूमा पेसागत क्षमता विकास र वृद्धिको लागि इच्छा शक्तिको अभाव र प्रतिवद्धताका ज्यादै कमि रहेको जस्ता धेरै कुराहरूको कमीकमजोरी टिपिडी तालिम सञ्चालन र कार्यान्वयन पक्षमा रहेका कारण तालिमले सोचिएजति उपलब्धि हाँसिल गर्न नसकिरहेको अवस्था पाइयो । शिक्षकहरूले शिक्षण सुधार योजना, पाठनोट निर्माण र तयारी गरेको पाइएता पनि सोको वास्तविक र औपचारिक रूपमा प्रयोग नभएको साथै तालिमको व्यवहारिक कार्यान्वयनका लागि परामर्शकार्य, छलफल र नियमित विद्यालय अनुगमन गरिएको सन्दर्भ उल्लेखित भएता पनि सो कार्य पर्याप्त नभएको साथै स्रोतव्यक्ति, वि.व्य.स.र अभिभावकहरूद्वारा विद्यालय अनुगमनको स्थिति ज्यादै न्यून रहेको अवस्था पाइयो ।

### ४.२.२ प्र.अ.हरूद्वारा टिपिडी तालिम कार्यान्वन सम्वन्धि प्रस्तुत धारणा

टिपिडी तालिम कार्यान्वयनको स्थिति सर्न्दभमा अध्ययन क्षेत्रका रूपमा रहेका विद्यालयहरू अन्तर्गत श्री तिलेश्वर मा. वि. का प्र.अ.का अनुसार, टिपिडी तालिमले शिक्षकहरूको पेसागत क्षमता विकास गर्न र शिक्षणमा सुधार गर्न सहयोग गरेको र यस तालिम शिक्षकहरूको लागि उपयोगी रहेको सकारात्मक प्रतिक्रिया रहेको पाइयो । पाठमा आएका समस्या र कठिनाईहरूलाई छलफलद्वारा समाधान गर्न प्रेरित गरेको, जसका लागि शिक्षकहरूले परियोजनाकार्य अर्न्तगत घटना अध्ययन, कार्यमूलक अनुसन्धान, नतिजा विश्लेषण जस्ता कार्य गर्ने गरेको र तिनिहरूको प्रयोग सम्वन्धि अवलोकन गर्ने गरिएको पाइयो ।

प्रस्तुत टिपिडी तालिम कार्यान्वयनको सम्वन्धमा यस विद्यालयका प्र.अ.द्वारा व्यक्त विचार अनुसारका कार्यहरूको सन्दर्भमा विद्यालयको स्थलगत अवलोकन मार्फत अध्ययन गर्दा शिक्षकहरूलाई तालिमले संज्ञानात्मक रूपमा सवल र सक्षम वनाएको भएता पनि तालिमका ज्ञान, सीपलाई कक्षाकोठामा प्रयोगको अवस्था हुनु पर्ने जति पर्याप्त नपाइएको, TIP र पाठनोट शिक्षकहरूद्वारा तयार गरिएको भए तापनि सोको वास्तविक प्रयोग शिक्षणमा नभएको, तालिमको ठोस कार्यान्वयनको लागि गरिनु पर्ने क्रियाकलापहरू जस्तै, वि.व्य.स.तथा अभिभावकहरूका साथ

नियमित कक्षा अवलोकन गर्ने, शैक्षिक सामग्रीको सङ्कलन र प्रयोगका लागि आवश्यक सुझाव दिने, तालिमबाट शिक्षणमा सुधार र प्रगति भएनभको समिक्षा गर्ने, वैठक वा परामर्श कार्यमा तालिमको ठोस कार्यान्वयन र प्रभावकारी प्रयोगको सम्वन्धमा छलफल गर्ने तथा सुधारका लागि आवश्यक सुझाव दिने जस्ता महत्वपूर्ण कार्यहरूमा प्र.अ.को भूमिका केहि हदसम्म राम्रो र प्रयत्नसिल रहेको पाइए तापनि सोकार्य अपुग भएको अवस्था देखिन्छ ।

यस्तै श्री दामोदर मा.वि.का प्र.अ.द्वारा टिपिडी तालिम कार्यान्वयको अवस्था सम्वन्धिप्रस्तुत विचार अनुसार, शिक्षकको पेसागत विकास तालिमको कार्यान्वयन सन्तोषजनक रूपमा सम्पन्न भइरहेको, शिक्षणकार्यमा सुधार गर्न सहयोगी तालिम सावित भएको, शिक्षकहरूले परियोजना कार्य अन्तर्गत कार्यमूलक अनुसन्धान, घटना अध्ययन जस्ता कार्य गर्ने गरिएको, शैक्षिक सामग्री निर्माण र प्रयोगमा ससहयोग गरेका, ,पेसागत क्षमता वृद्धि गर्न, समस्याको प्राथमिकरण गरी शिक्षणकार्य सम्पन्न गर्न, जस्ता नयाँ कुरा शिक्षकलाई सिकाएको छ । तथापी यस तालिमको सञ्चालन, व्यवस्थापन पक्षमा भएको ढिलासुस्ति र केहि कमिकमजोरीका कारण सोचेजस्तो कार्यसफलता हाँसिल गर्न भने नसकि रहेको र औपचारिक्तामै सिमित रहेकोधारणा रहेको पाइयो ।

प्रस्तुत प्र.अ.को भनाइ अनुरूप विद्यालयमा तालिमको कार्यान्वयनको अवस्था तथा प्रगति स्थिति अवलोकन गर्दा तालिमले धेरै हदसम्म शिक्षकहरूलाई प्रभावकारी शिक्षणका लागि सवल र सक्षम बनाउने कार्य गरेको, प्र.अ.को तर्फबाट सबै शिक्षकहरूलाई तालिमले निर्दिष्ट गरेका कार्यहरू गर्न, क्रियाकलाप केन्द्रित शिक्षण गर्न, शैक्षिक सामग्रीको प्रयोगको स्थितिमा सुधार गर्न, नियमित अनुगमन र परामर्श कार्य गर्न केहि हदसम्म प्रयत्नशिल रहनु भएको पाइए तापनि तालिमलाई ठोस रूपमा कार्यान्वयन गराउने, शिक्षकहरूलाई प्रभावकारी शिक्षणको लागि सक्रिय वनाउने, नियमित अभिभावकका साथ हरेक शिक्षकहरूका कक्षा अवलोकन गर्ने, विद्यार्थी नियमितता गराउने, शिक्षक स्टाफ तथा प्र.अ. बैठकहरूमा तालिमको कार्यान्वयनको अवस्था र प्रगति सम्वन्धमा छलफल, परामर्श र पृष्ठपोषण दिने र तालिमलाई व्यवहारिक रूपमा प्रयोग गर्ने र गराउने कार्य भने हुन नसकेको अवस्था देखियो ।

यसैगरी, श्री शारादा नि. मा. वि. का प्र.अ.द्वारा प्रस्तुत विचार वा धारणाअनुसार, टिपिडी तालिमको नीति तथा कार्यक्रम शिक्षकको पेसागत विकास र शिक्षणमा सुधारका लागि उपयोगी र सान्दर्भिक रहेको छ । यसले आम शिक्षकमा नविनतम शिक्षण विधि र प्रविधिको जानकारी गराई उनिहरूमा पेसाप्रति उच्च आत्ममनोवल बढाएको छ । विद्यालयमा उपलब्ध स्रोत र साधनहरूको

अधिक्तम प्रयोग गरी सिकाइ उपलब्धि सुधार गर्न, शैक्षिक स्तर वृद्धि गर्न र विद्यालयका विषयगत तथा अन्य शैक्षिक कठिनाई वा समस्याहरू समाधानका लागि विज्ञ वा सरोकारवालाहरूसँग छलफल गरी अगाडी बढ्न तालिमले अभिमूखिकृत गरेको,सिकाइलाई नतिजामुखी बनाउने, विषयगत समस्याहरूलाई छलफलद्वारा समाधान गर्ने जस्ता राम्रा कार्यहरू तालिमको उपयोगी पक्ष हुदा हुदै पनि  तालिम लिई सकेका शिक्षकहरूले तालिमलाई अपनत्व ग्रहण तथा आत्मसाथ गर्न नसकेको, तालिमलाई व्यवहारिक रूपमा प्रयोग गर्न नसकिरहेको,तालिमको प्रभावकारी प्रयोगलाई शिक्षणमा निरन्तरता दिन नसक्दा टिपिडी तालिम पनि आशा र अपेक्षा गरिए जति प्रभावकारी र सार्थक बन्न नसकि रहेको अवस्था रहेको कुरा बताउनु भएको पाइयो ।

यस विद्यालयमा उपस्थित भई टिपिडी तालिम कार्यान्वयन र प्रयोगको स्थिति अवलोकन गर्दा वास्तवमै शिक्षकहरूले तालिमबाट केहि शिक्षण सम्वन्धि नयाँ ज्ञान, सीपहरू सिक्ने अवसर प्राप्त गरेको, तालिमले शिक्षकहरूमा केहि उर्जा थपेको, उनीहरूलाई दायित्वको वोध गराएको भए तापनि सो अनुरूप कार्य हुन नसकेको, तालिमको वास्तविक कार्यान्वयनका लागि प्र.अ.द्वारा ठोस कार्यहरू हुन र गर्न नसकेको, तालिमको मापदण्ड अनुरूप कार्य भएनभएको कार्य प्रगतिको समिक्षा गर्ने, आवश्यक सुधारयोग्य पक्षको सन्दर्भमा शिक्षक तथा सरोकारवालाहरूसँग छलफल गर्ने र निर्णय लिने, विद्यार्थीहरूलाई विद्यालयमा नियमित गराउने कार्यका लागि प्र.अ.बाट केहि मात्रमा प्रयास गरिएको अवस्था रहेतापनि सो अपर्याप्त भएको स्थिति अध्ययनको कममा देखियो ।

यस्तै श्री मार्गेश्वरी प्रा.वि.का प्र.अ.का टिपिडी तालिम कार्यान्वयनको अवस्था सम्वन्धि दृष्टिकोण अनुसारशिक्षकको पेसागत विकास तालिमले विद्यालयका शिक्षकहरूको पेसागत सीप र दक्षता विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको, शिक्षकहरूलाई आफ्नो जिम्मेवारी प्रति वफादार बनि कार्यक्षेत्रमा काम गर्न सचेत बनाएको, कक्षाकोठामा परियोजना कार्यहरू मार्फत शिक्षण गर्ने सीप प्रदान गरेको, तालिम विद्यालयको सिकाइ स्तर सुधार र वृद्धि गर्न धेरै नै उपयोगी रहेको तर तालिमले सिकाएका ज्ञान, सीपलाई कक्षाशिक्षणमा प्रभावकारी रूपमा प्रयोग गर्न भने नसकिएको, साथै साधन स्रोतको अभाव र शिक्षकहरूको तालिम प्रतिको तत्परतामा कमिका कारण टिपिडी तालिमले पनि लक्ष्य अनुरूप उपलब्धि हाँसिल गर्न नसकेको सो तथ्यप्रति सजग र सचेत हुन आवश्यक रहेको कथन प्र.अ.को रहेको पाइयो ।

वास्तवमा विद्यालयको सर्बपक्षिय विकासमा प्र.अ.को जिम्मेवारी गहन रहन्छ । यस्तै यो तालिमको प्रभावकारी कार्यान्वयन र प्रयोगमा पनि विद्यालय प्र.अ.हरूको सर्वोपरि भूमिका रहन्छ ।

यस विद्यालयमा पनि तालिमको सफल कार्यान्वयन र प्रयोगका लागि सबै शिक्षकहरूलाई कक्षाशिक्षणमा परियोजना कार्य गरि शिक्षण गर्न, TIP को निर्माण र सोहि योजना अनुरूप शिक्षण गर्न, सिकाइ स्तरमा सुधार र वृद्धि गर्न, आफ्नो कार्यक्षेत्रमा सक्रिया भई कार्य गर्न प्र.अ.द्वारा आवश्यक सुझाव र सहयोग गरिएको अवस्था रहेता पनि शिक्षकहरूको कार्यशैली पूरानै रहेको, शैक्षिक साधन र सामग्रीको प्रयोगको अवस्था ज्यादै न्यून रहेको, प्र.अ.द्वारा पनि तालिमको निर्देशित शर्त वा कार्यहरूपूरा गराउने र सो प्रवृत्तिलाई निरन्तरता दिने र तालिमको मापदण्ड अनुरूप कार्य भए नभएको तर्फ नियमित अवलोकन र अनुगमन गर्ने साथै सोबाट प्राप्त पृष्ठपोषणका आधारमा सुझाव सल्लाह दिने जस्ता कार्यमा त्यति ध्यान वा समय दिन नसकेको स्थिति यस विद्यालयमा रहेको पाइयो ।

## ४.२.३ शिक्षकहरूद्वारा टिपिडी तालिम कार्यान्वयन सम्बन्धिप्रस्तुत विचारहरू

टिपिडी तालिम कार्यान्वयनको अवस्था सम्बन्धमा प्रस्तुत धारणा अध्ययन गर्ने सिलसिलामा अध्ययनका लागि छनोट भएका विद्यालयमा गई शिक्षकहरूको विचार सङ्लन गर्दा श्री तिलेश्वर मा. वि.का शिक्षकहरूद्वारा प्रस्तुत दृष्टिकोण अनुसार टिपिडी तालिम समग्रमा शिक्षकको पेसागत हितमा रहेको,  विगतका तालिम भन्दा यो तालिम यो अर्थमा भिन्न रहेको छ , यसले शिक्षकलाई विषयगत समस्या पहिचान गर्ने, समस्या समाधानका लागि विज्ञहरूसँग छलफल गर्ने र समाधानका उपायहरू पत्तालगाने, विद्यार्थी केन्द्रित विधिको अधिकतम प्रयोग गर्ने, प्र.अ., अभिभावक,शिक्षक, र विद्यार्थीविच प्रभावकारी शिक्षणका लागि निरन्तर सहकार्य, छलफलर गर्ने, र पेसागत रूपमा शिक्षकलाई सक्षम बनाउन ठूलो सहयोग गरेको छ भन्ने दृष्टिकोण रहेको पाइयो ।

यस विद्यालयमा टिपिडी तालिम कार्यान्वयनको स्थिति र शिक्षकहरूको तालिमप्रतिको धारणा अनुरूप कार्यको अवस्था अध्ययन गर्न विद्यालयमा उपस्थित भई अवलोकन गर्दा, तालिमले शिक्षकहरू संज्ञानत्मक हिसावले सक्षम र सवल भएको तर व्यवहारिक पक्षमा सुधार नआएको देखियो । शिक्षकहरू सबैले TIP निर्माण र पाठनोट तयारी गर्ने कार्य गरिएको भए तापनि तिनको वास्तविक र औपचारिक रूपमा कक्षाशिक्षणमा प्रयोग भने नभएको अवस्था देखियो ।

यस्तै श्री दामोदर मा. वि. का शिक्षकहरूद्वारा प्रस्तुत विचार अनुसार,टिपिडी तालिमले विद्यालयको सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन सहयोग र सहजता प्रदान गरेको, यसका लागि आवश्यक ज्ञान, सीप प्राप्त गर्ने अवसर मिलेको साथै तालिममा सिकिएका सिकाइलाई सकेसम्म कक्षाकोठामा प्रयोग गर्ने प्रयास गरिएको, तालिमले हामी शिक्षकहरूलाई विद्यार्थीको

सिकाइ उपलब्धि बढाउन नयाँ शिक्षण विधि र शैलीको वोध गराएको, तालिमलाई साच्चै सार्थक र उपलब्धिपूर्ण बनाउन, कठिनाई पहिचान गर्ने कार्यमा शिक्षकलाई गम्भिर बनाई समस्या समाधान गर्न यो तालिमले सहयोग गर्ने हँदा यो तालिम उपयोगी रहेकोराय भेटियो ।

यस विद्यालयका शिक्षकहरूको तालिमप्रतिको दृष्टिकोण उपर्युक्त अनुरूप भएको पाइए तापनि विद्यालयमा तालिमको प्रभावकारी प्रयोगको अवस्था कमजोर रहेको, तालिमले शिक्षकहरूलाई खासै जोसिला नबनाएको, कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोगको स्थिति ज्यादै न्यून रहेको, शिक्षकहरूद्वारा शिक्षण सुधार योजना निर्माण गरिएको भए तापनि सो अनुरूप पाठनोट तथा क्रियाकलाप तयार गरि शिक्षण कार्य नभएको, शिक्षकहरू कसैले पनि विभिन्न शीर्षकमा कार्यमुलक अनुसन्धान, घटना अध्ययन जस्ता परियोजन कार्य गरि अभिलेखिकरण नराखिएको जसका कारण तालिमले अपेक्षा गरिए अनुरूप उपलब्धि हाँसिल गर्न नसकेको अवस्था पाइयो ।

यसै सन्दर्भमा, श्री शारदा नि.मा. वि.का शिक्षकहरूद्वारा प्रस्तुत विचारको चर्चा गर्नु पर्दा तालिमले शिक्षकहरूलाई विषयगत र पाठगत कठिनाई वा समस्याहरूमा केन्द्रित भई समस्या समाधानमा सहयोग गरेको, कक्षा क्रियाकलापलाई वृद्धि गर्न, शैक्षिक सामग्रीको प्रयोगमा प्राथमिकता दिन, तालिम धेरै उपयोगी रहेको कुरा शिक्षकहरूले बताउनु भएको छ । साथै टिपिडी तालिममा शिक्षण सुधारका लागि यति धेरै प्रयासका आधारहरू भए तापनि निर्दिष्ट समयमा तालिम सञ्चालन नहुदा, तालिमको पूर्वतयरी र व्यवस्थापन कार्य गुणात्मक नहुदा साथै शिक्षकहरूले पनि तालिमले निर्देशित गरेका कार्यहरूलाई कक्षाशिक्षणमा पूर्णरूपमा कार्यान्वयन गर्न नसक्दा टिपिडी तालिम सार्थक र प्रभावकारी बन्न नसकेको राय भेटियो ।

यस विद्यालयमा उपस्थित भई टिपिडी तालिम कार्यान्वयनको अवस्था अध्ययन तथा अवलोकन गर्दा तालिमले शिक्षकहरूलाई पेसागत क्षमता र दक्षता वढाउने काममा केहि हदसम्म सहयोग गरेको अवस्था पाइए तापनि शिक्षकहरूले तालिमले निर्देशित गरेका कार्यहरूलाई कक्षाशिक्षणमा पूर्णरूपमा कार्यान्वयन गर्न नसकेको, कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको स्थिति ज्यादै कम रहेको जसका कारणटिपिडी तालिम नीतिगत रूपमा राम्रो हुदाहुदै पनि लक्ष्य अनुरूप उपलब्धि हाँसिल गर्न सक्षम नभएको अवस्था रहेको, जसलाई सार्थक र प्रभावकारी बनाउन विद्यालयका शिक्षकहरू मात्र नभई सम्पूर्ण सरोकारवाला पक्षहरू जिम्मेवारी र कर्तव्यनिष्ठ पूर्वक लागिपर्नु पर्ने खाँचो रहेको अवस्था पाइयो ।

यसैक्रममा श्री मार्गेश्वरी प्रा. वि. का शिक्षकहरूद्वारा प्रस्तुत विचार अनुसार,शिक्षकको पेसागत विकास तालिमले सिकाइलाई ठोस उपलब्धिमा परिणत गर्ने सहयोग गरेको अनुभूति भएको, यसले शिक्षण सुधार योजना निर्माण गरि कक्षा शिक्षण गर्ने सीप विकास गरेको, जसमा निर्धारण गरिएका लक्ष्य र योजना अनुरूप शिक्षण गर्दा समय र श्रोतसाधनको उचित रूपमा सदुपयोग भई सिकाइमा सुधारात्मक स्थिति देखा परेका जस्ता धेरै कुराहरू तालिमका सुन्दर पक्ष भएको कुरा बताउनु भएको छ ।

यस विद्यालयका शिक्षकहरूको टिपिडी तालिमप्रतिको दृस्टिकोण सकारात्मक भएको, तालिमले शिक्षकहरूलाई शिक्षण सम्बन्धि धेरै ज्ञान सीप प्रदान गरि पेसागत रूपमा सवल र सक्षम वन्न मदत गरेका जस्ता भनाई पाइए तापनि विद्यालयमा अवलोकन गर्दा शिक्षकहरूद्वारा तालिममा सिकिए र निर्देशित गरिए वमोजिम तालिमको सीप र प्रविधिहरूको प्रयोग कक्षाशिक्षणमा गर्न नसकेको, शिक्षण सुधार योजना अनुरूप कार्यहरू शिक्षकहरूबाट नियमित नगरिएको, विद्यार्थी उपस्थितिलाई नियमित गराउन अभिभावक र विद्यालय दुबै स्तरबाट खासै चासो नदेखाईएको र यिनै विविध कारण र कमिकमजोरीको कारण टिपिडी तालिमले पनि विगतका तालिम भन्दा खासै उपलब्धि र सफलता हाँसिल गर्न नसकेको ठहर यस अध्ययनको रहेको छ ।

## ४.२.४ वि.व्य.स.अध्यक्षहरूकोटिपिडी तालिम कार्यान्वन सम्बन्धि दृस्टिकोण

टिपिडी तालिम कार्यान्वयनको अवस्था सम्वन्धि छनोट गरिएका विद्यालयका वि.व्य.स. अध्यक्षहरूलाई अन्तर्वाता सूचिको प्रयोग गरी धारणा वुझ्ने कार्य गर्दा प्राप्त विचारहरूलाई तल प्रस्तुत गरिएको छ ।

श्री तिलेश्वर मा.वि.का वि.व्य.स.अध्यक्षकाअनुसार, विद्यालयमा अनुगमन कार्य आवश्यक्ता अनुसार समय समयमाभइरहेको, शिक्षकहरूलाई तालिमको अवसर प्रदान गर्दै सहभागी गराईएको, तालिमबाट फर्किएका शिक्षकमा शिक्षणका लागि सीप, क्षमतामा वृद्धि र व्यवहारमा सोचिए जति परिवर्तन भएको पाइए तापनि केहि मात्रमा सुधार वा परिवर्तन भएको पाइएको, TIP निर्माण र प्रयोग, दैनिक शिक्षण क्रियाकलाप तयारी, परियोजना कार्यमार्फत शिक्षण आदि कार्यहरू शिक्षकहरूले गर्ने गरिएको तर तालिम नलिएका शिक्षहरूमा यो सीप कमी रहेको धारणा रहेको पाइयो । यस्तै यस टिपिडी तालिमको अर्को राम्रो कार्यको रूपमा विभिन्न समयमा परामर्श कार्य हुने, त्यसखण्डमा विद्यालयका विविध समस्याको बारेमा छलफल हुने र सोको उचित समाधान, शैक्षिक स्थितिसुधार, सिकाइ उपलब्धि वृद्धिका उत्तम उपायहरूको खोजी जस्ता आवश्यकीय

पक्षहरूमा छलफल र परामर्श गरि शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउन सबै जिम्मेवार पक्षहरूलाई क्रियाशिल बनाउने साथै सबैको सहयोग, सहकार्य र सहभागितामा शिक्षणमा आमूल सुधार र विकास गर्न यो तालिम सार्थक रहेको दृष्टिकोणवि.व्य.स.अध्यक्षको रहेको पाईन्छ ।

यस विद्यालयमा तालिम कार्यान्वयनको लागि वि.व्य.स.अध्यक्षले खेलेको भूमिका अध्ययन गर्दा शिक्षकहरूको पेसागत सीप, विकासका लागि सकारात्मक हुनु भएको, तालिममा सहभागि शिक्षकहरूको कक्षा शिक्षणकार्य तथा अन्य तालिमद्वारा लगाइएका कार्यहरू भए नभएको अवस्था अनुगमन गर्ने गरिएको, वि.व्य.स.को बैठकमा शिक्षक, प्र.अ.को कार्यप्रगतिहरूको समिक्षा गर्ने गरिएको, शिक्षणमा सुधार र सिकाइ उपलब्धि वृद्धिका लागि सरोकारवालाहरूले गर्नु पर्ने कार्यहरूको योजना निमार्ण गर्ने जस्ता कार्यहरू भएको पाइए तापनि विद्यालयमा विद्यार्थीहरू नियमित गराउने, अभिभवकहरूको सक्रियता विद्यालयमा वृद्धि गर्ने, बैठकमा पारित निर्णयहरू अनुरूप प्र.अ.र शिक्षकहरूद्वारा पूर्ण रूपमा कार्यहरू गर्ने वा गराउने कार्य भने अपुग भएको अवस्था पाइयो ।

यसै सन्दर्भमा, श्री दामोदर मा.वि.का वि.व्य.स.अध्यक्षद्वरा प्रस्तुत धारणा अनुसार,यो टिपिडी तालिमले शिक्षण कार्यलाई प्रभावकारी बनाउन शिक्षकहरूलाई धेरै कुराहरूमा दक्ष र सक्षम बन्न सहयोग गरेको, तर पनि विद्यालयको सिकाइ उपलब्धिमा अपेक्षाकृत वृद्धि हुन नसकेको योजना अनुरूप शिक्षण गर्न, परियोजना कार्यमार्फत सिकाइ अभ्यास गर्न र शिक्षणमा कठिनाई भए छलफल र परामर्शकार्यद्वारा निदान गर्ने प्रवृतिको विकास गर्न तालिमले सहयोग पुऱ्याएको कुरा बताउन भएको पाइयो । साथै टिपिडी तालिम कार्यक्रमका धेरै पक्षहरू राम्रा भएता पनि कार्यान्वयन पक्षमा कमजोरी रहेको, विज्ञहरूको अभाव र अपर्याप्तता, विद्यालयको साधन र श्रोतको कमि र कतिपय शिक्षकहरूले नै कम महत्वका साथ तालिमलाई ग्रहण गरेको आदि कारणले गर्दा तालिम आफैमा असफल रहे जस्तो स्थिति रहेको देखिन्छ । तथापि विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न र शिक्षकहरूलाई विषयवस्तु र पेसाप्रति क्रियाशिल रहि अद्यवधिक भई रहन यो तालिम उपयोगी रहेको दृष्टिकोण वि.व्य.स.अध्यक्षको रहेको पाईन्छ ।

वास्तवमै टिपिडी तालिमको नीति र लक्ष्य अनुरूप तालिम कार्यान्वयन प्रभावकारी हुन नसकेको, शिक्षकहरूमा पनि तालिमप्रतिको सकारात्मक सोच र प्रवृत्ति विकास गर्न नसकिएको, तालिमका ज्ञान सीपले कक्षाकोठा शिक्षणमा अपेक्षा गरिएजति भित्रिन नसकेको यथार्थ प्रति वि.व्य.स. अध्यक्षको धारणा नजिक रहेको पाइए तापनि कार्यान्वयन पक्षमा देखिएका कमिकजोरी

सुधारका लागि शिक्षकहरू साथै सरोकारवाला व्यक्तिहरूलाई सक्रिय बनाउने, कक्षाक्रियाकलापलाई प्रभावकारी बनाउन विद्यालय अनुगमन कार्य नियमित गर्ने, शिक्षकहरूको कक्षा अवलोकन गर्ने र सो बाट महसुस गरिएका सुधारका कार्यहरूलाई प्र.अ., शिक्षकहरू, अभिभावक र श्रोतव्यक्ति समेतसंग छलफल गर्ने र आवश्यक सुझाव सल्लाह दिने साथै अभिभावकहरूको सहभागिता विद्यालयमा बढाउने र विद्यार्थी नियमितता गराउने जस्ता जिम्मेवारी वहन गर्ने कार्यमा भने अध्यक्षको भूमिका सक्रिय हुन नसकेको स्थिति पाइयो ।

यस्तै, श्री शारदा नि.मा.वि.का वि.व्य.स.अध्यक्षद्वरा प्रस्तुत विचार अनुसार, टिपिडी तालिमले विद्यालयका शिक्षकहरूको पढाउने सीप र क्षमता बढाउन मदत गरेको, शिक्षकहरूले तालिमबाट सिकेका कुराहरूलाई तालिम अवधिमा मात्र नभई सधैंदिन कक्षाशिक्षणमा अधिक्तम प्रयोग गर्नु आवश्यक रहेका, विद्यालयमा भएका साधन, श्रोतहरू तथा शैक्षिक सामग्रीको धेरै प्रयोग गरी सिकाइलाई प्रभावकारी बनाउनु शिक्षकहरू सक्रिय रहनु पर्ने,  तालिममा सहभागि भई सकेका शिक्षकहरूमा पनि त्यति धेरैसक्रियता नदेखिएको साथै विद्यालयको सिकाइ स्थीतिमा पनि सन्तोषजनक सुधार नदेखिएकोले तालिमले निर्देशित गरेका मापदण्डअनुरूप  सबै पक्षले कार्य गर्नु पर्ने भनाई रहेको पाइयो ।

यस विद्यालका वि.व्य.स.अध्यक्षको भनाई तालिमको सफल र प्रभावकारी कार्यान्वयनका लागि सान्दर्भिक रहेको देखिन्छ, किन कि यस विद्यालयमा पनि तालिमको सार्थक प्रयोगका लागि केहि प्रयासहरू गरिएको भए तापनि स्रोतव्यक्ति, प्र.अ. र वि.व्य.स.अध्यक्षद्वारा तालिमको सञ्चालन र कार्यान्वयनको प्रगति समिक्षा गर्ने कार्य नियमित रूपमा गर्ने नगरिएको, शिक्षकहरूमा पनि तालिममा सहभागिता पछि पनि तालिमप्रति सकारात्मक सोँचको अभाव देखिएको, सिकाइमा उल्लेखनिय सुधारको लागि सबै सम्वद्ध पक्षलाई प्रतिवद्धताका साथ सक्रिय बनाउने जस्ता कार्यहरू पूर्णरूपमा हुन नसकेको स्थिति अध्ययनको क्रममा देखियो ।

यस्तै टिपिडी तालिमको प्रयोगको सम्बन्धमाश्री मार्गेश्री प्रा.वि.का वि.व्य.स.अध्यक्षका अनुसार,शिक्षकहरूलाई तालिमले पेसागत दक्षता बढाएको साथै शिक्षण कार्यमा  अद्यवधिक भई रहन र आफ्नो कार्यमा सामार्थ्यका साथ प्रस्तुत हुन महत्वपूर्ण सहयोग गरेको,तर यो टिपिडी तालिमले सोचिए र निर्दिष्ट गरिएको लक्ष्य अनुरूप कार्यान्वयनमा सफलता हाँसिल गर्न नसकेको,सञ्चालन र कार्यान्वयनमा तदारुक्ताको कमि रहेको, शिक्षकहरूमा पनि तालिमप्रतिको रचनात्मक मनोवृति जागृत गराउन र उनिहरूको व्यवहारमा सुधार ल्याउन जिम्मेवार निकायको

कार्य नीति र योजना स्पष्ट नभएको, वि.व्य.स.अध्यक्षले पनि प्र.अ. र स्रोतव्यक्तिसँग तालिमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक छलफल र परामर्श गर्ने, तालिमका निर्देशित कार्यहरू ठोस रूपमा भए नभएको निरन्तर अनुगमन गर्ने, जस्ता कार्यहरू गर्न खासै भूमिका खेल्न नसकेको अवस्था रहेका धारणा पाइयो ।

यस विद्यालयको वि.व्य.स.अध्यक्षको भनाई तालिमको सफल प्रयोगका लागि सार्थक रहेको देखिन्छ । तालिम शिक्षक र शिक्षण सिकाइ कार्यको लागि उपयोगी रहे तापनि सञ्चालन र कार्यान्वयनमा तदारुक्ताको कमि रहेको, शिक्षकहरूमा पनि तालिमप्रतिको रचनात्मक मनोवृति जागृत गराउन र उनिहरूको व्यवहारमा सुधार ल्याउन जिम्मेवार निकायको कार्य नीति र योजना स्पष्ट नभएको, वि.व्य.स.अध्यक्षले पनि प्र.अ. र स्रोतव्यक्तिसँग तालिमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक छलफल र परामर्श गर्ने, तालिमका निर्देशित कार्यहरू ठोस रूपमा भए नभएको निरन्तर अनुगमन गर्ने, विद्यार्थी नियमितता बढाउने, शिक्षकहरूलाई आफ्नो कार्यप्रति जिम्मेवार हुन सजग गराउने र तालिमको ठोस उपलब्धिहरूको लेखाजोखा गर्ने जस्ता कार्यहरू गर्न खासै भूमिका खेल्न नसकेको अवस्था देखियो ।

### ४.२.५ टिपिडी तालिम सम्बन्धि अभिभावक/विद्यार्थीहरूको धारणा

टिपिडी तालिम कार्यान्वयनको अवस्था सम्बन्धि छनोट गरिएका विद्यालयका केहि अभिभावक र विदयार्थीहरूलाई अन्तर्वाता सूचीको प्रयोग मार्फत धारणा बुझ्ने कार्य गर्दा, अभिभावकहरूका अनुसार टिपिडी तालिम साथै यसको कार्यान्वयनको अवस्था सम्बन्धमा विस्तृत कुरा थाह नभएको, विभिन्न समयमा शिक्षकहरू तालिममा जाने गरेको, तालिमले शिक्षकहरूलाई केहिमात्रमा भए पनि पढाउने तरिका प्रदान गरी पेसागत रूपमासवल बनएको, आ-आफ्नो दायित्व वोध गराई शिक्षणमा जिम्मेवारी साथ प्रतुत हुन निर्देशित गरेको, तालिम पछि केहि शिक्षकहरूको शिक्षणमा सामान्य सुधार देखिएको भए तापनि प्रायः सबै शिक्षकहरू तालिम अवधिभर सक्रिय हुने र सो पछि पूरानै अवस्थामा प्रस्तुत भएको देखिएकोले तालिम पछि पनि शिक्षकहरू निरन्तर रूपमा प्रतिवद्ध भई कार्यक्षेत्रमा सक्रिय रहनु पर्ने साथै शिक्षकहरूलाई तालिममा पठाउदा विद्यालयको पठन पाठनमा वाधा वा असर नपुग्ने गरि पठाउनु पर्ने अझ विदाको अवधिमा तालिम सञ्चालनको व्यवस्था भई दिए वालवालिकाको पढाई असर नपुग्ने विचार व्यक्त गरिएको स्थितिपाइयो ।

यस्तै विद्यार्थीहरूका अनुसार सरमिसहरू समय समयमा तालिममा जानुहने, तालिमबाट फर्के पछि केहि शिक्षकहरूले मायाँ गरि पढाउनु हुने, खेलखेलाई, गीत, कथा,नाचगान, कविता अभिनय जस्ता कार्य गरी कक्षामा पढाउने सिकाउने कार्यगर्नु हुने, वेलावेलामा विद्यार्थीका आमा-बुबाहरूलाई विद्यालयमा बोलाउनु हुने र विद्यार्थीका पढाई सम्वन्धि कुराकानी गर्ने र आवश्यक सल्लाह सुझाव लिने दिने कार्यहरू गर्ने, सबैले नभएपनि केहि सरमिसहरूले शैक्षिक सामग्रीहरू ल्याई पढाउनु हुने कुरा विद्यार्थीहरूले वताएको र उनिहरूलाई टिपिडी तालिमको सम्बन्धमा भने खासै कुरा थाह नभएकोकुरा विद्यार्थीहरूले बताएको पाइयो ।

टिपिडी तालिम कार्यान्वयनको अवस्था अध्ययनको लागि विद्यालयमा उपस्थित भई अवलोकन गर्दा अभिभावक तथा विद्यार्थीहरूको धारणा उपर्युक्त वमोजिमको भए तापनि आफ्ना विद्यार्थीको सिकाइ र उपलब्धि स्थिति वुझ्ने, नियमित विद्यालयको पढाई सम्बन्धि गतिविधिहरू अनुगमन गर्ने र सुधारका लागि सुझव सल्लाह दिने र विद्यार्थीहरूलाई नियमित स्कुल पठाउन कार्य अभिभावकहरू बाट हुन नसकेको र विद्यार्थीहरू पनि नियमित भई पठनपाठन कार्यमा सक्रिय हुन नसकेको अवस्था रहेको देखियो ।

समग्रतामा अध्ययन क्षेत्रको रूपमा छनोट गरिएका विद्यालयमा गई टिपिडी तालिम कार्यान्वयन र प्रयोगको अवस्था अध्ययन गर्दा निम्न वमोजिम रहेको पाइयो ।

(क) टिपिडी तालिमको परिचयत्मक खण्ड वा नीतिगत कार्यक्रम अनुसार यो तालिमले शिक्षण सिकाइमा आमूल सुधार ल्याउने र शिक्षकलाई पेसागत रूपमा सक्षम र दक्ष बनाउने अपेक्षा गरिएको र सैदान्तिक मान्यता अनुसार शिक्षकहरूलाई जोसजाँगर थप्ने, तालिमको अवसर पछि पुर्नवल, पृष्ठपोषण प्राप्त गरी व्यवहारमा सुधार भई नयाँ शिक्षण विधि र शैलिको विकास हुने, कार्यक्षेत्रमा निरन्तर सक्रिय रहने साथै रचनात्मक एवं सृजनशिल भई शिक्षण कार्यमा प्रस्तुत भई रहने आधार रहेको कुरा उल्लेख भएको भए तापनि सो अनुसार कार्य पूर्णरूपमा हुन नसकेको, तालिमको सञ्चालन, कार्यान्वयन स्थिति र प्रगति समीक्षा जस्ता कार्यहरू प्रभावकारी रूपमा हुन नसकेको जसका कारण तालिमले निर्धारित लक्ष्य साथै उपलब्धि सन्तोषजनक रूपमा हाँसिल गर्न नसकेको अवस्था देखियो ।

(ख) तालिम निर्माता साथै आयोजनाकर्ताले तालिम सञ्चालन र कार्यान्वयनको लागि निर्देशन गर्ने, तर कार्यान्वयन तहमा पूर्णताका साथ प्रयोगका लागि निगरानी नराख्ने, तालिम सञ्चालक साथै वि.नि., स्रोतव्यक्ति,प्र.अ.र वि.व्य.स.अध्यक्षले तालिम सञ्चालनको गतिविधि, उपलब्धि र सुधार गर्नु

पर्ने कुराहरूको गम्भिरतापूर्वक अनुगमन र सुधारका प्रयास पर्याप्त नगरिएको र तालिम औपचारिक्तामै सिमित रहेको अवस्था देखियो ।

(ग) शिक्षकहरूले पनि तालिमको मर्म र भावना अनुकुल प्रवृतिमा सुधार नगरी पूरानै शैली र सोँच अनुसार कार्य गर्ने र शिक्षण सिकाइमा आमुल सुधार र ठोस उपलब्धि वृद्धि गर्न गम्भिरता पूर्वक प्रस्तुत नभएको पाइयो ।

(घ) यस्तै अभिभावक, विद्यार्थी र सम्वद्ध सरोकारवालाहरू सबैले प्रतिवद्धताका साथ तालिमको सफल र प्रभावकारी कार्यान्वयनका लागि निर्वाह गर्नु पर्ने जिम्मेवारी र दायित्व पूर्णरूपमा वहन गर्न नसकेको आवस्थाका कारण यो टिपिडी तालिम पनि खासै उपलब्धिपूर्ण र उर्जाशिल हुन नसकेको यथार्थतादेखियो ।

(ङ) टिपिडी तालिमको ठोस कार्यान्वयनको लागि प्रयोग क्षेत्रमा देखिएका कमिकमजोरी र समष्याहरू पहिचान गरी तिनको आवश्यक सुधारका साथै ठोस रूपमा कार्यान्वयनका लागि सरोकारवाला व्यक्ति र निकायहरू पूर्ण रूपमा जिम्मेवारीका साथ प्रस्तुत हुनु पर्ने टडकारो अवश्यकत्ता रहेको यस अध्ययनको ठहर रहेको छ ।

## ४.३ शिक्षकको पेसागत विकास तालिमले शिक्षणमा पारेको प्रभाव

शिक्षकको पेसागत विकास तालिमले शिक्षण सिकाइमा पारेको प्रभावको अवस्था अध्ययन गर्ने सन्दर्भमा विद्यालयका श्रोतव्यक्ति,प्र.अ.,शिक्षक र वि.व्य.स.अध्यक्ष तथा अभिभावकहरूसँग प्रत्यक्ष भेटी परामर्श छलफल र प्रश्नावली मार्फत विचारहरू वुझ्ने साथै विद्यालयका अभिलेख, दस्तावेज, रेकर्डहरू समेत अध्ययन गरि आवश्यक सूचनाहरू प्राप्त गर्ने कार्य गरिएको जसलाई निम्नवमोजिम प्रस्तुत गरिएको छ ।

टिपिडी तालिम कार्यान्वयनको प्रभावकारिताका सम्वन्धमा श्रोतव्यक्तिका अनुसार तालिमले शिक्षकको पेसागत विकास, क्षमता वृद्धि र विद्यालयको शिक्षणकार्यमा उल्लेखनिय सुधार ल्याई सिकाइ उपलब्धि वढाउने कार्य गर्न अतिनै उपयोगी र आवश्यक तालिमको रूपमा भएता पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा तालिम प्रभावकारी हुन नसकेको ठहर श्रोतव्यक्तिको रहेको देखियो ।

प्र.अ.हरू का अनुसार टिपिडी तालिमलाई सार्थक र वास्तविक रूपमा प्रयोग गरि शिक्षण सिकाइलाई व्यवहारिक, प्रभावकारी र उपलब्धिपूर्ण बनाउन सबै पक्षहरू क्रियासिल रहेको, तालिमको कक्षाकोठामा प्रभावकारी प्रयोगको लागि सम्पूर्ण सरोकारवाला व्यक्ति वा पक्षहरू सक्रियतापूर्वक समर्पित भई प्रयासरत रहेको जसका कारण विद्यालयको सिकाइ उपलब्धिमा अपेक्षा गरिए जति लक्ष्य हाँसिल नभएता पनि क्रमश सुधारात्मक स्थिति रहेको तथापी विद्यालयको विविध कठिनई र समस्याका कारण तालिमले लक्ष्य अनुरूप सफलता र प्रभावकारीता हाँसिल गर्न नसकेको धारणा रहेको पाइयो ।

यस्तै शिक्षकहरूले टिपिडी तालिम धेरै उपयोगी रहको, शिक्षकहरूलाई आफ्नो पेसाप्रति अद्यवधिक रहन सहयोग मिलेको, शिक्षणका लागि नयाँ ज्ञान, सीप, क्षमता वृद्धि गर्न सहयोग मिलेको जस्ता कार्यले गर्दा यो तालिमको प्रभाव विद्यालय शिक्षामा सघन रूपमा रहेको भए तापनि समय र श्रोतसाधनका अभाव र कमिका कारण जति शिक्षणमा सुधार र उपलब्धिमा वृद्धि हुनु पर्ने हो सो कार्य हुन नसकेको कुरा बताएका छन् ।

साथै वि.व्य.स.अध्यक्षहरूको मूल्याङ्कनमा टिपिडी तालिमले शिक्षकहरूमा केहि ताजा ज्ञान सीप प्रदान गरेको, पेसाप्रति दक्ष वन्न सहयोग मिलेको, शिक्षणमा सरलता र सहजता ल्याउन मदत गरेको छ । तर शिक्षकहरूले तालिम मार्फत धेरै कुराहरू सिकेका भए तापनि ति सिकाइलाई अधिक्तम कक्षा शिक्षणमा प्रयोग गर्न नसक्दा तालिमको प्रभावकारिता सामान्य अवस्थामै रहेको धारणा प्रस्तुत गरेको पाइयो ।

प्रस्तुत सरोकारवालाहरूद्वारा व्यक्त विचारहरू र सो अनुरूप टिपिडी तालिमको प्रभावको अवस्था रहे नरहको विद्यालयगत रूपमा स्थलगत अध्ययन गरी लेखाजोखा साथै विश्लेषण गर्दा शिक्षकहरूलाई संज्ञानात्मक रूपमा सक्षम र दक्ष बन्न केहि हदसम्म तालिमले सहयोग गरेको भए तापनि व्यवहार, सोँच र प्रवृत्तिमा खासै सुधार भएको देखिएन । तालिमको नीति, लक्ष्य र कार्यक्रम शिक्षकको समस्या समाधान र सिकाइमा आमूल सुधार र उपलब्धि वृद्धि गर्ने मापदण्ड अनुरूपको भए तापनि कार्यान्वयनको व्यवस्थापक, सञ्चालक र कार्यान्वयनकर्ता वा तहमा गरिनु पर्ने कार्यहरूको स्पष्ट कार्य तालिका, जिम्मेवारीपूर्वक कार्य सञ्चालन र प्रभावकारी ढंगले ज्ञान, सीप र शर्तहरू प्रयोग र कार्यान्वयन हुनु पर्नेमा सो अनुरूप कार्य हुन नसकेको, तालिम सञ्चालन र व्यवस्थापनका लागि आवश्यक वजेट तथा कार्यक्रम समयमै नआउने साथै तालिम सञ्चालन पछि

पनि कार्यान्वयन क्षेत्रमा भएका गतिविधिहरूको अनुगमन वा निरिक्षण गर्ने कार्य सरोकारवाला तह वा व्यक्तिहरूबाट नियमित र पूर्णरूपले हुन नसक्दा तालिमको प्रभाव नगन्य रहेको पाइयो ।

साथै शिक्षकहरूलाई पनि तालिमले TIP निर्माण गर्ने, सो अनुरूप दैनिक पाठनोट तयारी गरी विद्यार्थी केन्द्रित कक्षाक्रियालाप गर्ने, शैक्षिक सामग्रीको पर्याप्त प्रयोग गरी प्रभावकारी शिक्षणका माध्यमबाट सिकाइ उपलब्धिमा सुधार गर्ने, परीक्षाफलको विश्लेषण, कार्यमुलक अनुसन्धान र घटना अध्ययन जस्ता कार्यहरू अनिवार्य नियमित गर्नुपर्ने ज्ञान सिकाएको तर तिनको वास्तविक र व्यवहारिक प्रयोगका लागि केहि प्रयासहरू गरिएको भए तापनि सो अपुग भएको जसका कारण तालिम लक्ष्य अनुरप प्रभावकारी हुन नसकेको अवस्था देखियो ।

साथै तालिमको प्रभावकरिता अवलोकन गर्ने आधारको रूपमा शिक्षकका ज्ञान,सीप र क्षमता विकास, कक्षा शिक्षणमा सुधार र सिकाइ कार्यमा प्रभावकारिता जस्ता पक्षमा मात्रै सिमित नभई विद्यालयको शैक्षिक प्रगति वा सिकाइ उपलब्धि स्तर वृद्धिको अवस्थालाई समेत प्रमुख आधार बनाई अध्ययन गर्नु आवश्यक वा सान्दर्भिक देखियो । यसैले टिपिडी तालिमको प्रभावकारिताको स्थिति अध्ययनको कममा अध्ययनका लागि छनोट गरिएका विद्यालयको शैक्षिक दस्तावेज, रेकर्ड वा अभिलेख अध्ययन गरि प्राप्त सूचनाको आधारमा वास्तविकता पत्ता लगाउने उद्देश्य अनुरूप शैक्षिक सत्र २०६९ देखि ०७१ सम्म तीन वर्षको कक्षागत वा विद्यालयगत औसत सिकाइ उपलब्धि सुधारको स्थितिलाई समेत मुख्य आधार बनाई तिनको तुलनात्मक रूपमा अध्ययन गर्ने प्रयास गरिएको छ , जसलाई निम्नवमोजिम प्रस्तुत गरिएको छ ।

यसै सन्दर्भमा श्री तिलेश्वर मा.वि. को ०६९ देखि ०७१ साल सम्म तीन वर्षको वार्षिक परीक्षाको सिकाइ उपलब्धिलाई तुलनात्मक तरिकाले अध्ययन तथा विश्लेषण गर्ने कममा निन्न अनुसारको स्थिति रहेको पाइयो ।

तालिका नं. ४ श्री तिलेश्वर मा.वि.को वार्षिक औसत सिकाइ उपलब्धि विवरण

| कक्षा | शै.स.- २०६९ | | | | | शै.स.- २०७० | | | | | शै.स.- २०७१ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | |
| | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा |
| कक्षा-१ | ८ | ५ | ४४ | ३४ | ३९ | ६ | १२ | ६६ | ५१ | ५९ | ५ | ८ | ६० | ७३ | ६७ |
| कक्षा-२ | ६ | ४ | ७० | ५४ | ६२ | ८ | ५ | ६९ | ६७ | ६८ | ४ | ६ | ८१ | ७० | ७६ |
| कक्षा-३ | ५ | ३ | ५७ | ६१ | ५९ | ५ | ७ | ७३ | ६३ | ६८ | ३ | ५ | ७४ | ७२ | ७३ |
| कक्षा-४ | ७ | ६ | ३७ | ४६ | ४२ | ५ | १३ | ५३ | ५५ | ५४ | ६ | ७ | ४८ | ४३ | ४६ |
| कक्षा-५ | ९ | ६ | ५७ | ४८ | ५३ | ५ | ६ | ६८ | ७३ | ७१ | ६ | ९ | ४५ | ४९ | ४७ |
| कक्षा-६ | ९ | १५ | ३४ | ३८ | ३६ | ७ | २२ | ४५ | ५२ | ४९ | १५ | ९ | ६५ | ६१ | ६३ |
| कक्षा-७ | १७ | ४ | ४९ | ४६ | ४८ | १७ | १४ | ४४ | ४४ | ४४ | ४ | १७ | ५८ | ६६ | ६२ |
| कक्षा-८ | १५ | १४ | ३५ | ४९ | ४२ | १९ | २१ | ४२ | ३७ | ४० | १४ | १५ | ४९ | ४४ | ४७ |
| कक्षा-९ | ११ | १३ | ३४ | ३८ | ३६ | १५ | ११ | ३९ | ४२ | ४१ | १३ | ११ | ४६ | ४७ | ४७ |
| कक्षा-१० | १४ | ११ | ३९ | ३८ | ३९ | १२ | १३ | २९ | २८ | २९ | ११ | १४ | ३५ | ४३ | ३९ |
| औसत | | | | | ४६ | | | | | ५२ | | | | | ५७ |

स्रोत :- स्थलगत सर्वेक्षण-२०७२

प्रस्तुत तथ्याङ्क अध्ययन गर्दा ०६९ देखि ०७१ विचको अवधिमा टिपिडी तालिम सञ्चालन भइरहेको र सो अवधिको औसत सिकाइ उपलब्धिको प्रगति वा सुधार को स्थिति हेर्दा ०६९ देखि ०७१ सम्म तीन वर्षको विद्यालयगत वार्षिक औसत उपलब्धि ०६९ मा ४६% भएकोमा ०७० मा ५२% मा उक्लिएको र ०७१ मा ५७% सम्म वृद्धि भएको देखिन्छ । यो सिकाइ उपलब्धि हरेक वर्ष बढेको परिणामले तालिमको प्रभाव विद्यालय शिक्षणमा सकारात्मक रूपमा परेको र यस सुधारात्मक दरलाई कायम राखि भावि दिनमा अझै राम्रो उपलब्धि वृद्धि गर्न सम्वद्ध सबैले थप प्रयास गर्नु पर्ने खाँचो रहेका स्थिति देखिन्छ ।

यस्तै सिकाइ उपलब्धि अध्ययनको क्रममा श्री दामोदर मा.वि को ०६९ देखि ०७१ सम्म तीन वर्षको  वार्षिक परीक्षा नतिजा अवलोकन गर्दा तपसिल वमोजिम रहेको पाइयो ।

तालिका नं. ५ : श्री दामोदर मा.वि.को वार्षिक औसत सिकाइ उपलब्धि विवरण

| कक्षा | शै.स.- २०६९ | | | | | शै.स.- २०७० | | | | | शै.स.- २०७१ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | |
| | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा |
| कक्षा-१ | ६ | ४ | ४६ | ४७ | ४६ | ५ | ५ | ५० | ४२ | ४६ | १ | ७ | ६५ | ५८ | ६२ |
| कक्षा-२ | १ | ७ | ५७ | ६० | ५९ | ३ | ५ | ५४ | ४४ | ४९ | ३ | ४ | ६५ | ६७ | ६१ |
| कक्षा-३ | ५ | ६ | ५६ | ५४ | ५५ | ३ | ७ | ४५ | ५० | ४८ | ४ | २ | ६४ | ५३ | ५९ |
| कक्षा-४ | ६ | ९ | ४९ | ४८ | ४९ | ८ | ९ | ५० | ५२ | ५१ | ४ | ११ | ४६ | ४८ | ४७ |
| कक्षा-५ | ८ | ११ | ४३ | ४४ | ४४ | ७ | १० | ५९ | ५७ | ५८ | ८ | ७ | ४३ | ४२ | ४४ |
| कक्षा-६ | ९ | १६ | ४१ | ३५ | ३८ | ६ | ९ | ३९ | ४१ | ४० | ८ | १५ | ३९ | ४१ | ४० |
| कक्षा-७ | १४ | ११ | ३५ | ३७ | ३६ | १० | १४ | ३५ | ३६ | ३६ | ६ | ९ | ४६ | ४७ | ४७ |
| कक्षा-८ | ९ | १० | ३९ | ४० | ४० | १२ | ९ | ३९ | ४१ | ४० | ५ | १४ | ४३ | ४१ | ४२ |
| कक्षा-९ | ९ | १४ | ४० | ४३ | ४२ | ५ | ११ | ४२ | ४१ | ४२ | १० | ७ | ४१ | ४४ | ४३ |
| कक्षा-१० | ४ | ६ | ३८ | ३९ | ३९ | ८ | १४ | ३७ | ३९ | ३८ | ५ | १३ | ४२ | ४६ | ४४ |
| औसत | | | | | ४५ | | | | | ४५ | | | | | ४९ |

स्रोत :- स्थलगत सर्वेक्षण-२०७२

प्रस्तुत औसत तथ्याङ्क अध्ययन गर्दा यस श्री दामोदर मा.वि.को शै.स. ०६९,०७० र ०७१ सालको वार्षिक विद्यालयगत औसत उपलब्धि अवलोकन गर्दा शै.स. ०६९ र ०७० मा ४५% सिकाइ उपलब्धि रहेको र ०७१ मा सुधारभई ४९% सम्म वृद्धि भएको स्थिति देखियो । यो नतिजाले विद्यालय शिक्षामा टिपिडी तालिमको प्रभाव आंशिक रूपमा रहेको जसले शिक्षण सिकाइको क्षेत्रमा केहि हदसम्म सहयोग गरेको अवस्था पाइयो साथैयस स्तरलाई आगमी दिनमा अझै बढाउन र थप निरन्तरता दिन सबै सरोकारवालाहरू जिम्मेवारीका साथ प्रस्तुत हुन पर्ने देखिन्छ । यस्तै विद्यालयको सिकाइमा तालिमले पारेको प्रभावको स्थितिलाई अवलोकन गर्ने सिलसिलामा श्री शारदा नि.मा.वि.को शै. स. ०६९ देखि ०७१ सम्म तीनवर्षको वार्षिक सिकाइ उपलब्धिको विश्लेषण गर्दा निम्न अनुसारको रहेको देखिन्छ ।

तालिका नं. ६ :श्री शारदा नि. मा.वि.को वार्षिक औसत सिकाइ उपलब्धि विवरण

| कक्षा | शै.स.- २०६९ | | | | | शै.स.- २०७० | | | | | शै.स.- २०७१ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | |
| | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा |
| कक्षा-१ | १३ | २७ | ५२ | ५५ | ५४ | ७ | ६ | ५४ | ५४ | ५४ | ६ | ४ | ५९ | ८१ | ७० |
| कक्षा-२ | १० | ६ | ६४ | ६७ | ६६ | ६ | ३ | ६७ | ७२ | ७० | ६ | ५ | ६७ | ६५ | ६६ |
| कक्षा-३ | ९ | १२ | ५६ | ५९ | ५८ | ७ | ५ | ५७ | ६४ | ६१ | ४ | १ | ७४ | ६६ | ७० |
| कक्षा-४ | १५ | १५ | ३१ | ३४ | ३३ | ३ | ७ | २१ | २८ | २५ | ५ | ५ | ४० | ३६ | ३८ |
| कक्षा-५ | १३ | ७ | ३३ | ३५ | ३४ | ३ | ८ | ३५ | २८ | ३२ | २ | ७ | २९ | ३६ | ३३ |
| कक्षा-६ | १८ | १७ | ३७ | ३२ | ३५ | २० | १० | २४ | ३३ | २९ | ५ | १० | ४४ | ३८ | ४१ |
| कक्षा-७ | २० | १० | ३५ | ३४ | ३५ | २० | १० | ५३ | ५१ | ५२ | १२ | ८ | ३७ | ३८ | ३८ |
| कक्षा-८ | १४ | १७ | ३७ | ४१ | ३९ | १२ | ८ | ४६ | ६२ | ५४ | २० | ६ | ४९ | २५ | ३७ |
| औसत | | | | | ४४ | | | | | ४८ | | | | | ४९ |

स्रोत :- स्थलगत सर्वेक्षण-२०७२

प्रस्तुत तथ्याङ्कको अध्ययन गर्दा श्री शारदा नि.मा.वि.को शै.स. ०६९ ,०७० र ०७१ को वार्षिक विद्यालयगत सिकाइ उपलब्धि सुधार उन्मुख रहेको अवस्था देखिन्छ। जस अनुसार ०६९ मा ४४% रहेको नतिजा ०७० मा ४८% ले बढेको र सो क्रम निरन्तर भई ०७१ मा आईपुग्दा ४९% सम्म उक्लिएको अवस्था पाइयो। यसरी तीन वर्षको उपलब्धिलाई बढेको स्थितिमा पाउनु सिकाइमा तालिमको प्रभाव सकारात्मक रहेको अवस्थाको रूपमा लिन सकिन्छ। तालिमको मर्म र भावन अनुरूप थोरै मात्र सकारात्मक भई जिम्मेवारे रूपमा कार्य गर्ने हो भने तालिक वास्तवमै सार्थक र फलदायि हुने अवस्था रहेको देखिन्छ।

यसै सन्दर्भमा तालिमको प्रभावकारीतालाई विद्यालयको सिकाइ उपलब्धिसंग आधार वनाई अध्ययन गर्ने क्रममा श्री मार्गेश्वरी प्रा.वि. को शै.स. ०६९ देखि ०७१ सम्मको वार्षिक सिकाइ उपलब्धिको अध्ययन गरी विश्लेषण गरिएको छ।

तालिका नं. ७ :श्री मार्गेश्वरी प्रा.वि.को वार्षिक औसत सिकाइ उपलब्धि विवरण

| कक्षा | शै.स.- २०६९ | | | | | शै.स.- २०७० | | | | | शै.स.- २०७१ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | |
| | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा |
| कक्षा-१ | १० | ७ | ४० | ३९ | ४० | ९ | ५ | ५४ | ६१ | ६२ | ६ | २ | ४६ | ४८ | ४७ |
| कक्षा-२ | ६ | २ | ४७ | ६७ | ५७ | ३ | ३ | ५७ | ४३ | ५० | ७ | ४ | ४८ | ५० | ४९ |
| कक्षा-३ | २ | ५ | ५६ | ५३ | ५५ | ५ | २ | ४६ | ६४ | ५५ | ३ | ३ | ५९ | ४५ | ५२ |
| कक्षा-४ | २ | ४ | ५१ | ५४ | ५२ | ४ | ५ | ५५ | ४९ | ५२ | ६ | २ | ४३ | ६९ | ५६ |
| कक्षा-५ | ३ | ६ | ४२ | ५७ | ५० | ३ | ३ | ७९ | ५८ | ६८ | ३ | ५ | ६५ | ५९ | ६२ |
| औसत | | | | | ५१ | | | | | ५७ | | | | | ५३ |

स्रोत :- स्थलगत सर्वेक्षण-२०७२

यस्तै प्रस्तुत श्री मार्गेश्वरी प्रा.वि.को शै. स.०६९,०७० र ०७१ को वार्षिक विद्यालयगन औसत सिकाइ उपलब्धिको स्थिति अध्ययन गर्दा शै.स. ०६९ मा ५१% नतिजा रहेको र ०७० मा सो दरमा उल्लेखनिय वृद्धि भई ५७% पुगेको सकारात्मक परिणम देखियो ।तर ०७१ को सिकाइ उपलब्धि भने केहि प्रतिशत घटन गई ५३% मा झरेको स्थिति पाइयो ।तथापि, समग्रमा ५०% भन्दा माथि नतिजा वृद्धि हुनु सकारात्मक परिणाम नै मान्न सकिन्छ। यसरी वार्षिक उपलब्धिमा कमिक सुधार देखिनु तालिमको पनि केहि योगदान र सहयोग हुन सक्ने तथ्य स्वीकार्न सकिन्छ।

यसरी समग्रतामा छनोट गरिएका विद्यालयका सिकाइ उपलब्धिको स्थिति तुलनात्मक रूपमा अध्ययन गर्दा ०६९ देखि ०७१ सम्मको नतिजा श्री मार्गेश्वरी प्रा.वि.को ०७१ मा केहि प्रतिशत घटेको वाहेक अन्य विद्यालयका औसत सिकाइ मा प्रगति भई वढेकौ अवस्था पाइएको र यसरी कक्षागत तथा विद्यालयगत औ.सि.उ.मा सुधार आउनु वा वृद्धि हुनु टिपिडी तालिमको पनि प्रभाव र भूमिका हुन सक्ने ठहर यस अध्ययनको रहेको छ। यस सुधार र प्रगतिको अवस्थालाई

यथावत कायम राख्दै थप सिकाइ उपलब्धि वृद्धि गर्न सबैपक्षहरू लागि पर्न सके तालिम झनै प्रभावकारी हुने देखिन्छ ।

## ४.४ शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनमा देखापरेका समस्याहरू

टिपिडी तालिम कार्यान्वयनको क्षेत्रमा देखापरेका समस्या र चुनौतिहरू के-कस्ता रहेका छन् सो सम्वन्धि विस्तृत अध्ययन तथा अवलोकन गर्ने र वास्तविकता पहिचान गर्ने अभिप्रायले विद्यालयमा उपस्थित भई स्थलगत अवलोकन गर्नुका साथै नमूना जनसङ्ख्याकोरूपमा रहेका श्रोतव्यक्ति, प्र.अ., शिक्षक, वि.व्य.स.अध्यक्ष र अभिभावकहरूसँग छलफल र परामर्श गर्ने कार्य गरियो । यस क्रममा टिपिडी तालिम कार्यान्वयनमासमस्याहरू धेरै रहेका र ति मध्ये केहिलाई तल प्रस्तुत गरिएको छ ।

टिपिडी तालिम शिक्षकहरू र शिक्षण सिकाइको लागि अत्यन्तै उपयोगी, महत्वपूर्ण र सान्दर्भिक तालिमको रूपमा रहेको भए तापनि तालिममा सिकिएका ज्ञान,सीप र नविनतम कुराहरू कक्षाकोठामा सघन रूपमा पुग्न र पुऱ्याउन असमर्थ रहेको तथा पूर्ण रूपमा भित्रन अझै बाँकि रहनु र अझै धेरै शिक्षकहरूले यस तलिमलाई आत्मसाथ गरी व्यवहारमुखि बनाउन नसक्नु जस्त समस्याहरू यस तालिमको मुख्य चुनौतीका रूपमा रहेको कुरा श्रोतव्यक्तिले बताएका छन् ।

यस्तै प्र.अ.हरूका अनुसार, विद्यालयमा विद्यार्थी अनियमितताको समस्या कायम नै रहेको जसका कारण कक्षा शिक्षणमा प्रभावकारीता स्थापित गर्न जटिलता सृजना भएको, तालिमले निर्देशित वा तोकिए अनुरूपका कक्षा क्रियाकलाप साथै अन्यकार्यहरू पूर्णरूपमा सम्पन्न गर्न साधन स्रोतको कमि रहेको, आर्थिक भौतिक पक्षको अभाव रहेको जस्ता ज्वलन्त समस्याहरू यस तालिम कार्यान्वयनमा रहेको महसुस भएको तथ्य औल्याईएको पाइयो ।

यसैगरी शिक्षकहरू तालिमबाट विद्यालय फर्किए पछि शिक्षण गर्दा सकेसम्म धेरै अभ्यास र क्रियाकलाप मार्फत शिक्षण गर्न निर्देशित गरिएको भए तापनि सो अनुरूप कार्य गर्न समय र साधन अपुग हुने, आफ्ना बालबालिकाको पढाई प्रति अभिभावकहरूको जनाचासो र भूमिका गौण रहनु र विद्यालयमा वन्द, हड्ताल र विरोधका कारण स्वतन्त्रपूर्वक शिक्षणकार्य सुचारु हुन नपाउने जस्ता समस्याकहरू तालिम कार्यान्वयनमा रहेको तर्क शिक्षकहरूको रहेको छ ।

यसैक्रममा, वि.व्य.स.अध्यक्ष तथा अभिभावकहरूका अनुसार अनुकुल र निर्दिष्ट समयमा पर्याप्त तयारी साथ तालिम सञ्चालन नहुनु, तालिमले शिक्षण सिकाइमा ठोस सुधार ल्याउन

उपयोगी भए पनि यसको कार्यान्वयनमा फितलोपना वा कमजोरी र ढिलासुस्ति हुनु, तालिमलाई सहभागी सबैपक्षले औपचारिक्ता र अवसरकारूपमा मात्र ग्रहण गर्नु, जस्ता तालिम कार्यान्वयनको प्रभावकारीतामा समस्या देखिएको दृटिकोण रहेको पाइयो ।

वास्तवमै प्रस्तुत सरोकारवाला व्याक्तिहरूले व्यक्त गर्नु भएका विचारहरू टिपिडी तालिम कार्यान्वयनका ज्वलन्त समस्या र चुनौतिका रूपमा विद्यमान रहेको स्थिति विद्यालयमा अवलोकन र अध्ययनको क्रममा देखिन्छ । हुन त तालिम असफल हुनु, तालिममा अपेक्षाकृत उपलब्धि हाँसिल हुन नसक्नु, कक्षा शिक्षणमा ठोस प्रभावकारिता आउन नसक्नु, जस्ता सम्पूर्ण दोष तथा अवजसहरू शिक्षकहरूलाई मात्र औल्याईने गरेको देखिन्छ  तर वास्तविकता त्यो मात्र नभई यसका जिम्मेवार पक्षको रूपमा अन्य धेरै पक्षहरू रहेका अध्ययनको निचोड रहेको छ । जसलाई तपसिल अनुसार उल्लेख गरिन्छ ।

(क) टिपिडी तालिम कार्यान्वयनमा विद्यमान समस्याको रूपमा SSRP ले यो टिपिडी तालिमलाई ०६६/०६७ देखि सञ्चालन गरी ०७०/०७१ सम्म पाँच वर्षभित्रमा सबै शिक्षकहरूको पहूचमा तालिम पुऱ्याई सक्ने लक्ष्य राखिएकोमा हालसम्म कार्यक्रमले पूर्णता हाँसिल नगरेको र निर्धारित समयमा कार्यक्रम पूरा हुन नसक्नुमा यस तालिमको नीतिगत, प्रणालीगत र सस्थागत पक्षमा कमजोरी रहेको जसलाई सुधार्न सम्बन्धित पक्षको ध्यान नपुगेको स्थिति रहेको देखिन्छ ।

(ख) यस टिपिडी तालिमको मूल्य, मान्यता र वैद्यानिक्ता सम्बन्धि ऐन र नियमवलीमा स्पष्ट व्यवस्था गर्न ढिलाई गरिएको, तालिम पूरागरी सक्ने शिक्षकहरूका लागि अझै सम्म पनि प्रमाणीकरण वा प्रमाण-पत्रको व्यवस्था गर्न नसक्नु जसका कारण शिक्षकहरूको तालिमप्रति नै विश्वासनियतामा कमि भई सकारात्मक मनोवृत्ति विकास गर्न नसकिनु आदि समस्याहरू मुख्य रूपमा रहेको पाइयो ।

(ग) साथै यो तालिमको नीति, योजना र कार्यक्रम राम्रो भएता पनि कार्यान्वयन पक्षमा फितलोपना, समयमा कार्यक्रम तर्जुमा नहुने, वजेट विन्योजनमा कमि र खर्चमा अनियमितता, विषय-विज्ञहरूको कमि र अभाव, जिल्ला स्तरबाटै योजना तर्जुमा र कार्यान्वयनमा ढिलाई, जसलाई जिम्मेवार तहबाट उचित व्यवस्थापन गर्न नसकेको देखिन्छ ।

(घ) केन्द्रिय तहदेखि विद्यालय तहसम्म तालिम सञ्चालनको तालमेल नमिलेको, प्रशिक्षकले सहभागी शिक्षकहरूमा खासै उत्प्रेरणा जगाउन नसकेको, सहभागीहरूमा जोसजाँगर कमि रहेको, शिक्षकहरूले

नत यस तालिमको महत्व वुझे नत वुझाउन नै सकिएको अवस्था रहेको जस्ता कमिकमजोरी र समस्याहरू रहेको तथ्य समेत यस अध्ययनको रहेको छ ।

(ङ) यस्तै टिपिडी तालिमको प्रभावकारी कार्यान्वयनमा चुनैतिका रूपमा विद्यालयको शैक्षिक, भौतिक र आर्थिक पक्षको व्यवस्थापनमा सबैको सक्रिय चाँसो र प्रयासहरूभईरहेको भए तापनि सो पर्याप्त नभएको, विद्यालयमा शिक्षक, अभिभावक र विद्यार्थी विचको  त्रिकोणात्मक सह-सम्बन्ध र भूमिका सक्रिय हुनु नसकि रहेको, छोराछोरीलाई पढाउनु पर्छ, लगनी गर्नु पर्छ भन्ने चेतना भएका, शिक्षामा पहूच भएका ठुलो समूहको अभिभावकहरूको झुकाव निजि स्कुलतर्फ र कमजोर पृष्ठभूमी रहेका, अशिक्षित र गरिव आभिभावकका छोराछारीहरू मात्र सामुदायिक विद्यालयमा भर्ना हुने जसका कारण शैक्षिक स्तर सुधारमा कठिनाई भएको अवस्थादेखिन्छ ।

(च) साथै विभिन्न समयमा भई रहने कृत्रिम र प्रकृतिक (वन्द, विरोध-हड्ताल र विपद) का कारण स्फुर्त रूपमा विद्यालयहरू सञ्चालन हुन नपाउनु र सम्वद्ध निकायहरूबाट पनि शैक्षिक वातावरण सृजना गर्न र सिकाइमा सुधार गर्न तदारुक्ता देखाउने कार्य नभएको जस्ता धेरै समस्याहरू तालिम सञ्चालनमा विद्यमान रहेको निष्कर्ष यस अध्ययनको रहेको छ ।

## ४.५ टिपिडीलाई प्रभावकारीबनाउने उपायहरू

हुन त नेपालका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरू मध्ये ९८.२% शिक्षकहरू तालिम प्राप्त भई सकेका र बाँकीलाई १.८% पनि यसै टिपिडी कार्यक्रम मार्फत तालिमयोग्य बनाउने नीतिगत योजना रहेको पाइन्छ । यति धेरै ठुलो संख्यामा तालिमप्राप्त शिक्षकहरूको जमात सामुदायिक विद्यालयमा शिक्षण कार्यमा क्रियाशिल रहेको भए तापनि सामुदायिक विद्यालयको सिकाइ उपलब्धि स्तर आज दिनानु दिन खस्कदै गईरहेको, तालिमको ज्ञान सीप र सिकाइहरू कक्षाकोठामा भित्रिन नसकेको, तालिम प्रभावकारी हुन नसकि रहेको र तालिम प्राप्त शिक्षकहरूको प्रवृत्तिमा समेत परम्परावादी शैली हावी रहि खासै सुधार नभई नयाँपन नदेखिएको जस्ता धेरै आलोचना र गुनासाहरू सर्वत्र उठिरहेको सन्दर्भमा यसको मूलकारण के हो ? किन यस्तो भइरहेको छ त ? यस मुद्धालाई छुट्टै अध्ययनको विषयको रूपमा स्थापित गरी गहन अध्ययन, अनसन्धान र खोज गरी वास्तविक सत्य तथ्य र वास्तविक्ता पत्तालगाई सो को अविलम्ब निराकरण गरी तालिम प्रभावकारिताका लागि आवश्यक कदम चाल्न नितान्त जरुरी देखिन्छ । यसै सन्दर्भमा यस अध्ययन

मार्फत टिपिडी तालिम कार्यान्वयनमा विद्यमान समस्याहरूको निराकरणका लागि उपयोगी केहि प्रभावकारी उपायहरूको खोजी गर्ने क्रममा यस अध्ययनसंग सम्वन्धित सरोकारवालाहरूसँगको छलफल र स्थलगत अध्ययनको अवधिमा प्राप्त अनुभव र विचारलाई यस अध्ययन प्रतिवेदामा समेटने प्रयास गरिएको छ ।

टिपिडी तालिमलाई विद्यालयमा प्रभावकारी बनाई शिक्षण सिकाइमा अपेक्षित सुधार ल्याउन सबैपक्षबाट निरन्तर प्रयत्नहरू जारिरहेको र तालिमले केहि मात्रमा शिक्षण कार्यमा सुधार गर्न सहयोग गरेको भए तापनि निर्धारित लक्ष्य अनुरूप तालिम प्रभावकारी हुन नसकेको समस्यप्रति सुधारका उपायहरूको सम्वन्धमा श्रोतव्यक्तिले तालिमको नीतिगत र व्यवहारिक पक्षमा व्यवस्थापन गर्नु पर्ने, निर्धारित समयमा तालिम सञ्चालन हुनु पर्ने, शिक्षकहरूमा आफ्नो क्षमता विकास गर्ने इच्छा शक्तिको विकास गराउनु पर्ने दृष्टिकोण रहेको छ ।

यस्तै प्र.अ.का अनुसार विद्यालयमा पूर्ण शिक्षक दरवन्दीको व्यवस्था हुनु पर्ने, विद्यालयको आर्थिक,भौतिक पक्षलाई सबल बनाउन र आवश्यक स्रोत साधन पर्याप्त व्यवस्थाको लागि सहयोग हुनु पर्ने, सबै शिक्षकहरूले तालिमको लक्ष्य अनुरूप कक्षा-कोठामा प्रभावकारी शिक्षणका साथ प्रस्तुत हुनु पर्नेधारणारहेको पाइयो । साथै शिक्षणका लागि आवश्यक साधन स्रोतको राम्रो प्रवन्ध र शैक्षिक वातावरण सृजना गरिनु पर्ने राय शिक्षकहरूको रहेको पाइयो ।

यस्तै वि.व्य.स.अध्यक्ष र अभिभावकहरूका अनुसार सबै शिक्षकहरूले तालिमका सिकाइलाई व्यवहारिक बनाईनु पर्ने, वालकेन्द्रित विधिको अधिकतम प्रयोग गरी बढि अभ्यास र क्रियाकलापमा आधारित भई शिक्षण गरिनु पर्ने, शैक्षिक सामग्रीको प्रयोगमा जोड दिनु पर्ने, छलफल र परामर्श मार्फत समस्या वा कठिनाई समाधान गरी प्रभावकारी शिक्षण गर्न सक्रिय रहनु पर्ने र तालिमको प्रभावकारी कार्यान्वयनका लागि निरिक्षकहरूबाट नियमित अनुगमन तथा निरिक्षण कार्य हुनु पर्ने धारणा रहेको पाइन्छ ।

प्रस्तुत विचार वा दृष्टिकोणमा नै टिपिडी तालिम कार्यान्वयनमा देखापरेका समस्या समाधानका लागि आवश्यक र उपयोगी उपायहरू सुझावका रूपमा समेटिएका देखिन्छ, तथापि अन्य थप केहि उपायहरूलाई तल उल्लेख गरिएको छ ।

(क) तालिमको पर्याप्त तयारी, व्यवस्थापनका साथ निर्धारित र उपयुक्त समयमा तालिम सञ्चालन र कार्यान्वयन हुनु पर्ने, तालिमको नीतिगत, प्रणालीगत र संस्थागत पक्षहरूमा सुधार योग्य आवश्यक कुराहरू सुधार गरि तालिमको प्रभावकारी प्रयोग गर्नु पर्ने अवस्था देखिन्छ ।

(ख) तालिम संज्ञानत्मक, परम्परावादि र औपचारिक्तामा मात्र सिमित नभईव्यवहार परिवर्तन गर्न र सिकाइमा आमुल सुधार गरि रचनात्मक ढंगले प्रस्तुत हुन शिक्षकहरूलाई निरन्तर प्रेरित गर्न सहयोगी हुनु पर्ने आवश्यत्ता रहेको देखिन्छ ।

(ग) शिक्षकहरूले तालिम अवधिमा मात्र नभई सधै प्रभावकारी शिक्षणका साथ कक्षा शिक्षणमा पर्याप्त कार्यहरू गर्नु पर्ने, शिक्षकहरूको तालिमप्रति सकारात्मक मनोवृत्ति विकास वा जागृत गर्नु पर्ने खाँचो रहेको पाइयो ।

(घ) तालिमको प्रभावकारी सञ्चालन र कार्यान्यनको लागि सरोकारवाला व्यक्ति, पक्ष वा निकायहरू जिम्वारिपूर्वक प्रस्तुन हुनु पर्ने साथै यसको लागि आवश्यक पुर्वधारहरूको तर्जुमा समयमा नै व्यवस्था गरि सोको सहि रूपमा सदुपयोग हुनु पर्ने जस्ता उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ ।

(ङ) यस्तै तालिम सञ्चालनको लागि आवश्यक विषय विज्ञहरूको कमि रहेको र रोष्टर प्रशिक्षकहरू पनि तालिम योग्य नभएका, प्रशिक्षकहरूले शिक्षकहरूमा खासै उत्प्रेरणा जगाउन नसकेको, सहभागीहरूमा जोसजाँगर कमि रहेको, जस्ता यावत चुनौतिहरू टिपिडी तालिम सञ्चालन र कार्यान्वयनमा विद्यमान रहेकाले सो तर्फ व्यवस्थापन गर्न अविलम्व कार्य गर्नु पर्ने देखिन्छ ।

(च) साथै बाँकी रहेका सबै शिक्षक लाई टिपिडी तालिमको व्यवस्था गरिनु पर्ने, तालिम पूरा गरी सकेका शिक्षकहरूलाई अझैसम्म प्रमाण-पत्र वितरण र प्रमाणिकरणको व्यवस्था नभएकोले सोको प्रवन्ध गरि तालिमको वैद्यानिक्ता र विश्वसनियता स्थापित गर्नु पर्ने टडकारो आवश्यक्ता रहेको देखिन्छ ।

(छ) शिक्षामा पहूँच भएका लगनि गर्नसक्ने शिक्षित र सचेत अभिभावकहरूको आकर्षण र झुकाव निजि स्कुल तर्फ र कमजोर पृष्ठभूमि भएका गरिव कमजोर अवस्था भएका अभिभावकहरूका छोराछारीहरू मात्र सामुदायिक विद्यालयमा भर्ना हुने स्थिति देखिएको जसका कारण सरकारी विद्यालयको सिकाइ उपलब्धि वृद्धि वा सुधार गर्न कठिनाई भइरहेको, नतिजा सन्तोषजनक भई

नरहेको, सर्वत्र क्षेत्रबाट आलोचना, गुनासा र असन्तुष्टिका अवजसहरू खेप्नु परिरहेको र यसले सामुदायिक विद्यालयहरूको भविश्य नै सङ्कटमा पर्नसक्ने खतरा स्थापित भइरहेकोले सो तर्फसचेत भई सबैको पहूच र सहभागिता वृद्धि गर्नु पर्ने खाँचो देखिन्छ ।

(ज) साथै विभिन्न शर्त र वहानमा विद्यालयमा हुन गरेका सबै प्रकृतिका बन्द, विरोध र विपदहरूबाट विद्यालयलाई मुक्त गराई स्वच्छ शैक्षिक वातावरण स्थापित गर्नु पर्ने र सो कार्यका लागि सबैको जुझारु सहयोग, सहकार्य र प्रतिवद्धता आवश्यक पर्ने साथै सोहि अनुरूप विद्यालयमा पठनपाठनको वातवरणसृजना गर्नु सकेमात्र तालिम प्रभावकारी हुन सक्ने यस अध्ययनको निचोड रहेको छ ।

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

यस अध्ययन कार्यलाई सार्थक र अर्थपूण बनाई अपेक्षित उपलब्धि हाँसिल गर्ने लक्ष्य लिएर गरिएको खोज अध्ययन कार्यबाट प्राप्त भएको सूचनाहरूलाई प्राप्ति, निष्कर्ष र सूझावको रूपमा तल प्रस्तुत गरिएको छ :

### ५.१ प्राप्ति

शिक्षण सम्बन्धि समस्या वा कठिनाई कक्षाकोठामा धेरै रहेको र सो समस्यालाई पत्तालगाई र उठान गर्ने र मागको रूपमा तालिममा प्रस्तुत गरिने र विज्ञबाट छलफल गरिसमाधानमा सहयोग गर्ने र प्रभावकारी शिक्षण गर्न आम शिक्षकहरूको पेसागत क्षमता र दक्षता अभिवृत्ति गराई सामुदायिक विद्यालयको सिकाइ स्तर वृेद्धिमा उल्लेखनिय सफलता हाँसिल गर्न सहयोग गर्ने अभिप्रायका साथ शिक्षकको पेसागत विकास तालिम देशभरका शिक्षकहरूलाई प्रदान गर्दै तालिमको पहूच सबै शिक्षकमा विस्तार गर्ने कार्यक्रमका साथ ०६६/०६७ देखि ०७१/०७२ सम्ममा यो तालिम कार्यक्रम पूरागर्ने नीतिगत व्यवस्था अनुरूप तालिम कार्यक्रम सञ्चालन भइरहेको अवस्था पाइयो ।

यस अध्ययनको सूचना सङ्कलनको लागि सानो र निश्चित क्षेत्रको रूपमा भए तापनि नमूना सर्वेक्षणको मापदण्डमा आधारित भईछनोट गरिएको जस अन्तर्गत यस धनकुटा जिल्लाको चुलाचुली श्रोतकेन्द्रका अर्न्तगतको केहि विद्यालयलमा टिपिडी तालिम कार्यान्वयनको अवस्था अध्ययन गर्दा यस श्रोतकेन्द्रमा उ.मा.वि.२, मा.वि.३, नि.मा.वि.२ र प्रा. वि.१६ वटा गरि जम्मा २३ वटा विद्यालय रहेका, सो अन्तर्गत अध्यापन गर्ने शिक्षकहरू प्रा. वि. मा ११२ जना, नि.मा.वि.मा ३१ जना, मा.वि.मा २५ जना गरि जम्मा १६८ जना शिक्षकहरू रहेका सो मध्ये टिपिडी तालिमको तेस्रो/अन्तिम चरण पूरा गर्ने ७६ जना,दोस्रो चरण पूरा गर्ने ५९ जना, पहिलो चरण पूरा गर्ने २२ जना, र तालिम नै नलिएका ११ जना शिक्षकहरू रहेको स्थिति पाइयो ।

यस्तै सूचना सङ्कलनको लागि मुख्य केन्द्रविन्दुको रूपमा छनोट गरिएका नमूना विद्यालयका शिक्षकहरूको टिपिडी तालिम सहभागिताको स्थिति अध्ययन गर्दा श्री तिलेश्वर मा. वि.मा रहेका शिक्षक संख्या १० मध्ये तेस्रो चरण पूरा गर्ने ४जना, दोस्रो चरणपूरा गर्ने २ जना, र तालिममा नै सहभागी नरहेका ४ जना रहेका, श्री दामोदर मा. वि.मा रहेका शिक्षक संख्या १० जना मध्ये तेस्रो चरण पूरागर्ने ८ जना, दोस्रो चरण पूरागर्ने २ जना रहेका, श्री शारदा नि. मा.

वि.मा रहेका ७ जना मध्ये तेस्रो चरण पूरागर्ने ६ जना, तालिम लिदैनलिने १ जना रहेको, र श्री मार्गेश्वरी प्रा. वि. मा रहेका शिक्षक संख्या ३ मध्ये तेस्रो चरण पूरागर्ने २ जना, दोस्रो चरण पूरागर्ने १ जना रहेको अवस्था देखियो ।

यसै सन्दर्भमा यस टिपिडी तालिमको वैद्यानिकता र वैधता सुनिश्चित गर्न तालिम प्रमाणीकरणको प्रावधान २०७१ मा नै शिक्षा नियमवलीमा व्यवस्था भई सकेको भए तापनि हाल सम्म तालिम पूरागरि सकेका कुनैपनि शिक्षकलाई तालिमको प्रमाणपत्र NCEDबाट प्राप्त नभएको स्थिति रहेको छ ।

टिपिडी तालिमको कार्यान्वयन र प्रभावकारीताको सन्दर्भमा सहभागी शिक्षकहरूलाई तालिमले पेसागत विकास गर्ने, क्षमता र दक्षता बढाउने आधारहरू प्रशस्त प्रदान गरेको र यसले धेरै नविनतम विधि प्रविधिहरूको जानकारी प्रदान गरेको,सरोकारवालाहरूको मूल्याङ्कनमा भने तालिम धेरै हदसम्म विगतका तालिमभन्दा गुणात्मक, सान्दर्भिक, विद्यालय र शिक्षकको हितमा रहे तापनि यसबाट शिक्षण सिकाइमा खासै सुधार हुन नसकि रहेको विचार प्रकट गरिएको पाइयो ।

यस टिपिडी तालिमबाट शिक्षकहरूले थप कुराशिक्षण सुधार योजना निर्माण, पाठनोट तयारी र प्रयोग, परियोजना कार्य, कार्यमूलक अनुसन्धान, घटना अध्ययन, परीक्षाफलको विश्लेषण जस्ता नयाँ कार्यहरूमार्फत प्रभावकारी शिक्षण गर्न सक्ने आधारहरू शिक्षकहरूलाई प्रदान गरेको तथापि तालिमको मापदण्ड अनुरूप शिक्षकहरूले तिनलाई व्यवहारिक रूपमा प्रयोग नगरिएकोस्थिति पाइयो ।

टिपिडी तालिम लिइ शिक्षकहरू कक्षाकोठामा फर्कि सकेपछि उनिहरूको शिक्षणमा आएको सुधार, प्रभावकारीता र सिकाइ उपलब्धिमा के कत्ति वृद्धि भयो भन्ने तथ्यलाई विश्लेषण गर्ने क्रममा अध्ययनका लागि छनोट गरिएको विद्यलयका ०६९ देखि ०७१ सम्मको विद्यालयगत वार्षिक औसत सिकाइ उपलब्धिलाई तुलनात्मक रूपमा हेर्दा श्री तिलेश्वर मा.वि.को ०६९मा ४६% रहेको उपलब्धि ०७१ मा ५७% मा उक्लिएको, श्री दामोदर मा. वि. को ०६९मा ४५% रहेको उपलब्धि ४९% ले वृद्धि भएको, श्री शारदा नि.मा.वि.को ०६९मा ४४% रहेको उपलब्धि  ०७१ मा ४९% भएको र श्री मार्गेश्वरी प्रा. वि. को ०६९ मा ५१% रहेको उपलब्धि ०७१मा ५३% मा उक्लिएको पाइयो । समग्रतामा हेर्दा अघिल्ला शैक्षिक वर्षका भन्दा पछिल्ला वर्षका औसत सिकाइ उपलब्धि आंशिक रूपमा सबै विद्यालयमा बढेको नै देखियो ।

त्यस्तै टिपिडी तालिमबाट अभिप्रेरित भई शिक्षण सिकाइ कार्यलाई ठोस, सार्थक र प्रभावकारी बनाउन विद्लयका शिक्षककहरूद्वारा अबलम्वित क्रियाकलाप अध्ययन गर्दा शिक्षकहरूले पढाउने विषयहरूको मौजात सिकाइ उपलब्धिलाई वृद्धिगर्ने लक्ष्य राखिएको र सो को प्राप्तिको लागि साविक स्थितिमा शैक्षिकसामग्रीको प्रयोग,प्रभावकारीक्रियाकलप सञ्चालन तथा प्र.अ. र निरिक्षकको सहयोग र अनुगमनको अपेक्षा दरमा वृद्धि गरि कक्षाशिक्षण गरिएको पाइयो ।

## ५.२ निष्कर्ष

शिक्षककहरूका लागि सञ्चालित अघिल्ला तालिमहरू विज्ञहरूको माग र आवश्यकतामा तयार गरिने, सैदान्तिक र नीतिगत, संज्ञानत्मक र परम्परावादि चिन्तनबाट प्रेरित प्रकृतिमा विकास गरिएको तर टिपिडी तालिम वर्तमानयुग सापेक्ष, शिक्षककहरूको मागमा आधारित, व्यवहारिक र प्रयोगात्मक, सीप विकास र प्रवृत्तिमा सुधार गर्ने, आधुनिक नवितम विधि र प्रविधि केन्द्रित प्रौढवाद,निर्माणवाद तथा रचनावाद र व्यवहारवादी सिद्धान्तको मूल्य र मान्यताको जगमा आधारित भई प्रतिपादित भएको, वर्तमानको उत्तम र उपयोगी तालिमको रूपमा अवलम्वन गरिएको, जसले सामुदायिक विद्लयका आम शिक्षककहरूलाई उनिहरूको कार्य प्रति सक्षम र दक्ष बनाउने, कर्तव्यनिष्ठ र जिम्मेवार बनाउने, कियासिल र सामार्थ्यवान बनाउने, उनिहरूको मनोवृत्तिमा सकारात्मक सोच विकास गराई व्यवहारमा परिवर्तन गराउने, पेसागत सक्षमता र सीप विकास गराई कक्षा शिक्षणलाई प्रभावकारी बनाउने र सिकाइ स्तरमा उल्लेखनिय वृद्धि गरी अब्बल सफलता हाँसिल गर्न अभिमुखिकृत गर्ने परिष्कृत तालिमको रूपमा टिपिडी तालिम डिजायन गरी सिफारिस गरिएको सन्दर्भ यस अध्ययनको साहित्यमा उल्लेख गरिएको छ ।

देशभरिका सामुदायिक विद्यालयमा कार्यरत सबै शिक्षकहरूलाई २०६६/ ०६७ बाट शुरु गरिएको टिपिडी तालिम ०७१/०७२ सम्मको अवधिभित्र दिलाई सक्ने योजना रहेता पनि यस अध्ययनको लागि छनोट गरिएको क्षेत्र धनकुटा जिल्लाको चुलाचुलि श्रोतकेन्द्र अर्न्तगतका २३ वटा विद्यालयमा कार्यरत १६८ शिक्षककहरूमध्ये ४५.२% शिक्षककहरूले मात्र तालिमपूरा गर्नु, र अझै ५४.७% बाँकि नै रहनुले तालिमले सहजरूपमा निर्धारित समयमा लक्ष्यपूरा गर्न नसकेको र यो अवस्था देशैभरि नै कायम रहन सक्ने निचोड अध्ययनको रहेको छ ।

शिक्षकको शिक्षण कार्यशैली, प्रवृत्ति, सोच चिन्तनमा आमूल परिवर्तन र सुधार गरि प्रभावकारी शिक्षण मार्फत विद्यार्थी सिकाइ उपलब्धिलाई तार्किक निष्कर्षमा पुऱ्याउने र सक्षमता

अभिवृत्ति गर्न सहयोग गर्ने महान अभिष्टका साथ टिपिडी तालिम सिफारिस गरिएको भए पनिविद्लयको सिकाइ नतिजामा सन्ताषजनक सुधार नभएको देखिन्छ ।

हुन त टिपिडी तालिम शुरुवात हुन अघि नै नेपालका ९८.२% शिक्षकहरू तालिम प्राप्त र १.८% मात्र तालिम लिन बाँकी रहेको तथ्याङ्क पाईन्छ र यस टिपिडीले ती बाँकी र अन्य सबै शिक्षकहरूलाई अद्यवधिक र पूर्नताजगी गराउदै पेसागत रूपमा दक्ष र सवल बनाउने लक्ष्य लिएको पाइन्छ । तालिमको भावना र मूल्य मान्यता अनुरूप अब्बल सफलता र अभिष्ट पूरा गर्न सरोकारवाला सबैले अनवरत प्रयास र जिम्मेवारी वहन गरिएको  भनिए तापनि अपेक्षित उपलब्धि र सफलता हाँसिल नभएको ठहर अध्ययनको रहेको छ ।

विगतका तालिमहरू सञ्चालनमा राष्ट्रले ठूलो धनरासी,र समय खर्च गरिएको तर कक्षाकोठामा तालिमको प्रभाव ५०% भन्दा बढि नभित्रिएको विभिन्न अध्ययनको निचोड छ । यसका लागि शिक्षकहरूको भूमिका र तत्परता सन्तोषजनक नदेखिएको, असन्तुष्टिका आवाजहरू हामी सामु जगजाहेर हुदा हुदै पनि यो टिपिडी तालिम पनि यसबाट खासै पृथक रहन नसकेको तथापि यसबाट धेरै सकारात्मक उपलब्धिहरू प्राप्त भएको, यस अध्ययनको सैद्धान्तिक खाकामा उल्लेख भए अनुरूप  शिक्षकहरूलाई पेसाप्रति पुर्नवल थपेको, रचनात्मक र व्यवहारवादी प्रवृत्ति विकास गर्न प्रेरित गरेको यस अध्ययनको सिलसिलमा प्राप्त विद्यलयको अभिलेख,सरोकारवालाहरूको अनुभव, लेख, टिप्पणी रहेको अनुसन्धानको ठहर रहेको छ ।

यस अध्ययनको साहित्यको पुनरावलोकन खण्डमा उल्लेखित टिप्पणीमा टिपिडी तालिम सञ्चालनका अप्ठयाराहरू अपरिभाषित खालकै रहका, सहभागीहरूमा जोसजागरको सारै कमि रहेको, प्रशिक्षकले उत्प्रेरण नै जागृत गर्न  नसकेको, समस्याको पहिचन गर्ने क्षमतामा नै कमि रहेको, स्वाध्ययन र परामर्श कार्य सैद्धान्तिक र प्रक्रियापूरा गर्ने औपचारितामा  मात्र सिमित रहेको, मोड्यूल निर्माणमा पर्याप्त सन्दर्भ सामग्रीहरू जुटाउन कठिनाई रहेको, माथिल्लो निकायको कार्यशैली र अनुगमन कार्य फितलो रहेको तालिमको भावना र मर्म अनुसार तालिमको महत्व शिक्षकलाई नै बुझाउन नसकिएको, जसका कारण तालिम प्रति उनिहरूको सकारत्मक मनोवृत्ति नै विकास गर्न नसकिएको जसको असर शिक्षण क्षेत्रमा प्रत्यक्षरूपमा परेको अवस्था देखियो ।

यसको सम्पूर्ण दोष विद्यालय र विद्यलयका शिक्षकहरूलाई मात्र दिईने गरेको पाइए तापनि सो अवस्था नरहेको, टिपिडी तालिमलाई प्रभावकारी कार्यान्वयन गर्न शिक्षकहरूलागि परिरहेको अवस्था रहेको, विद्यालय सञ्चालनमा विभिन्न किसिमका विपद,राजनैतिक

बन्द,हडतालका कारण सहजरूपमा शिक्षण गर्ने वातावरण नमिलेको, विद्यार्थी नियमितता गर्न कठिन रहेको, शिक्षित वर्ग र शिक्षामा लगनि गर्न सक्ने शिक्षित र सचेत वर्गहरूको ठूलो हिस्सा निजिविद्यालय तर्फ आकर्षित भई उनिहरूको झुकाव र सहयोग सामुदायिक विद्याजयमा न्यून रहेको, शिक्षाका पहूच भन्दा बाहिरा रहेका, गरिव, निमुखा,पिछडावर्ग र कमजो आधार भएका जनताका छोराछोरीहरू मात्र सामुदायिक विद्यालयमा पढने भएकाले उनिहरूको पढाईप्रति चासो र उपस्थितिमा कमि रहने समस्या रहेको, तालिम प्रभावकारिताका लागि पनि अभिभावक,वि.व्य.स., प्र.अ., शिक्षकहरूबाट निरन्तर प्रयासहरू र रचनात्मक भूमिकाहरू निर्वाह भई रहेकौ भएता पनि सो अपुग भएका कारण टिपिडी तालिम पनि खासै प्रभावकारी हुन नसकेको अध्ययनको निष्कर्ष रहेको छ ।

यस अध्ययको क्रममा विद्यालयका अधिकांश शिक्षकहरूले आधारभूत शैक्षिक सामग्रीहरू, पाठ्यक्रम, शिक्षक निर्देशिका, दैनिक पाठनोट, नक्सा, ग्लोव, चित्र,पोष्टर,विद्यूतिय प्रविधिहरू, सन्दर्भसामग्रीहरूको तयारी, सङ्कलन, प्रयोग र व्यवस्थापनमा शिक्षक, प्र.अ., वि.व्य. स. सबैको खासै ध्यान नपुगेको, अवस्था देखियो ।

तथापि टिपिडी तालिमको उपलब्धि र प्रभावकारिता आलोचनात्मक र निरासाजनक मात्र नरहि यसले विद्लयको शैक्षिक गुणस्तर वृद्धि गर्न, शिक्षकको पेसागत क्षमता विकासमा महत्वपूर्ण सहयोग पुऱ्याएको,साथै दैनिक पाठनोट तयारी, शिक्षण सुधार योजना निमार्ण र प्रयोग, शिक्षण विधि र सामग्रीको उचित प्रयोग गरी शिक्षण गर्ने र छलफल र अन्तरक्रिया मार्फत समस्या र कठिनाहरूको निदान गर्ने नियमित मूल्याङ्कन र नतिजा विश्लेषण र सोबाट प्राप्त पृष्ठपोषण पछि शिक्षणमा सुधार गर्न जस्ता महत्वपूर्णसीप हाँसिल गर्ने अवसर सबै शिक्षक र विदयालय परिवारलाई टिपिडी तालिमले प्रदान गरेको यस अध्ययनको निष्कर्ष रहेको छ ।

## ५.३ सुझावहरू

यस अध्ययनको क्रममा प्राप्त विभिन्न सूचना तथा तथ्याङ्कहरूलाई व्याख्य विश्लेषण गरी अध्ययन गर्दा प्राप्त निष्कर्षको आधारमा विद्यालयमा सञ्चालित टिपिडी तालिमको प्रभावकारी कार्यान्वयनका लागि सुधारयोग्य पक्षहरूलाई सुझावका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.३.१ नीतिगत तह

जुनसुकै कार्यक्रमहरू निश्चित नीति र मापदण्ड अनुरूप निर्देशित भई निर्धारित समयावधिमा पूरा हुने गरी सञ्चालन हुनु पर्दछ र त्यस्ता नीति तथा कार्ययोजनाहरू स्पष्ट, दरिलो र वैद्यतापूर्ण हुनुका साथै आवश्यक पूर्वतयारिका साथ सञ्चालन गर्नुपर्ने तथ्य वा निचोड यस शोध अध्ययनको रहेको छ । नीति निर्माताहरूले कार्यक्रमको नीति निर्माण गर्दा कार्यक्रमको लक्ष्य उद्देश्य के हो ? कार्यान्वयन क्षेत्र कत्ति हो ? कुन कुन व्यक्ति र निकायको जिम्मेवारी कत्ति रहने ? कति समयावधिमा कार्य सम्पन्न गर्ने ? आवश्यक साधान श्रोतको व्यवस्था कसरी कत्ति गर्ने ? जस्ता कुराहरूको सन्दर्भमा वृहत छलफल गरी नीतिगत रूपमा नै स्पष्ट तोकिनु पर्ने देखिन्छ । त्यस्तै यो टिपिडी तालिम पनि सामुदायिक विद्यालयका शिक्षकहरूको वृहत पेसागत क्षमता विकास गर्ने नीतिका साथ SSRP (2009–2015) ले सिफारिस गरेको वर्तमानको नविनतम गुणात्मक शिक्षक तालिमको रूपमा अबलम्बन गरिएको कार्यक्रम भए तापनि यसका नीतिगत कुराहरू वर्तमान शिक्षा ऐनमा समेटिन ढिलाईका कारण वैद्यता शुनिश्चित गर्न अझै बाँकि रहेको साथै यस कार्यक्रमको नीतिगत अष्पष्टताका कारण निर्धारित लक्ष्य पूरागर्न अप्ठ्यारो परिरहेको र सो तर्फ सम्वन्धित सबैको ध्यान जान आवश्यक देखिन्छ । साथै यो टिपिडी तालिम सञ्चालन र कार्यान्वयनमा जिम्मेवार निकाय शिक्षा मन्त्रालय, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, क्षे.शि.नि., जि.शि.का., श्रोतकेन्द्र र विद्यालय साथै त्यसअन्तर्गतका तालिमको योजना वा तयारीकार्ता, तालिम सञ्चालकहरू र सहभागीहरू सबैको दायित्व, भूमिका र जिम्मेवारीहरू माथिल्लो निकाय देखि तल्लो तह सम्म स्पष्ट किटानि गरिनु पर्ने, सो कार्यनीति कार्यान्वयमा सबै पक्षको तदारुक्ता र तालमेल समेत मिल्नु पर्नेमा सो अवस्था नदेखिएकोले यस्ता प्राविधिक पक्षहरूलाई नीतिगत रूपमा नै स्पष्ट व्यवस्था गरी समेटिनु पर्ने आवश्यक देखिन्छ ।

यस टिपिडी तालिमको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट कार्ययोजनाका साथ समयमै आवश्यक वजेट तर्जुमा र विन्योजन गर्नुपर्ने, निर्धारित समयमा तालिमको व्यवस्था र सञ्चालन हुनु पर्ने, रोष्टर प्रशिक्षकहरूमा तालिम सम्बन्धि प्राविधिक ज्ञानको कमि भएकाले उनीहरूलाई तालिमको व्यवस्था र विषय विज्ञहरूद्वारा तालिम सञ्चालन गर्नु पर्ने, वर्षेनी तालिमका सहभागी हुने शिक्षकहरूको संख्या निर्धारण र तालिममा के कस्ता मुलभूत उपलब्धिहरू पूरागर्ने भन्ने जस्ता मापदण्डहरूको आधारभूत खाका नीतिगत रूपमै पूर्ण व्यवस्था गर्नुपर्ने खाँचो देखिन्छ । साथै तालिम कार्यक्रम प्रभावकारी रूपमा कार्यान्यिन भए नभएको नियमित विद्यालय अनुगमन र निरिक्षण गरी

हेर्ने, र तालिम कार्यान्वयनमा देखिएका समष्याहरू समाधानका लागि आवश्यक सल्लाह,सुझाव र सहयोग गर्ने व्यवस्था गर्न ध्यान जानु पर्ने आवश्यकता रहेको देखिन्छ ।

### ५.३.२ कार्यान्वयन तह

कार्यक्रमको नीति र लक्ष्य जतिसुकै राम्रो भएता पनि कार्यान्वयन पक्ष फितलो र कमजोर भएमा कार्य सफलता वा अपेक्षित लक्ष्य पूरा हुन सक्दैन । तसर्थ कार्यक्रमको पूर्ण सफलता र लक्ष्य पूरा गर्न हरेक कार्यक्रमको कार्यान्वयन व्यवस्थित र प्रभावकारी बनाईनु आवश्यक हुन्छ । यसै सन्दर्भमा टिपिडी तालिम कार्यक्रमले नेपालको सामुदायिक विद्यालयमा कार्यरत ९८.२% तालिम प्राप्त र बाँकी १.८% शिक्षकहरू सबैलाई (०६६/०६७ - ०७१/०७२ ) सम्ममा टिपिडी तालिमको पहूच सुनिश्चित गरि सक्ने नीतिगत लक्ष्य राखी सञ्चालन भइरहेको भए तापनि सो कार्यक्रम कार्यान्वयनमा फितलोपन र ढिलासुस्तिका कारण सो निर्धारित लक्ष्य पूरा गर्न नसकिरहेको अवस्था छ । यो तथ्य यस क्षेत्रको अध्ययनको क्रममा ४५.२% ले मात्र तालिम पूरा गरेका ५४.८.% शिक्षक अझै तालिम पूरागर्न  बाँकि रहेको तथ्याङ्कले समग्र नेपालको शिक्षकहरूको तालिमको अवस्था आकलन गर्न सकिन्छ । तालिम शुरु भएको ६/७ वर्ष वितिसक्दा पनि तालिमले निर्धारित लक्ष्य पूरागर्न नसक्नु, शिक्षकहरूको प्रवृत्ति र सिकाइ उपलब्धिमा स्तरमा खासै परिवर्तन र सुधार आउन नसक्नु, तालिम प्रभावकारी रूपमा कक्षाकोठामा प्रयोग हुन नसकेको, शिक्षकहरूमा तालिमप्रति सकारात्मक मनोवृत्ति विकास नभई अपनत्वको भावनाको अभाव देखिन गई औपचारिक्तामा मात्रै तालिम सीमित रहेको जस्त ज्वलन्त समस्या र कमजोरीहरू तालिम कार्यान्वयनमा देखिएको र यस तर्फ जिम्मेवार पक्षहरू, सरकार, शिक्षा मन्त्रलय, शै.ज.वि.के., तालिमकेन्द्रहरू,जि.शि.का. श्रोतकेन्द्रर विद्यालय स्तर सम्मका सबै निकाय र व्याक्तिहरू विशेष रूपमा तालिम प्रभावकारी कार्यान्वयनका लागि गम्भिर हुनु पर्ने र तालिम कार्यान्वयनको अवस्था समिक्षा गरी आवश्यक सुधार र व्यवस्था गर्ने कार्य तर्फ अबिलम्व लाग्नु पर्ने देखिन्छ।

साथै तालिमको आयोजना गर्दा पर्याप्त स्रोत साधानको व्यवस्था र पूर्व तयारीका साथ गर्नुपर्ने, रोष्टर प्रशिक्षकहरूमा तालिम सम्वन्धि प्राविधिक ज्ञानको कमी भई तालिम प्रभावकारी हुन नसकि रहेको स्थिति रहेकोले सो सम्बन्धि तालिम दिनु पर्ने, तालिम सञ्चालनको लागि विषय विज्ञहरूको व्यवस्था गर्नु पर्ने,   विद्यालय निरिक्षक र श्रोतव्यक्तिद्वारा विद्यालय निरिक्षणको स्थिति ज्यादै कम भएको पाइएकाले सो स्थितिमा सुधार गरि तालिमको मापदण्ड अनुरूप शिक्षकहरूले शिक्षण कार्य गरे नगरेको लगायत अन्य विद्यालयको गतिविधि नियमित अनुगमन तथा निरिक्षण

गरि प्राप्त पृष्ठपोषणका आधारमा आवश्यक सुधार र प्रभावकारी शिक्षणका लागि वैठक वा परामर्श कक्षाहरूमा छलफल अन्तरक्रिया गरि आवश्यक सल्लाह, सुझाव दिई सहयोग गर्नु पर्ने, शिक्षकहरू तालिमको प्रयोजनका लागि मात्र तालिम अवधिभर सक्रिय रहने र त्यसपछि पूरानै प्रवृत्ति वा शैलिमा प्रस्तुत हुने प्रवृत्ति पाइएकोले सो तर्फ उनीहरूलाई सजग गराई प्र.अ.हरूले पनि समयानुकुल अभिभावकहरूलाई विद्यालयमा उपस्थित गराई सामुहिक कक्षा अवलोकन गर्ने गराउन, विद्यालयको शैक्षिक, आर्थिक र भौतिक पक्षहरूमा सुधार गर्न र आवश्यक व्यवस्थापन गर्नका लागि व्यापक छलफल र सरसल्लाह गरि प्रभावकारी व्यवस्थापनका लागि सबैपक्षहरू सक्रिय रहनु पर्ने, र तालिम कार्यान्वयनका क्रममा देखिएका अप्ठ्यारा र समस्याहरू समाधान गर्न जिम्मेवार सबै निकाय र व्याक्तिहरू बीच सहयोग सहकार्य हुनु पर्ने साथै राम्रा काम गर्ने विद्यालय र शिक्षकहरूलाई प्रोत्साहित गरी हौसला वढाउन पुरस्कारको व्यवस्था गर्नुपर्ने जस्ता कार्यहरू गर्न जरुरी रहेको देखिन्छ । यस्तै विभिन्न स्वार्थ र शर्तमा गरिने वन्द, हडताल र विरोधका कारण विद्यालयको शैक्षिक वातावरणमा गम्भिर असर परिरहेकोले यसबाट विद्यालयलाई मुक्त गराई स्वच्छ शैक्षिक वातावरण स्थापित गर्ने कार्यतर्फ जिम्मेवार सबैपक्षहरू गम्भिरताका साथ लाग्नुपर्ने देखिन्छ ।

### ५.३.३ अनुसन्धान तह

यो शोध अध्ययन कार्यले नेपालको आम सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकहरूका लागि सञ्चालित टिपिडी तालिम कार्यान्वयनको अवस्था अध्ययन गर्न सकिने वृहत शीर्षक चयन गरिएको भएता पनि यसलाई विशिष्टिकृत गरि सानो र निश्चित क्षेत्रमा केन्द्रित भई सीमित साधान र सूचनाका आधारमा वृहत दृष्टिकोणबाट अध्ययन अनुसन्धान कार्य गर्ने प्रयास गरिएको छ । यस अध्ययनबाट टिपिडी तालिम कार्यान्वयनका सम्वन्धमा नीति योजना निर्माता तहदेखि कार्यक्रम कार्यान्वयन तहसम्म गरिनु पर्ने कार्यहरू, कार्ययोजना अनुरूप तालिम कार्यान्वयन र पहूच लक्षित क्षेत्र वा तहसम्म पुगे नपुगेको स्थिति राष्ट्रव्यापि रूपमा समीक्षा गरी सुधार गर्न गहन रूपमा अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

यस अनुसन्धानकार्यले समेटन नसकेका यस क्षेत्रका अन्य थप पक्षहरू, र तालिमले हाँसिल गरेका साथै गर्न बाँकि रहेका उपलब्धिहरूको सन्दर्भमा अध्ययन गर्न आवश्यक वा वान्छनिय शीर्षकहरू निम्न अनुसार औल्याइएको छ ।

(क) टिपिडी तालिम कार्यान्वयनको अवस्था, प्रक्रिया र विधिहरू ।

(ख), टिपिडी तालिम सञ्चालन र कार्यान्वयनको प्रभावकारिता र गुणस्तरीयता ।

(ग)  तालिमले सिकाइ उपलब्धिमा ल्याएको सुधार र प्रभावको अवस्था ।

(घ)  तालिम कार्यान्वयनका चुनौति र अप्ठ्याराहरू साथै समाधानका विधि र उपायहरू ।

(ङ) तालिम सञ्चालनका समष्या र त्यसले सिकाइमा पारेको असरहरू ।

(च टिपिडी तालिमप्रति सरोकारवालाहरूको चासो र दृष्टिकोण ।

(छ) तालिमको प्रभावकारि कार्यान्वयका लागि गर्नु पर्ने र गरिएका प्रयासहरू ।

माथि उल्लेखित टिपिडी तालिमसँग सम्वन्धित वृहत पक्ष वा शीर्षकहरूमा गहन अध्ययन गरी आवश्यक सुधारको लागि थप अनुसन्धान कार्य गर्नु पर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, बिष्णुप्रसाद (२०७०/०७१) *माध्यमिक शिक्षक बढुवा दिग्दर्शन,* आशिषबुक हाउस प्रा. लि., बागबजार, काठमाण्डौ ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौ : सनलाइट पब्लिकेशन ।

ढकाल,माधवप्रसाद र अन्य (२०६७), *शिक्षाका आधारहरू,*काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

रेग्मी,मुरारीप्रसाद र अन्य (२०६३), *कक्षाकोठामा मनोविज्ञान,* काठमाण्डौ : न्यू हिराबुक्स इन्टरप्राइजेज,

लामिछाने, बिण्णुराज (२०६८) *मोरङ्ग जिल्लाको दादरवैरिया श्रोतकेन्द्रका विद्‌यालयमा शिक्षकको पेसागत विकास तालिम कार्यक्रमको प्रभावकारीता,* एक अध्ययन, शोधपत्र त्रि.वि.वि.

शिक्षा मन्त्रालय (२०७०) *शिक्षकको पेशागत विकास (टिपिडी) कार्यक्रम प्रशिक्षक प्रशिक्षण निर्देशिका,* सानोठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

शिक्षा मन्त्रालय (२०६६), *शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका,* सानोठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

शिक्षा विभाग (२०७०) *शिक्षा पाठ्यपुस्तक कक्षा- १०,*पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

*शिक्षा ऐन २०२८ तथा शिक्षा नियमवली २०५९ (छैठौं संसोधन २०६९),* काठमाण्डौ : बौद्धिक दर्पण प्रकाशन ।

श्रेष्ठ, चन्द्रबहादुर र अन्य (२०६६), *शैक्षिक मनोविज्ञन,*काठमाण्डौ : भूँडीपूराण प्रकाशन, बागबजार ।

सुनुवार, योन्देन (२०७०), *टिपिडि तालिम अवसर र अप्ठ्यारा, शिक्षक मासिक : फागुन, वर्ष ६ पूर्णाङ्क ७१,* ज्ञानविज्ञन शैक्षिक सहकारी संस्था लिमिटेड, जवालाखेल ललितपुर ।

# शिक्षकको पेसागत विकास तालिम कार्यान्यनको अवस्था

अनुसूची -१ निरीक्षक/ स्रोतव्यक्तिका लागि प्रश्नावली

निरीक्षकको नाम ......................... अनुभव वर्ष.......

प्रश्न १विद्यालयमा सञ्चालन भईरहेको शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था कस्तो छ ?

उत्तर-...........................................................................................................

प्रश्न २ शिक्षकको पेसागत विकास तालिमले शिक्षकको कार्यदक्षता तथा क्षमता अभिवृत्तिमा कस्तो प्रभाव पारेको छ ?

उत्तर-........................................................................................................

प्रश्न ३ टिपिडी तालिमको प्रभावकारिता कस्तो रहेको छ ? र यसले शिक्षण सुधारमा कस्तो सहयोग गरेको पाउनु हुन्छ ?

उत्तर-......................................................................................................

प्रश्न ४ टिपिडी तालिम लागु भएपछि आफ्नो तोकिएको क्षेत्रमा कक्षाअवलोकन कसरी गर्दै आउनु भएको छ ?

उत्तर- .........................................................................................................

प्रश्न ५ टिपिडी तालिम सञ्चालन तथा कार्यान्वयन पछिका कक्षा अवलोकनबाट पहिलाको दाँजोमा टिपिडी लिएपछिको शिक्षणक्रियाकलापमा के कस्ता परिवर्तनहरू देख्नु भयो ?

उत्तर- .........................................................................................................

प्रश्न ६ टिपिडी तालिमले वास्तविक अर्थमा शिक्षकलाई के नयाँ कुराहरू सिकाए जस्तो लाग्छ ?

उत्तर- ....................................................................................................

प्रश्न ७ विद्यालयमा शिक्षकहरूले शिक्षण सुधार योजना TIP निर्माण र प्रयोगको अवस्था कस्तो पाउनु भएको छ ?

उत्तर- ........................................................................................................

प्रश्न ८ विद्यालयमा शिक्षकहरूले गर्नु पर्ने परियोजना कार्य अर्न्तगत के कस्ता कार्यहरू गरेका पाउनु भयो ?

उत्तर- ..........................................................................................................

प्रश्न ९ तपाई टिपिडी तालिमको  परामर्श खण्डमा संम्लग्न रहनु हुदा परामर्शकार्यमा क-कसलाई सहभागिता गराउनु भएको छ ?

उत्तर- ..............................................................................................................

प्रश्न १०तपाईले टिपिडी तालिमको परामर्शकार्य गर्नुहुदा कस्ता कुराहरू राख्नु भएको छ ?

उत्तर-...............................................................................................................

प्रश्न ११शिक्षकको कक्षा अवलोकन गर्नुहुदा टिपिडी तालिम सञ्चालन तथा कार्यान्वयनमा के कस्ता समस्याहरू पाउनु भयो ?

उत्तर- ............................................................................................................

प्रश्न १२ तपाईको अवलोनबाट शिक्षणसिकाईमा सुधार तथा सिकाई स्तरवृद्धिका लागि कुन कुन निकाय र व्यक्तिलाई के सुझव तथा अनुरोध गर्नु हुन्छ ?

उत्तर-.............................................................................................................

प्रश्न १३   टिपिडी तालिम कार्यक्रमलाई अझै प्रभावकारी बनाउन र तालिम कार्यान्वयनमा देखापरेका समस्याहरूलाई समाधान गर्न नीतिगत तथा व्यवहारिक क्षेत्रमा के कस्ता सुधारका उपायहरू गर्नुपर्ला ?

उत्तर- ............................................................................................................

प्रश्न १४ तपाईको क्षेत्रमा टिपिडी तालिमको प्रमाणीकरण अर्थात प्रमाणपत्र वितरणको अवस्था कस्तो रहेको छ ?

उत्तर- ..........................................................................................................

प्रश्न १५ टिपिडी तालिमको उपलब्धि र औचित्यका सन्दर्भमा तपाईको धारणा कस्तो रहेको छ ?

उत्तर- ............................................................................................................

धन्यवाद ।

अनुसूची- २

प्रधानाध्यापकका लागि प्रश्नावली

प्रधानाध्यापकको नाम -..............................अनुभव वर्ष -.........

विद्यालय -..................................................शैक्षिक योग्यता -..........

प्रश्न-१ तपाईको विद्यालयमा टिपिडी तालिम कार्यान्वयनको अवस्था कस्तो रहेको छ ?

उत्तर ...........................................................................................................

प्रश्न-२ टिपिडी तालिम कार्यक्रमको सम्वन्धमा शिक्षकबाट के कस्ता प्रतिक्रिया पाउनु भएको छ?

उत्तर ...........................................................................................................

प्रश्न-३ टिपिडी तालिम प्राप्त शिक्षकहरूको शिक्षण सिकाई प्रवृत्तिमा केहि नयाँ सुधार भएको पाउनु हुन्छ ? पाउनु भएको भए के कस्ता नयाँ कुराहरू पाउनु भयो ?

उत्तर ...........................................................................................................

प्रश्न-४ तपाईको विद्यालयमा शिक्षण सुधार योजना TIP निर्माण र प्रयोगको अवस्था कस्तो रहेको छ ?

उत्तर ...........................................................................................................

प्रश्न-५ तपाईको विद्यालयमा शिक्षण सुधार योजना प्रयोगको प्रभावकारिता कस्तो पाउनु भएको छ ?

उत्तर ...........................................................................................................

प्रश्न-६ टिपिडीमा सहभागि शिक्षकहरूले परियोजना कार्य अन्तर्गत के कस्ता कार्यहरू गर्दै आएका छन् ?

उत्तर ...........................................................................................................

प्रश्न-७ शिक्षकहरूको परियोजना कार्यको अवलोकन पछि के कस्ता सुझाव तथा पृष्ठपोषण दिने गर्नु भएको छ ? परियोना कार्य नगर्ने शिक्षकहरूलाई के भन्ने गर्नुहुन्छ ?

उत्तर ...........................................................................................................

प्रश्न-८ शिक्षकहरूको कक्षा अवलोकन गर्दा टिपिडी तालिम लिएका र तालिम नलिएका शिक्षकका बीच के भिन्नता अनुभव गर्नु भयो ?

उत्तर .............................................................................................................

प्रश्न-९ टिपिडी तालिमको परमर्श कार्यमा तपाईलाई राम्रा लागेका र सुधारयोग्य पक्षहरू के के पाउनु हुन्छ ?

उत्तर .............................................................................................................

प्रश्न-१० टिपिडी कार्याक्रमले विद्यालयको के कस्ता पक्षमा सुधार गर्न सहयोग गरेको पाउनु भयो ?

उत्तर .............................................................................................................

प्रश्न-११ शिक्षकको पेसागत क्षमता विकास र शिक्षण सुधार कार्यमा टिपिडी तालिमको उपयोगिता तथा औचित्य कस्तो रहेको पाउनु हुन्छ ?

उत्तर .............................................................................................................

प्रश्न-१२ तपाईको अनुभवमा टिपिडी तालिमले शिक्षकहरूलाई के नयाँ कुराहरू सिकाएको जस्तो लाग्छ ?

उत्तर ...........................................................................................................

प्रश्न-१३ टिपिडी तालिमले कक्षाशिक्षणकमा के कस्तो प्रभाव पारेको पाउनु हुन्छ ?

उत्तर ...........................................................................................................

प्रश्न-१४ टिपिडी तालिमको परामर्श कार्यमा सहभागिबीच के कस्ता विषयहरूमा छलफल गर्ने गर्नु भएको छ ?

उत्तर ...........................................................................................................

प्रश्न-१५ टिपिडी तालिम कार्यान्वयनमा के कस्ता समस्याहरू रहेको अनुभूति गर्नु हुन्छ ?

उत्तर ...........................................................................................................

प्रश्न-१६ टिपिडी तालिम कार्यान्वयनमा कठिनाई तथा समस्याहरू देख्नुभएको भए तिनको उपयुक्त समाधानका उपायहरू के हुन सक्लान ?

उत्तर ..................................................................................................

धन्यवाद ।

# शिक्षकको पेसागत विकास तालिम कार्यान्यनको अवस्था

अनुसूची- ३

शिक्षकका लागि प्रश्नावली

शिक्षकको नाम -.................................. शैक्षिक योग्यता -............

विद्यालय- ......................................... अनुभव -.................

अध्यपन गर्ने मुख्य बिषयहरू -.....................................................

प्रश्न- १तपाईलाई शिक्षकको पेसागत विकास तालिम कस्तो लागि रहेको छ ?

उत्तर -......................................................................................... .

प्रश्न- २ तपाईले टिपिडी तालिमबाट के कस्ता पेसागत ज्ञान,सीप सिक्नु भयो ?

उत्तर -.........................................................................................

प्रश्न- ३ तालिमबाट सिकेका ज्ञान, सीपलाई के कति कक्षाशिक्षणमा प्रयोग गर्न सक्नु भएको छ?

उत्तर -.........................................................................................

प्रश्न- ४ टिपिडी तालिम लिनु अघि र लिई सकेपछि के भिन्नता महसुस गर्नु भयो ?

उत्तर -.........................................................................................

प्रश्न- ५ शिक्षण सुधार योजना TIP निर्माण र प्रयोग गर्ने गर्नु भएको छ ? प्रयोग गर्नु भएको भए कसरी गर्नु भएको छ ?

उत्तर -.........................................................................................

प्रश्न- ६ शिक्षण सुधार योजना अनुरूप क्रियाकलाप सञ्चालनमा के कस्ता समस्याहरू वा कठिनाईहरू महसुस गर्नु भएको छ ?

उत्तर -.........................................................................................

प्रश्न- ७ तपाईले शिक्षण गर्दा परियोजना कार्यलाई कत्तिको प्राथमिकताका साथ प्रयोग गर्नु भएको छ ?

उत्तर -.........................................................................................

प्रश्न- ८ हाल सम्म कुन कुन शीर्षकमा कतिवटा परियोजना कार्य गर्नु भयो ?

उत्तर -......................................................................................

प्रश्न- ९ टिपिडी तालिम कार्यान्वयनमा के कस्ता समस्याहरू अनुभव गर्नु भएको छ ?

उत्तर -................................................................................................

प्रश्न- १० तपाइले टिपिडी तालिमबाट के कस्ता नयाँ कुराहरू सिक्नु भयो ?

उत्तर -................................................................................................

प्रश्न- ११ तपाइले टिपिडीलाई थप प्रभावकारी र उपयोगि बनाउन भावि दिनमा के कस्ता कार्यहरू अबलम्वन  गर्नु पर्छ ?

उत्तर -................................................................................................

प्रश्न- १२ टिपिडी तालिम कार्यान्वयनमा देखिएका समस्याहरू समाधान गर्न कस्ता उपायहरू अपनाउन सकिन्छ ?

उत्तर -................................................................................................

प्रश्न- १३ तपाईले टिपिडीको परामर्श कार्यमा कुन कुन कुराहरू छलफलमाउठाउनु भयो ?

उत्तर -................................................................................................

प्रश्न- १४ तपाईले टिपिडीको परामर्श कार्यमा उठाईएका राम्रा कुराहरू के के पाउनु भयो ?

उत्तर -................................................................................................

प्रश्न- १५ तपाईलाई शिक्षणमा अपेक्षाकृत सफलता हाँसिल गर्न टिपिडी तालिम कत्तिको उपयोगि साबित भएको छ ?

उत्तर -................................................................................................

प्रश्न- १६ टिपिडी तालिमलाई थप प्रभावकारी र व्यवहारिक बनाउन के कस्ता उपायहरू अबलम्वन गर्न सकिन्छ ?

उत्तर -................................................................................................

धन्यवाद ।

# शिक्षकको पेसागत विकास तालिम कार्यान्यनको अवस्था

## अनुसूची- ४

### वि.व्य.स.अध्यक्षका / अभिभावक लागि अन्तर्वात प्रश्नावली

विद्यालयको नाम - ....................................................................

प्रश्न- १तपाईको विद्यालय अनुगमन र पठनपाठन अवलोकनको स्थिति कस्तो रहेको छ ?

उत्तर..........................................................................................................

प्रश्न- २ विद्यालयमा सञ्चालन भईरहेको शिक्षकको पेसागत विकास तालिम कार्यान्वयन र प्रयागको अवस्था कस्तो छ ?

उत्तर..........................................................................................................

.प्रश्न- ३ शिक्षकको पेसागत विकास तालिमले शिक्षकको कार्यदक्षता तथा क्षमता अभिवृत्तिमा कस्तो प्रभाव पारेको छ ?

उत्तर..........................................................................................................

प्रश्न- ४ टिपिडी तालिमको प्रभावकारिता कस्तो रहेको छ ? र यसले शिक्षण सुधारमा कस्तो सहयोग गरेको पाउनु हुन्छ ?

उत्तर..........................................................................................................

प्रश्न- ५ टिपिडी तालिम लागु भएपछि आफ्नो विद्यालयमा कक्षाअवलोकन कसरी गर्दै आउनु भएको छ ?

उत्तर..........................................................................................................

प्रश्न- ६ टिपिडी तालिम सञ्चालन तथा कार्यान्वयन पछिका कक्षा अवलोकनबाट पहिलाको दाँजोमा टिपिडी लिएपछिको शिक्षणक्रियाकलापमा के कस्ता परिवर्तनहरू देख्नु भयो ?

उत्तर..........................................................................................................

प्रश्न-७ विद्यालयमा शिक्षकहरूले शिक्षण सुधार योजना TIP निर्माण र प्रयोगको अवस्था कस्तो पाउनु भएको छ ?

उत्तर- .......................................................................................................

प्रश्न- ८ विद्यालयमा शिक्षकहरूले गर्नु पर्ने परियोजना कार्य अर्न्तगत के कस्ता कार्यहरू गरेका पाउनु भयो ?

उत्तर- ........................................................................................................

प्रश्न- ९ तपाई टिपिडी तालिमको  परामर्श खण्डमा संम्लग्न रहनु हुदा परामर्शकार्यमा के-कस्ता विषयमा छलफल र निर्णयहरू गर्नु भयो ?

उत्तर- ............................................................................................................

प्रश्न १०शिक्षकको कक्षा अवलोकन गर्नुहुदा टिपिडी तालिम सञ्चालन तथा कार्यान्वयनमा के कस्ता समस्याहरू पाउनु भयो ?

उत्तर- ..........................................................................................................

प्रश्न ११ तपाईको अवलोनबाट शिक्षणसिकाईमा सुधार तथा सिकाई स्तरवृद्धिका लागि कुन कुन निकाय र व्यक्तिलाई के सुझव तथा अनुरोध गर्नु हुन्छ ?

उत्तर-..........................................................................................................

प्रश्न १२ तपाईको अवलोनबाट तालिम प्राप्त र अप्राप्त शिक्षकहरू बीच शिक्षण सिकाईमा के फरक पाउनु भयो ?

उत्तर- ............................................................................................................

प्रश्न १३   टिपिडी तालिम कार्यकमलाई अझै प्रभावकारी बनाउन र तालिम कार्यान्वयनमा देखापरेका समस्याहरूलाई समाधान गर्न नीतिगत तथा व्यवहारिक क्षेत्रमा के कस्ता सुधारका उपायहरू गर्नुपर्ला ?

उत्तर- .........................................................................................................

प्रश्न १४ तपाईको विद्यालयमा विद्यार्थीहरूलाई नियमित गराउने साथै अभिभावकहरूको झुकाव र सहभागिता विद्यालयमा बढाउने कार्य कस्तो रहेको छ ?

उत्तर- ........................................................................................................

प्रश्न १५ टिपिडी तालिमको उपलब्धि र औचित्यका सन्दर्भमा तपाईको धारणा कस्तो रहेको छ ?

उत्तर- ....................................................................................................

धन्यवाद ।

अनुसूची- ५

विद्यार्थीका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यार्थीको नाम - ............................कक्षा -..................रोल नं. ......

विद्यालयको नाम - ...........................................................................

प्रश्न- १ तिम्रो स्कुलमा जम्मा कति जना शिक्षकहरू हुनुहुन्छ ?

उत्तर...........................................................................................................

.प्रश्न- २ तिमी स्कुल सधै आउछौ कि कहिले काँही मात्रा ?

उत्तर...........................................................................................................

.प्रश्न- ३ तिमी कुन सर वा मिसले पढाउनु भएको राम्ररी बुझ्छौ ?

उत्तर...........................................................................................................

.प्रश्न- ४ कक्षामा शिक्षकले पढाउन आउनु हुदा के कस्ता सामग्रीहर ल्याई प्रयोग गर्नु हुन्छ, कि नल्याई आउनु हुन्छ ?

उत्तर...........................................................................................................

.प्रश्न- ५ कक्षामा शिक्षकले पढाउनु हुदा के कस्ता क्रियाकलापहरू गराउनु हुन्छ ?

उत्तर...........................................................................................................

.प्रश्न- ६ कक्षामा शिक्षकले पढाउनु हुदा खेलकुद खेलाउने, कथा-कविता, नाँचगान,नाटक,अभिनय जस्ता क्रियाकलापहरू पनि गराउनु हुन्छ ?

उत्तर...........................................................................................................

.प्रश्न- ७ सर-मिसले पाठहरू पढाउनु हुदा घोकाएर, कण्ठगर्न लगाउनु हुन्छ ? कि अभिनय गराएर, नचाएर,गितगाउन लगाएर,खेलाएर, कथा कविता भनेर पढाउनु हुन्छ ?

उत्तर...........................................................................................................

प्रश्न-८ सर-मिसले पढाउनु हुदा माँया गरेर पढाउनु हुन्छ कि गालि गर्ने, कुटपिट गर्ने पनि गर्नु हुन्छ ?

उत्तर.................................................................................................................

.प्रश्न- ९ तिमीलाई शिक्षकले पढाउनु हुदा कसरी पढईदिनु भए राम्ररी बुझिने थियौ जस्तो लाग्छ ?

उत्तर.................................................................................................................

.प्रश्न- १० तिम्रो बुबा-आमासंग सर- मिसले बेलाबेलामा भेट्ने, तिम्रो पढाईको बारेमा कुराकानी गर्ने पनि गर्नु हुन्छ ?

उत्तर.................................................................................................................

.प्रश्न- ११ तिम्रो बुबा-आमालाई सर- मिसले बेलाबेलामा विद्यालयमा बोलाउने, कक्षा अवलोकन गराउने, सल्लाह सुझावहरू माग्ने जस्ता कार्य पनि गर्नु हुन्छ ?

उत्तर.................................................................................................................

.प्रश्न- १२ विद्यालयमा बुबा आमासंगको भेटमा सर मिसहरूले के कस्ता विषयमा छलफल गर्ने गर्दछन् ? के त्यस्ता छलफलमा तिमीलाई पनि सहभागी गराउने गरेका छन् ?

उत्तर.................................................................................................................

.प्रश्न- १३ तिम्रो सर मिसहरूको पढाईमा तालिममा जानु अघि र तालिम लिई आई सके पछिको पढाईमा के फरक पायौ ?

उत्तर.................................................................................................................

.प्रश्न- १४ तिम्रो शिक्षकले कक्षामा पाठको बारेमा छलफल गराउने, अभ्यास गराउने, आफै कार्य गरेर सिक्ने अवसरहरू पनि दिनुहुन्छ ?

उत्तर.................................................................................................................

प्रश्न- १५ तिमीलाई सर मिस र बुबा आमाले के गरिदिनु भए अझ राम्ररी पढने थियौ ?

उत्तर............................................................................................................

धन्यवाद

# शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था

अनुसूची-६ शिक्षकको पेसागत विकास तालिम सम्वन्धि विवरण फारम

| क.सं. | विद्यालयको नाम | जम्मा शिक्षक संख्या | पहिलो चरणको तालिम लिनेको संख्या | दोस्रो चरणको तालिम लिनेको संख्या | तेस्रो चरणको तालिम लिनेको संख्या | तालिम लिदै नलिएकाको संख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था

### अनुसूची-७

### शिक्षक/ विद्यार्थी विवरण फारम

| क.सं. | विद्यालय | विद्यार्थी संख्या | | शिक्षक संख्या | शैक्षिक योग्यता | टिपिडी तालिमको स्थीति | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | | | प्राप्त | अप्राप्त |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था

## अनुसूची-८

### विद्यालयगत सिकाइ उपलब्धि विवरण फारम

विद्यालयको नाम : ....................................................................

| कक्षा | शै.स.- २०६९ | | | | | शै.स.- २०७० | | | | | शै.स.- २०७१ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | | विद्यार्थी संख्या | | औसत सिकाइ उपलब्धि | | |
| | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा |
| कक्षा-१ | | | | | | | | | | | | | | | |
| कक्षा-२ | | | | | | | | | | | | | | | |
| कक्षा-३ | | | | | | | | | | | | | | | |
| कक्षा-४ | | | | | | | | | | | | | | | |
| कक्षा-५ | | | | | | | | | | | | | | | |
| कक्षा-६ | | | | | | | | | | | | | | | |
| कक्षा-७ | | | | | | | | | | | | | | | |
| कक्षा-८ | | | | | | | | | | | | | | | |
| कक्षा-९ | | | | | | | | | | | | | | | |
| कक्षा-१० | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | |

# शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था

## अनुसूची-९

## शिक्षण सुधार योजना(TIP)

शिक्षकको नाम ………………………योजना अवधि………………………

विद्यालयको नाम…………………………………………………………

| क.स. | सूचक | मौजुदा स्थिति | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गरिने मुख्य कार्यहरू | प्रगति | |
|---|---|---|---|---|---|---|
| | | | | | उपलब्धि | कार्यसम्पादन अनभव |
| १ | विद्यार्थीहरूकाऔसतउपलब्धि/प्राप्ताङ्क(अध्यापन गर्ने मुख्य तीन विषयहरू) | | | | | |
| क | कक्षा……/ विषय……… | | | | | |
| ख | कक्षा……/ विषय……… | | | | | |
| ग | कक्षा……/ विषय………. | | | | | |
| २ | स्वमूल्याङ्कका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगको स्थिति (न्यूनबाट उच्च तहको दरमा १,२,३,४ मा मापन गर्ने ) | | | | | |
| ३ | प्रतिदिन क्रियाकलप विवरण तयारी सहितको शिक्षण गरेको पाठ संख्या | | | | | |
| ४ | स्वमूल्याङ्कका आधारमा प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्र.अ. बाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्च तहको दरमा १,२,३,४ मा मापन गर्ने ) | | | | | |
| ५ | श्रोतव्यक्ति प्रशिक्षकबाट शिक्षक/ विद्यालयलाई अनुगमन सहायता एवं शैक्षणिक परामर्श सम्पन्न हुने पटक (अर्धवार्षिक रूपमा ) | | | | | |

मिति शिक्षकको दस्तखत विद्यालयको छाप प्र.अ.को दस्तखत

# शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था

## अनुसूची -१०

### नमूना जनसङ्ख्याको रूपमा रहेका श्रोतव्यक्ति, प्र.अ.को नामावली

| क.सं. | नामावली | कार्यालय | पद |
|---|---|---|---|
| १ | श्री उजुरसिं लिम्बू | श्री चुलाचुली स्रोतकुन्द्र,ताँखुवा-८, धनकुटा । | स्रोतव्यक्ति |
| २ | श्री कुलबहादुर अधिकारी | श्री तिलेश्वर मा.वि., तेलिया-२, धनकुटा । | प्रधानाध्यपक |
| ३ | श्री तीर्थप्रसाद मिश्र | श्री दामोदर मा.वि., ताँखुवा-२, धनकुटा । | प्रधानाध्यपक |
| ४ | श्री ज्ञानबहादुर लिम्बू | श्री शारदा नि.मा.वि.तलिया-८, धनकुटा । | प्रधानाध्यपक |
| ५ | श्री कालिदास अधिकारी | श्री मार्गेश्वरी प्रा.वि. तलिया-३, धनकुटा । | प्रधानाध्यपक |

# शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था

अनुसूची -११

नमूना जनसङ्ख्याको रूपमा छनोट गरिएका शिक्षकहरूको नामावली

| क.सं. | शिक्षकको नामावली | विद्यालय | पद |
|---|---|---|---|
| १ | श्री धर्मध्वज लिम्बू | श्री तिलेश्वर मा. वि.,तेलिया-२, धनकुटा । | शिक्षक |
| २ | श्री गोपालप्रसाद अधिकारी | श्री तिलेश्वर मा. वि.,तेलिया-२, धनकुटा । | शिक्षक |
| ३ | श्री घनेन्द्रकुमार लिम्बू | श्री दामोदर मा.वि. ताँखुवा-२, धनकुटा । | शिक्षक |
| ४ | श्री रामकुमारी देवान | श्री दामोदर मा.वि. ताँखुवा-२, धनकुटा । | शिक्षक |
| ६ | श्री तुलसा अधिकारी | श्री शारदा नि.मा.वि. तेलिया -८, धनकुटा । | शिक्षक |
| ७ | श्री मोहनकर्ण लिम्बू | श्री शारदा नि.मा.वि. तेलिया -८, धनकुटा । | शिक्षक |
| ८ | श्री गणेशकुमार तामाङ्ग | श्री मार्गेश्वरी प्रा.वि. तेलिया -३, धनकुटा | शिक्षक |
| ९ | श्री यज्ञप्रसाद पोखेल | श्री मार्गेश्वरी प्रा.वि. तेलिया -३, धनकुटा | शिक्षक |

# शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था

## अनुसूची -१२

### नमूना जनसङ्ख्याको रूपमा छनोट वि.व्य.स.अध्यक्ष/अभिभावक नामावली

| क.सं. | वि.व्य.स.अध्यक्ष/ अभिभावकको नामावली | विद्यालय | पद |
|---|---|---|---|
| १ | श्री पहलमान शिवभक्ति | श्री तिलेश्वर मा. वि.,तेलिया-२, धनकुटा । | वि.व्य.स. अध्यक्ष |
| २ | श्री चित्रादेवी थापा | श्री तिलेश्वर मा. वि.,तेलिया-२, धनकुटा । | अभिभावक |
| ३ | श्री गोमा भण्डारी | श्री दामोदर मा. वि. ताँखुवा-२, धनकुटा । | वि.व्य.स. अध्यक्ष |
| ४ | श्री तेजकुमाार लिम्बू | श्री दामोदर मा. वि. ताँखुवा-२, धनकुटा । | अभिभावक |
| ६ | श्री बेलबहादुर अधिकारी | श्री शारदा नि.मा.वि. तेलिया -८, धनकुटा । | वि.व्य.स. अध्यक्ष |
| ७ | श्री दिलबहादुर थापा | श्री शारदा नि.मा.वि. तेलिया -८, धनकुटा । | अभिभावक |
| ८ | श्री टेकबहादुर तामाङ्ग | श्री मार्गेश्वरी प्रा.वि. तेलिया -३, धनकुटा | वि.व्य.स. अध्यक्ष |
| ९ | श्री विरबहादुर तामाङ्ग | श्री मार्गेश्वरी प्रा.वि. तेलिया -३, धनकुटा | अभिभावक |

# शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था

## अनुसूची -१३

### नमूना जनसङ्ख्याको रूपमा छनोट गरिएका विद्यार्थीका नामावली

| क.सं. | विद्यार्थीको नामावली | विद्यालय | कक्षा |
|---|---|---|---|
| १ | नोभा भुजेल | श्री तिलेश्वर मा. वि.,तेलिया-२, धनकुटा । | कक्षा-१० |
| २ | आशिष लिम्बू | श्री तिलेश्वर मा. वि.,तेलिया-२, धनकुटा । | कक्षा-९ |
| ३ | संजय भुजेल | श्री दामोदर मा. वि. ताँखुवा-२, धनकुटा । | कक्षा-१० |
| ४ | कोपिला श्रेष्ठ | श्री दामोदर मा. वि. ताँखुवा-२, धनकुटा । | कक्षा-९ |
| ६ | गिता अधिकारी | श्री शारदा नि.मा.वि. तेलिया -८, धनकुटा । | कक्षा -६ |
| ७ | सुनिता तामाङ्ग | श्री शारदा नि.मा.वि. तेलिया -८, धनकुटा । | कक्षा-८ |
| ८ | चन्द्रकुमारी राई | श्री मार्गेश्वरी प्रा.वि. तेलिया -३, धनकुटा | कक्षा-५ |
| ९ | अमरबहादुर तामाङ्ग | श्री मार्गेश्वरी प्रा.वि. तेलिया -३, धनकुटा | कक्षा-४ |